
# गाउँ शिक्षा योजना २०८२-२०९२

# LOCAL EDUCATION PLAN

# 2026-2036




**आठराई गाउँपालिका, तेह्रथुम**

**कोशी प्रदेश, नेपाल**

**२०८२**

**संरक्षक**

| | |
|---|---|
| श्री दिलकुमार पाहिम | गाउँपालिका अध्यक्ष |
| श्री बलिराज ईङनाम | गाउँपालिका उपाध्यक्ष |
| श्री नारायण भण्डारी | प्रमुख प्रशासकीय अधिकृत |
| श्री सुजन थापा | लेखा अधिकृत |

**योजना लेखन सदस्यहरू**

| | |
|---|---|
| श्री अकलबहादुर इङ्नाम | संयोजक |
| श्री राजन तिम्सिना | सदस्य |
| श्री बीरेन्द्रबहादुर कन्दङ्वा | सदस्य |
| श्री धनकेशर मगर | सदस्य |
| श्री लक्षिमा लामा (शाखा प्रमुख) | सदस्य सचिव |

**सम्पादक मण्डल**

राजन तिम्सिना

बीरेन्द्रबहादुर कन्दङ्वा

धनकेशर मगर

भुवन ढकाल

**प्रकाशक**

आठराई गाउँपालिका

**प्रमाणित मिति**

२०८३/०२/०९

**प्रकाशन मिति**

२०८३/०२/१३

## मन्तव्य

नेपालको कोशी प्रदेश, तेह्रथुम जिल्लामा पर्ने एक महत्वपूर्ण क्षेत्रको रूपमा आठराई गाउँपालिका रहेको छ । कुल १६७.०७ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यो गाउँपालिकामा सक्रान्तिबजार, खाम्लालुङ, ह्वाकू, इवा, छातेढुङ्गा, चुहानडाँडा र थोक्लुङ गाउँ विकास समितिहरूलाई मिलाएर विसं २०७३ सालमा पुनसंरचना गरिएको र त्यसको केन्द्र संक्रान्तिबजार निर्धारण गरिएको छ । मध्य पहाडी लोकमार्गको पाँचथर, तेह्रथुम र धनकुटा जिल्लालाई जोड्ने मुख्य राजमार्गसमेत यसै पालिका भएर गएको छ । यय पालिकामा झाँक्रीगुफा, छातेढुङ्गा जस्ता पर्यटकीय क्षेत्र पनि रहेका छन् । पूर्व कै पुरानो क्याम्पस तेह्रथुम बहुमुखी क्याम्पस तथा सामुदायिक विद्यालयहरू ५९ र संस्थागत ३ गरी जम्मा ६२ वटा विद्यालय रहेका छन् । कुल ७ वटा वडामा विभाजन गरिएको यस गाउँपालिकामा मुख्य गरी संक्रान्तिबजार, चुहानडाँडा जस्ता मुख्य बजार क्षेत्रहरू रहेका छन् । यो गाउँपालिका बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र विविधतायुक्त गाउँपालिका हो ।

हालको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका आफ्नो अधिकार र कार्यक्षेत्रहरू तोकेको छ । यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ कार्यान्वयनमा छ । जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरू सम्पादन गर्न पाइने प्रावधान रहेको छ । त्यसैले स्थानीय तहमा सञ्चालित विद्यालयहरूको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामुलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चिताको लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा योजना (२०८२/९२) निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । कुनै पनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो । यस महत्वपूर्ण विषयबस्तुलाई आत्मसात गरी उपलब्ध ऐन, कानुन, नीति, नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरू, विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसंग चरणवद्ध रूपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

यस गाउँपालिकाको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक पहिचानलाई मनन गर्दै शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा संयोजन गर्नुहुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पुर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली, प्रअ, शिक्षक लगायत यस योजनालाई मूर्त रूप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरूको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरूको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको पूर्ण सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

दिलकुमार पाहिम
अध्यक्ष
आठराई गाउँपालिका, तेह्रथुम

# मेरो भनाई

आठराई गाउँपालिकाको समग्र विकासको आधारस्तम्भका रूपमा रहेको शिक्षा क्षेत्रको दीर्घकालीन मार्गनिर्देशन गर्ने उद्देश्यले तयार गरिएको "गाउँ शिक्षा योजना" सार्वजनिक गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क बनाउने व्यवस्था गरेको सन्दर्भमा स्थानीय तहले शिक्षा क्षेत्रको योजना, व्यवस्थापन, कार्यान्वयन तथा अनुगमनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने जिम्मेवारी प्राप्त गरेको छ । यसै दायित्वलाई आत्मसात गर्दै गाउँपालिकाको स्थानीय आवश्यकता, सम्भावना, चुनौती तथा राष्ट्रिय शैक्षिक लक्ष्यहरूसँग सामञ्जस्य कायम गरी यो योजना तयार गरिएको हो ।

यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षक व्यवस्थापन, शैक्षिक समता, विद्यालय पूर्वाधार, सूचना प्रविधि, सुशासन तथा व्यवस्थापन लगायतका विषयलाई समेट्दै आगामी वर्षहरूका लागि स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ । गुणस्तरीय, समावेशी, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षाको माध्यमबाट सक्षम, सिर्जनशील, नैतिक तथा प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने हाम्रो साझा लक्ष्य प्राप्तिमा यस योजनाले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिएको छु ।

यस योजना निर्माणका क्रममा गाउँपालिकाका जनप्रतिनिधि, शिक्षा क्षेत्रका विज्ञ, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, कर्मचारी, सरोकारवाला निकाय तथा समुदायबाट प्राप्त सुझाव, सल्लाह र सहयोग अमूल्य रहेका छन् । उहाँहरू सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अब यस योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमार्फत गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार तथा सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं । यस कार्यमा सम्पूर्ण सरोकारवालाको सक्रिय सहयोग, समन्वय र साझेदारीको अपेक्षा गर्दछु ।

अन्त्यमा, शिक्षा क्षेत्रको समुन्नत विकासमार्फत समृद्ध, सक्षम र ज्ञानमा आधारित समाज निर्माण गर्ने हाम्रो अभियानमा यो योजना प्रभावकारी मार्गदर्शक दस्तावेजका रूपमा स्थापित हुने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद ।**

**नारायण भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत
आठराई गाउँपालिका
तेह्रथुम, कोशी प्रदेश

## योजनाको सारांश

गाउँ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ । योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन् ।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो । योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सिप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### क) विषय प्रवेश

संविधानतः सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ । यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्त्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो।यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले सङ्घीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP)

तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ। यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सबाल, अपाङ्गतामैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

### ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्त्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग गर्नु हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिका पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुर्‍याउँछ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेसागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षणसिकाइ प्रक्रिया-, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो।

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
छ) विद्यालय शिक्षा क्षेत्र योजना
ज) राष्ट्रिय शिक्षा नीति २०७६,
झ) दिगो विकास लक्ष्य
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
ट) स्थानीय तहको मध्यकालीन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) राजनीतिक दलको घोषणापत्र

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

अनुसूचीमा समावेश गर्नु पर्ने कागजातहरू

क) कार्यपालिकाको बैठकको निर्णय

ख) योजना निर्माण समितिको गठन

ग) योजना निर्माण कार्यदल गठन

घ) सरोकारवालाहरूको भेलाको उपस्थिति र निर्णय

ङ) प्रथम मस्यौदा तयारी

च) योजनाको अन्तिम रूप

छ) योजनाको मूल्याङ्कन

ज) योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

**घ) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरू चुनौतीहरू र अवसरहरू उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद-५ मा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको अनुगमन तथा मूल्याङ्कन कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरू उल्लेख गरिएको छ ।

**विषयसूची**


क) विषय प्रवेश ........ 5

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ........ 6

ग) योजना निर्माण प्रक्रिया ........ 7

घ) योजनाको दस्तावेजको स्वरूप ........ 8

परिच्छेद १ : परिचय ........ 1

१.१ वर्तमान अवस्था ........ 1

क भौगोलिक अवस्थितिको विश्लेषण ........ 5

ख जनसाङ्खिक संरचनाको विश्लेषण ........ 7

ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ........ 10

घ. आर्थिक अवस्थाको विश्लेषण ........ 11

ङ. शैक्षिक अवस्थाको विश्लेषण ........ 11

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ 19

क) समस्या वृक्ष (Problem Tree) र विश्लेषण ........ 19

ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ........ 20

अवसरहरू ........ 20

परिच्छेद २ : ........ 22

दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति निर्धारण ........ 22

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ 22

२.२ दूर दृष्टि ........ 23

२.३ लक्ष्य ........ 23

२.४ उद्देश्य ........ 23

२.५ रणनीति ........ 24

२.६ कार्यनीति ........ 26

२.७ अपेक्षित उपलब्धि ........ 28

२.८ स्थानीय तहको शिक्षा योजनामा रहुनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ......................... 29

परिच्छेद ३ : ......................................................................................................... 31

विद्यालय शिक्षाका मुख्य उपक्षेत्र ........................................................................... 31

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ........................................................................ 31

३.१.१ वर्तमान अवस्था ........................................................................................... 32

३.१.२ उद्देश्य ....................................................................................................... 32

३.१.३ रणनीति ....................................................................................................... 33

३.१.४ उपलब्धि तथा प्रमुख नतिजा ........................................................................ 34

३.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ....................................................................... 35

३.२ आधारभूत शिक्षा ................................................................................................ 37

३.२.२ उद्देश्य ....................................................................................................... 38

३.२.३ रणनीति ....................................................................................................... 38

३.२.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................ 39

३.३ माध्यमिक शिक्षा ................................................................................................ 43

३.३.१ वर्तमान अवस्था ........................................................................................... 44

३.३.२. उद्देश्य ....................................................................................................... 44

३.३.३ रणनीति ....................................................................................................... 44

३.३.४. प्रमुख उपलब्धि तथा नतिजा ....................................................................... 45

३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा ...................................................................... 49

३.४.१ वर्तमान अवस्था ........................................................................................... 49

३.४.२ उद्देश्यः ....................................................................................................... 50

३.४.३ रणनीतिह .................................................................................................... 50

३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................ 50

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ......................................................... 51

३.४.५प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्य ...................................... 51

३.५ अनौपचारिक तथा निरन्तर शिक्षा .......................................................................... 52

३.५.१ वर्तमान अवस्था 53

३.५.२ उद्देश्यहरू 53

३.५.३ रणनीति- 53

३.५.४ प्रमुख उपलब्धि तथा नतिजा 54

३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 54

परिच्छेद -४ 56

अन्तरसम्बन्धित विषय तथा क्षेत्र 56

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन 56

४.१.१ वर्तमान अवस्था 56

४.१.२ उद्देश्य 56

१.१.३ रणनीति 57

४.१.४ प्रमुख उपलब्धि तथा नतिजा 58

४.२ शिक्षक व्यवस्थापन तथा विकास 61

४.२.१ वर्तमान अवस्था 62

४.२.२ उद्देश्य 68

४.२.३ रणनीति 68

४.२.४. प्रमुख उपलब्धि तथा नतिजा 69

४.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 70

४.३ शैक्षिक समता र समावेशीकरण 73

४.३.१ वर्तमान अवस्था 73

४.३.२ उद्देश्य 73

४.३.३ रणनीति 74

४.३.४ उपलब्धि तथा प्रमुख नतिजा 74

४.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य 75

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम 76

४.४.१ वर्तमान अवस्था 77

४.४.२ उद्देश्य ........ 78

४.४.३ रणनीति ........ 78

४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 79

४.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 80

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ 81

४.५.१ वर्तमान अवस्था ........ 83

४.५.२ उद्देश्य ........ 85

४.५.३ रणनीति ........ 86

४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 87

४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 88

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 89

४.६.१ वर्तमान अवस्थाः ........ 89

४.६.२ उद्देश्यः ........ 90

४.६.४ रणनीतिहरू ........ 90

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 90

४.६.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 91

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ 93

४.७.२ उद्देश्य ........ 94

४.७.३ रणनीति ........ 94

४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 94

४.७.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 96

परिच्छेद ५ ........ 97

सुशासन तथा व्यवस्थापन ........ 97

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 97

५.१.१ वर्तमान अवस्था ........ 98

५.१.३ उद्देश्य ........ 98

५.१.४ उपलब्धि तथा प्रमुख नतिजा ........ 99
५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 101
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 102
५.२.१ वर्तमान अवस्था ........ 102
५.२.२ उद्देश्य ........ 103
५.२.३ रणनीति ........ 103
५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 104
५.२.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 104
परिच्छेद-६ ........ 106
लगानी र स्रोत व्यवस्थापन ........ 106
६.१.१ वर्तमान अवस्था ........ 106
६.१.२ उद्देश्य ........ 107
६.१.३ उपलब्धि तथा प्रमुख नतिजा ........ 108
६.१.५ प्रस्तावित बजेट ........ 108
परिच्छेद-७ ........ 109
अनुगमन तथा मूल्याङ्कन ........ 109
७.१ वर्तमान अवस्था ........ 109
७.२ उद्देश्यहरुः ........ 110
७.३ रणनीति ........ 110
७.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 111
७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 111

# परिच्छेदः एक

# परिचय

### *१.१ वर्तमान अवस्था*

नेपालको वर्तमान संविधानले आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई नि:शुल्क गर्ने हकको सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रूपले पिछाडिएका बालबालिकाहरूको शिक्षामा कानुन बमोजिम नि:शुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ। सङ्घीय स्वरूपको राज्य व्यवस्था भए अनुरूप तीनै तहका सरकारहरू स्थापना भई क्रियाशील अवस्थामा छन् । सबै सरकारहरूका आ-आफ्ना परिवेश भएअनुरूप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरूले समन्वयात्मक ढङ्गबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरूलाई उक्त योजनामा प्रतिविम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरू पूरा गर्नु आजको आवश्यकता हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को  परिच्छेद ६ (२४, १) मा योजना तयारको सन्दर्भमा नीतिगत व्यवस्था भएको छ। गाउँपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, वार्षिक, क्षेत्रगत योजनाहरू बनाउनुपर्ने, यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दिगो एवम् सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची (Project Bank) तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरूको अधिकतम सहभागिता सुनिश्चित गर्ने जस्ता विषयहरूका विषयमा नीतिगत भए बमोजिम नै क्षेत्रगत योजना तयार गर्नु नीतिगत व्यवस्था छ।

नेपाललाई विसं २०७९ (सन् २०२३) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र विसं २०८९ (सन् २०३३) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्नका साथै नेपालले सरकारले राखेको २५ वर्षीय दीर्घकालीन सोच समृद्ध नेपाल खुसी नेपाली सहितको राष्ट्रको विकासमा पनि शिक्षा क्षेत्रको विकास र सुधार आजको अपरिहार्यता रहेको छ।  सङ्घीय शासन प्रणाली अन्तरगत सहकारिता समन्वय र सहअस्तित्वको मुल मर्मलाई आत्मसात गर्दै "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य प्राप्तिमा स्थानीय सरकारको सहभागिता र योगदान सुनिश्चत गर्न स्थानीय सरकारले सहयोग पुऱ्याउनु आजको अपरिहार्यता छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ ओटा अधिकारहरूको व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ वर्षे दिगो विकासको लक्ष्य, १५ औं आवधिक योजनाले तय गरेका लक्ष्यहरू पूरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ।  त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएका १७ ओटा दिगो विकासका लक्ष्यहरू मध्ये लक्ष्य नं ४ मा सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेको छ। जसको लागि ७ उद्देश्यहरू तथा ३ माध्यमहरू तय गरेको छ।

त्यसको साथै यस गाउँपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केही सोच, लक्ष्य, उद्देश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ।

त्यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तरगत उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। नेपालको संविधानको धारा ३९ मा बालबालिका हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएकोछ । साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनैकिसिमको यातना दिन पाइनेछैन भनी उल्लेख गरिएकोछ। त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था गरिएको छ।

नेपालको संविधानको अनुसूची ५ मा केन्द्र सरकार वा संघको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकारहरूमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ। त्यस्तैगरी संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकारमा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, संग्रहालय तोकिएको छ साथै संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकारहरूमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूची ७ र ९ मा संघ, प्रदेश र स्थानीयतहको अधिकारका साझा सूचीभित्र शिक्षा समेत समावेश गरिएको छ। नेपालको संविधानले संघ प्रदेश तथा स्थानीय तहलाई निर्दिष्ट गरेका एकल वा साझा अधिकारहरूको व्यवहारिक रूपमा कार्यान्वनय गर्दै राष्टले लिएका शैक्षिक नतिजाहरूको लागि आपसी समन्वय, सहकार्य र सहअस्तित्व आजको आवश्यकता हो।

त्यसैगरी चालु अवस्थामा रहेको १५ औं आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पस्ट मार्गनिर्देशन गरेको छ। यस योजनाले पनि गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरूमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु, पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा सङ्घीय संरचना अनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन्।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ। त्यसैगरी यस नीतिले उद्देश्यहरूमा बालबालिका सर्वाङ्गीण

विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु, आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु, शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अरीतिक शिक्षाबिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशीलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु, शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु र व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत एवम् आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ ।

उल्लिखित सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उद्देश्य पूरा गर्न स्थानीय गाउँपालिकाका आवश्यकताहरू पूरा गर्न गाउँपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० वर्षे योजना तयार गर्नु आजको आवश्यकता निष्कर्ष रहेको छ । साथै सबै सहभागिहरूबाट जिल्लाका सबै स्थानीय सरकारहरूले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न गाउँपालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्ध गरे बमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो ।

त्यसैगरी आठराई गाउँपालिकाको शिक्षा क्षेत्रमा तलका अधिकारहरू रहेकाछन् ।

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन र नियमन
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन
- गाउँ शिक्षा समिति गठन र व्यवस्थापन
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
- विद्यालयको नामाकरण
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण
- सामुदायिक विद्यालयको शिक्षक एवम् कर्मचारीको दरबन्दी मिलान
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
- विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
- स्थानीय स्तरका शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन स्तररीकरण
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
- शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको दक्षता तथा क्षमता विकास
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन
- विज्ञ शिक्षकहरूको संयन्त्र निर्माण गरी यावत शैक्षिक गतिविधि सञ्चालन

- आवाशीय विद्यालय सञ्चालन तथा व्यवस्थापन
- विद्यालय बसको व्यवस्थापन र नियमित सञ्चालन

यसै सन्दर्भमा आठराई गाउँपालिकाले स्थापनाकाल देखि नै विद्यालयको गुणस्तर सुधारमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। मूलतः विद्यालयको भौतिक सुधार, विद्यार्थीहरूका प्रतिभाहरूको विकासका लागि विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन, विद्यार्थीहरूको शारीरिक तथा बौद्धिक विकासका लागि खेलकुद कार्यक्रम सञ्चालन, प्रारम्भिक बालविकास तथा प्रारम्भिक कक्षाको पठनसिप विकास, शिक्षक तथा विद्यालय कर्मचारी साथै प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूलाई पेसागत विकासका लागि विभिन्न प्रकारका तालिमहरू सञ्चालन, शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापकहरूको नियमित बैठक सञ्चालन, समावेशी शिक्षा सम्बन्धी अभिमुखीकरण, सूचना प्रविधि सम्बन्धी तालिम, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा प्रधानाध्यापकहरूका लागि कार्यक्रम कार्यान्वयन पुस्तिकाको अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम, शैक्षिक तथ्याङ्क तथा लेखा व्यवस्थापन तालिम सञ्चालन, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण तालिम, पाठ्यक्रम प्रवोधीकरण कार्यशाला, आवधिक विद्यालय अनुगमन तथा शिक्षकको पेसागत सहयोग सहित सिकाइ सुधारमा जोड दिईदै आएको छ।

### *क भौगोलिक अवस्थितिको विश्लेषण*

नेपालको संविधान २०७२ ले सङ्घीय राज्यको निर्माणका साथै तीन तहको राज्य प्रणालीको व्यवस्था गरे अनुरूप साविकका स्थानीय निकायहरू स्थानीय तहमा परिणत भएका छन्। संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ। राज्य शक्ति एक ठाउँमा केन्द्रीत नगरी विभिन्न तह र तप्काबाट प्रयोग गर्ने व्यवस्था भए अनुरूप तेह्रथुम जिल्लालाई पनि २ नगरपालिका र ४ गाउँपालिका गरी ६ ओटा स्थानीय तहहरू गठन गरिएको छ। नेपालका ७ ओटा प्रदेश अन्तर्गत पर्ने कोशी प्रदेशको पहाडी जिल्लामध्ये तेह्रथुम पनि एक हो। यस जिल्ला अन्तर्गत आठराई क्षेत्रको छुट्टै महत्त्व रहेको छ। भौगोलिक विषमता, शिक्षा क्षेत्रको अग्रता, प्राकृतिक सुन्दरता, सबै जातजातिहरूको बासस्थान, पर्यटकीय सम्भावनाको अवस्था यस क्षेत्रलाई चिनाउने माध्यम हुन्। यसका साथै विश्वमै प्रसिद्ध मानिने अलैची यस क्षेत्रको आर्कषकको केन्द्रविन्दु रहेको छ। नेपालमै प्रसिद्धि पाएको ढाका टोपी, आठराईका खुकुरी, खाँडी कपडा, राडीपाखी लिम्बूहरूको धान नाच, तामाङहरूको तामाङ् सेलो, बालुन नाच, ब्राह्मणले बजाउने नौमती बाजा यस क्षेत्रलाई चिनाउने प्रमुख विषेशताहरू हुन्। झन्डै अस्ट्रेलियाको पूर्वी आकार परेको आठराईको बिचमा फुकेको र उत्तर, दक्षिण साँघुरिएको आकारमा रहेको छ। पूर्वमा तमोर नदी, पश्चिममा कोयाखोला, उत्तरमा आठराई त्रिवेणी, दक्षिणमा तमोर नदीले घेरिएको उत्तरदेखि दक्षिणतिर भिरालो परेको सुन्दर लिम्बूवान बस्ती भएको यो क्षेत्रको नामाकरणका सम्बन्धमा भने विभिन्न किम्बदन्तीहरू पाइन्छन्। यस क्षेत्रको नाम आठराई रहनुमा एउटा ऐतिहासिक प्रसङ्ग जोडिएको छ। आठ जना रायहरूले धरानको फुस्रेबाट भारी बोकेर आउँदा बास बस्ने ठाउँ संक्रान्तिडाँडामा रहेछ र बास बसेको ठाउँमा राति गफ गर्दै जाँदा यस क्षेत्रमा लिम्बूहरूको राज्य गर्ने मानिस नभएको हुनाले अब हामीले यस ठाउँको राज्य गर्नुपर्छ भनी राज्य गर्ने निधो गरेर राज गर्न थाले र आठ रायहरूले राज्य गरेको क्षेत्रलाई हाल अपभ्रंश हुदै आठराई नाम रहन गएको हो भन्ने किंम्वदन्ती पाइन्छ। यसरी यस क्षेत्रको नामाङ्कन लिम्बूहरूबाट नै भएको हो भन्ने आधारको रूपमा यस क्षेत्रका अधिकाँश टोलहरूका नाम पनि लिम्बू भाषाबाट नै नामाङ्कन भएबाट स्पस्ट हुन्छ जस्तै फुङसेङ,

नासिवुङ, खाम्लालुङ, फाक्चुवा, लिसेवुङ, साम्थाङ, लिङदेन, पात्केन, थोक्लुङ्ग, फुङनाम आदि उल्लेख्य रहेका छन् । त्यस्तै आठराईमा लिम्बूहरूको बसोवास बढी भएको क्षेत्र हुनाले यस क्षेत्रमा अधिकांश ठाउँका नाम लिम्बू भाषामा नै राखिएजस्तै लिम्बू वंशावलीमा पनि तेह्रथुम जिल्लाको नामकरणको सम्बन्धमा किंवदन्ती पाइन्छ । वंशावलीअनुसार मोरङ राज्यको साङलाईङ राजाका भाइ सिदिइङ फेदाप पहाडमा बसेको अनुमान गरिएको छ । उनले दरबारका हिन्दु पुरोहितको भनाइमा लागेर आफ्नो नामसमेत "अमर राय" राखे । त्यसैको अनुसरण उनका सन्तानहरूले गरेका थिए । त्यसबेला फेदापमा छ रायहरू भए र यसका साथै उत्तरी फेदापमा सात रायहरू भए । नेपालको पूर्वाञ्चलको धनकुटा गौडामा त्यसबेला सत्र थुमको तिरो बुझाउने कार्य हुन्थ्यो जसलाई दश लिम्बूवान र सत्र थुम भनेर अहिले पनि भनिन्छ । पछि फेदाप र उत्तरी फेदापका छ राय र सात रायलाई मिलाई छुट्टयाएर तेह्रथुम बनाइयो । यी माथिका किंवदन्तीबाट के स्पष्ट हुन्छ भने तेह्रथुम जिल्लाको नामकरण तिरो उठाउँने सम्बन्धबाट भएको बुझिन्छ । विसं१९५२ सालमा सर्वे नापी हुँदा १३ ओटा थुमहरू मिलाएर हालको सदरमुकाम रहेको म्याङ्लुङमा भूमि प्रशासन उठाउँन माल अड्डा स्थापना गरेपछि यसको नामकरण तेह्रथुम रहेको हो । विसं २०२२ सालमा ७५ जिल्लामा माल अड्डा खडा भएपछि यस जिल्लाका १३ ओटा थुम मध्ये पाँचथर जिल्लामा पाँचथर थुम नुभो उत्तर र नुभो दक्षिण, आठराई जिल्लामा तमोरखोला, मैवाखोला, मेवाखोला र याङ्रूप थुमहरू र सङ्खुवासभा जिल्लामा पाँचखपन, चैनपुर, सभाउत्तर, सङ्खुवा उत्तर र दशमझिया थुमहरू गाभिएको हुनाले अनि बाँकी रहेका फेदाप, आठराई र छथर गरी यस जिल्लामा हाल तिनओटा थुमहरू मात्र कायम रहेका छन् । विसं २०१९ साल अघि यस जिल्लाको प्रशासन धनकुटाबाट चलाउने गरिएको थियो । विसं २०१९ सालमा म्याङ्लुङमा जिल्लाको प्रशासन स्थापना भएपछि तेह्रथुम जिल्ला कायम भई आफ्नै अस्तित्वमा रहन गएको हो ।

हाल आठराई गाउँपालिकामा इलाका प्रशासन कार्यालय, भूमि प्रशासन कार्यालय र नापी कार्यालयको स्थापना भई सेवा सञ्चालन भई रहेको बेहोरा सबैमा अवगत नै छ । २०१९ सालमा म्याङ्लुङमा सदरमुकाम स्थापना गरी तेह्रथुम जिल्ला कायम भई आफ्नै अस्तित्वमा रहेको यस जिल्लामा विसं २०५१ सालभन्दा अगाडि दुई निर्वाचन क्षेत्र रहेका थिए । आठराई क्षेत्र पूरा एक निर्वाचन क्षेत्र थियो । विसं २०५१ सालदेखि जनसङ्ख्याको कमी भएको हुनाले एक मात्र संसदीय निर्वाचन क्षेत्र कायम गरिएको छ । विसं २०३५ साल भन्दा अगाडि हाल आठराई जिल्लाका हाम्पाङ, निगुरादिन, फूलवारी, चाँगे र ढुङ्गेसाँघु गाविसलाई पनि आठराई क्षेत्रको रूपमा लिएको थियो तर विसं २०३५ सालको सीमाना परिवर्तनका कारण उक्त गाविसहरू ताप्लेजुङ जिल्लामा गाभिएका छन् । विसं २०५० सालभन्दा पहिले ३१ ओटा गाविस रहेको यस जिल्लामा पछि छथरपोखरी गाविसलाई पंञ्चकन्या र फाक्चामारा गाविसमा विभाजन गरी ३२ गाविस बनाइएको छ । त्यसपछि आठराई तेह्रथुम जिल्लाका ३२ गाविस मध्ये सात गाविसमा सिमित रहेको छ । तेह्रथुम जिल्लामा रहेका ह्वाकु, ईवा, छातेढुङ्गा, चुहानडाँडा, थोक्लुङ, सङ्क्रान्तिबजार र खाम्लालुङ गाविस मिलि आठराई बनेको छ । तेह्रथुमको सुदूर पूर्वमा पर्ने आठराई क्षेत्र पूर्वमा तमोर नदी, पश्चिममा कोयाखोला, उत्तरमा आठराई त्रिवेणीसँग जोडिएको फुँगुवाखोला र दक्षिणमा पाँचथरसँग जोडिएको तमोर नदी छ । यही चार किल्लाको परिधिभित्र तेह्रथुम जिल्लाको आठराई गाउँपालिका रहेको छ । तेह्रथुम जिल्लाको कूल क्षेत्रफल ६७९ वर्ग किलोमीटर वा ६७,९०० हेक्टर मध्ये १६७.०७ वर्ग किलोमिटरमा आठराई फैलिएको छ । उल्लेखित सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उद्देश्य पूरा गर्न स्थानीय गाउँपालिकाका आवश्यकताहरू पूरा गर्न गाउँपालिकाको आफ्नो परिवेशअनुसारको शिक्षा क्षेत्रको १० वर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ । साथै सबै सहभागिहरूबाट जिल्लाका सबै स्थानीय सरकारहरूले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न गाउँपालिका स्तरमा

शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्ध गरे बमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो।

***ख जनसाङ्खिक संरचनाको विश्लेषण***


जातीय विविधता तेह्रथुम जिल्ला विभिन्न जातजातिहरूको उद्गम स्थलको रहेको कुरा इतिहासकारहरूले व्याख्या गरेका छन्। जम्मा १८,१५६ जनसङ्ख्या रहेको आठराई गाउँपालिका पनि तेह्रथुम जिल्लाका स्थानीय तह मध्येको एक जातीय विविधतायुक्त गाउँपालिका हो। यस गाउँपालिकामा बाहुन, क्षेत्री, लिम्बू, राई, तामाङ, जोगी, भुजेल, मगर, गुरूङ, नेवार, शेर्पा, दमाई, कामी, सार्की आदि जातजातिहरूको मुख्य बसोवास रहेको छ।

आठराई गाउँपालिकाको विसं २०७८ सालको जनगणना लिङ्ग अनुसारको जनसङ्ख्याको विवरण

| वडा | घरपरिवारको सङ्ख्या | जनसङ्ख्या | | | औसत परिवारको आकार | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ६८६ | २७४१ | १३३० | १४११ | ४ | ९४.२६ |
| २ | ६१५ | २४८७ | १२३३ | १२५४ | ४.०४ | ९८.३३ |
| ३ | ५८२ | २५१६ | १२४७ | १२६९ | ४.३२ | ९८.२७ |
| ४ | ७८७ | ३२२६ | १५८९ | १६३७ | ४.१ | ९७.०७ |
| ५ | ५४९ | २३९४ | ११६३ | १२३१ | ४.३६ | ९४.४८ |
| ६ | ७२२ | ३०३० | १५०३ | १५२७ | ४.२ | ९८.४३ |
| ७ | ४३२ | १७६२ | ८९१ | ८७१ | ४.०८ | १०२.३ |
| | ४३७३ | १८१५६ | ८९५६ | ९२०० | ४.१५ | ९७.३५ |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०७८

आठराई गाउँपालिकाको ७ वटै वडाहरूको जम्मा घरधुरी सङ्ख्या ४३७३ रहेका छन्। जस मध्ये वडा नं ४ मा सबैभन्दा धैरै ७८७ घरधुरी रहेका छन् भने सबैभन्दा कम वडा नं ७ मा ४३२ छन्। वडाअनुसार जनसङ्ख्या वितरणको विवरणलाई विश्लेषण गर्दा सबैभन्दा बढी वडा नं ४ मा ३२२६ रहेका छन् भने सबै भन्दा कम जनसङ्ख्या वडा नं ७ मा १७६२ रहेका छन्। यहाँको जनसङ्ख्यामा पुरुष ८९५६ र महिला ९२०० रहेकोमा जम्मा १८,१५६ जनसङ्ख्या रहेको छ।




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
|---|---|---|---|---|---|---|---|
| घरपरिवारको संख्या | 686 | 615 | 582 | 787 | 549 | 722 | 432 |
| जम्मा जनसंख्या | 2741 | 2487 | 2516 | 3226 | 2394 | 3030 | 1762 |
| पुरूष | 1330 | 1233 | 1247 | 1589 | 1163 | 1503 | 891 |
| महिला | 1411 | 1254 | 1269 | 1637 | 1231 | 1527 | 871 |

स्रोत: केन्द्रिय तथ्याङ्क विभाग २०७८

विसं २०७८ सालको जनगणनाअनुसार आठराई गाउँपालिकाको कूल जनसङ्ख्या १८,१५६ (अठार हजार एक सय छपन्न) रहेको छ। जसमा ८९५६ (आठ हजार नौ सय छपन्न) जना पुरुष र ९२०० (नौ हजार दुइ सय) जना महिला रहेका छन्। साथै यस गाउँपालिका भित्र जम्मा ४३७३ (चार हजार तीन सय त्रिहत्तर) घरधुरी रहेका छन्। यस गाउँपालिकाको वडागत घरधुरी सङ्ख्या, जनसङ्ख्यालाई निम्नानुसार तालिकामा देखाइएको छ।

आठराई गाउँपालिकाको उमेरअनुसारको जनसङ्ख्याको विवरण

| उमेरको वर्गीकरण | पुरुषको जनसङ्ख्या | महिलाको जनसङ्ख्या | जम्मा जनसङ्ख्या |
|---|---|---|---|
| ००-०४ वर्ष | ७५१ | ७०४ | १४५५ |
| ०४-०९ वर्ष | ८७६ | ८७६ | १७५२ |
| ०९-१४ वर्ष | ८६३ | ८५३ | १७१६ |
| १५-१९ वर्ष | ९४७ | ९०९ | १८५६ |
| २०-२४ वर्ष | ७४८ | ८४८ | १५९६ |
| २५-२९ वर्ष | ६२६ | ६५२ | १२७८ |

| उमेरको वर्गीकरण | पुरुषको जनसङ्ख्या | महिलाको जनसङ्ख्या | जम्मा जनसङ्ख्या |
|---|---|---|---|
| ३०-३४ वर्ष | ६२९ | ६२० | १२४९ |
| ३५-३९ वर्ष | ५२३ | ६१० | ११३३ |
| ४०-४४ वर्ष | ४७५ | ५३० | १००५ |
| ४५-४९ वर्ष | ४३६ | ४४० | ८७६ |
| ५०-५४ वर्ष | ४८६ | ५१६ | १००२ |
| ५५-५९ वर्ष | ४१३ | ४१२ | ८२५ |
| ६०-६४ वर्ष | ४५४ | ४२३ | ८७७ |
| ६५-६९ वर्ष | २५७ | २८४ | ५४१ |
| ७०-७१ वर्ष | २१६ | २४० | ४५६ |
| ७५-७९ वर्ष | १३८ | १४५ | २८३ |
| ८०-८४ वर्ष | ६९ | ७३ | १४२ |
| ८५-८९ वर्ष | ३६ | ४० | ७६ |
| ९०-९४ वर्ष | ११ | १९ | ३० |
| ९५+ वर्ष | २ | ६ | ८ |
| जम्मा | ८९५६ | ९२०० | १८१५६ |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०७८

उमेरका आधारमा आठराई  गाउँपालिकाको जनसङ्ख्यालाई विश्लेषण गर्दा सबैभन्दा बढी जनसङ्ख्या १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूह रहेको छ जसमा जम्मा जनसङ्ख्या १८५६ जना रहेको छ भने जसमा महिलाको जनसङ्ख्या ९०९ जना रहेको छ भने पुरुषको जनसङ्ख्या ९४७ जना रहेको छ। समग्रमा हेर्दा ५ देखि २९ वर्ष सम्मको जनसङ्ख्या धैरै देखिन्छ। माथिको चित्रलाई हेर्दा बालबालिकाहरूको र युवाहरूको जनसङ्ख्या बढी देखिन्छ भने ६० वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या कम र युवा अवस्थाको बढी देखिन्छ जुन भोलिको उत्पादनको लागि उपयोग हुन्छ भने शिक्षा प्रदान गर्नु पर्ने हिसाबले हेर्दा शिक्षालाई व्यावसायिक, रोजगारमुखी तथा उत्पादनमुखी बनाउन आवश्यक देखिन्छ।

## *ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण*

ऐतिहासिक महत्त्वको सिंजा क्षेत्रसँग भौगोलिक रूपमा मात्र नभई साँस्कृतिक रूपमा पनि निकट रहेको छ। साँस्कृतिक रूपमा खस सभ्यता तथा हिन्दु साँस्कृतिको सम्मिश्रण रहेको छ । क्षेत्री, ब्राह्मण, जनजाति, दलित जातिको मिश्रीत बसोवास रहेको यस गाउँपालिकामा मुख्य बोलीचालीको भाषा नेपाली रहेको छ । धार्मिक रूपमा किराँत धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा उँधौली उँभौली पूजालाई उच्च महत्त्व दिने गरिन्छ। यसका अतिरिक्त यहाँ मनाइले चाडपर्वहरूमा दशैं, तिहार, कृष्णाष्टमी, जनैपूर्णिमा, माघे सङ्क्रान्ति, चैते दशैं, ल्होसार, छठ, आदि रहेका छन् । धार्मिक तथा भाषिक रूपमा करिब एकरूपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन्। भेषभूषाका रूपमा पुरुषहरूले मुख्य रूपमा दौरा, सुरुवाल, ढाका टोपी तथा कोट र महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्दछन् भने नयाँ पुस्ताले पाइन्ट, सर्ट, भेष्ट, लुङ्गी आदि लगाउने गर्छन्। यस क्षेत्रमा रहेको चण्डी भगवती देवी, सानो पाथिभरा मन्दिरहरू महत्त्वपूर्ण धार्मिक स्थलहरू हुन्।

सांस्कृतिक विविधता यस गाउँपालिकामा वसोवास गर्ने बहुसङ्ख्यक जातजातिहरू किराँत धर्म मान्ने गर्दछन् भने हिन्दु धर्मालम्बीहरू पनि यस गाउँपालिकामा धैरै रहेको छन्। हिन्दु र किराँत धर्मालम्बीहरूका आ-आफ्नै किसिमका धार्मिक तथा सांस्कृतिक परम्परा रहेका छन्। विजया दशमी, तिहार, कृष्ण अष्टमी, हरितालिका तिज, माघे संक्रान्ति, होली, चैते दशै, नववर्ष (तागा), गुरू पूर्णिमा, नागपञ्चमी उँधौली उँभौली महत्त्वपूर्ण चाडपर्वहरू हुन्। भने इसाईको क्रिसमस, वौद्धहरूको वौद्धपूर्णीमा, ल्होसार आदि धर्मालम्बीहरूका महत्त्वपूर्ण चाडपर्वहरू हुन्। स्थानीय चार्डपर्व तथा जात्रा र मेलाहरूमा छठ, नयाँ वर्ष, चण्डी पूर्णिमा, रक्षाबन्धन, श्रीकृष्ण जन्माष्टमी, हरितालिका (तिज), विजयादशमी, भाइटिका, ल्होसार, माघे संक्रान्ति, श्रीस्वस्थानी व्रत्र, चैते दशै, बौद्ध जयन्ति, ल्होसार, क्रिसमस डे, उँधौली उँभौली आदि महत्त्वपूर्ण चाडपर्वहरू हुन्।

जैविक विविधता यस क्षेत्रमा उष्ण, समशीतोष्ण हावापानी पाइन्छ, वनस्पतिहरूमा साल, सिसौ, उत्तिस, चिलाउने, कटुज, गुराँस, सिमल, चाँप, सुन्तला, कागती, नासपाती, पिपल, जामुन, आँप, टाँकी, अमला, बाँस आदि मुख्य वनस्पतिहरू रहेका छन्। यहाँ विभिन्न प्रजातिका स्तनधारी जीवहरू जस्तै बदेल, चितुवा, वन बिरालो, बाँदर, मृग, घोरल र लंगुर जस्ता जनावरहरू रहको जानकारी पाइन्छ। त्यसैगरी घस्रने जातका प्राणीमा सर्प, छेपारो, मौसुली, रातो टाउके छेपारो, गोहोरो सबभन्दा बढी पाइन्छन्। यस क्षेत्रमा भ्यागुता जस्ता उभयचरहरू पनि पाइन्छन् त्यस्तै कोकले, जुरेली, काग, भँगेरो, कालिज, सुगा, ढुकुर, चिवे, रूप्पी, लगायत प्रजातिका पक्षीहरूको वासोवास रहेको छ । माछाहरूमा असला, कत्ले र बाम प्रजातिका बढि पाइन्छन्। साथै यी क्षेत्रहरू कुनै पनि राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्रहरू भित्र पर्दैनन्।

पर्यटकीय स्थलहरूको विवरण (धार्मिक/ऐतिहासिक/पूरातात्विक) यस आठराई गाउँपालिकामा अवस्थित पर्यटकीय स्थलहरू निकै महत्त्वको रूपमा रहेका छन्। जसमा छातेढुङ्गा, झाँक्रीगुफा, आठराई ढुङ्गे सङ्ग्रहालय आदिका कारण दैनिक आउने पर्यटकहरूको सङ्ख्यामा वृद्धि भएको देखिन्छ। विभिन्न जातजातिको बसोवास भएको यो गाउँ आ-आफ्नै परम्परा र संस्कृतिको केन्द्र बनेर हालसम्म रहेको छ । आठराई गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरू रहेका छन्। यहाँ बसोवास गर्ने जातिहरू ब्राम्हण, क्षेत्री, लिम्बू, मगर, शेर्पा, दमाई, कामी, सार्की, गुरूङ, गिरी, पुरी हुन्

। यहाँ नेपाली, लिम्बू भाषा आदि मातृभाषा बोलिन्छन् । यो स्थानीय तहमा हिन्दु, किराँत, बौद्ध, क्रिश्चियन धर्मावलम्बीहरू बसोवास गर्छन् भने उनीहरूले दशैं, तिहार, चण्डी, बुद्ध जयन्ती, माघे संक्रान्ति, साउने संक्रान्ति, जनै पूर्णिमा, तीज, नागपञ्चमी, उँधैली उँभैली, क्रिसमस, ल्होसार जस्ता चाडपर्वहरू मान्ने गर्दछन् । यस गाउँपालिकाभित्र रहेका बहुविशेषताहरू बिचमा एकता भएको अवस्था छ । त्यसैले यस गाउँपालिका क्षेत्रमा सामाजिक सद्भाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ ।

### *घ. आर्थिक अवस्थाको विश्लेषण*

नेपाललाई कम आय भएको मुलुकबाट मध्यम आय भएको राष्ट्रमा पुऱ्याउने सरकारको महत्त्वाकांक्षी लक्ष्यलाई टेवा दिन आठराई गाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरूलाई अगाडि बढाएको छ । यहाँका मानिसहरूको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, व्यापार व्यवसाय, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रूपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । छातेढुङ्गा, झाँक्रीगुफा, आठराई  ढुङ्गे सङ्ग्रालय, सानो पाथिभरा यस क्षेत्रका पर्यटकीय क्षेत्र रहेका छन् । यहाँका उत्पादनमा आलु, नासपाति, ओखर, आरु, सुन्तोला जस्ता अर्गानिक उत्पादन लागि प्रसिद्ध छन् भने धान, मकै, गहुँ, फापर, जौ जस्ता बाली उत्पादन हुने गरेका छन् । गाई, भैंसी, भेंडा, बाख्रा जस्ता पशुजन्य उत्पादन मुख्य घरपालुवा जनवारहरू रहेका छन् । कृषि, व्यापार, पशुपालन र वैदेशिक रोजगारी मुख्य पेसा रहेका छन् । वित्तीय कारोबारका हिसाब नेपाल बैंक लिमिटेड, नविल बैंक लिमिटेडद्वारा सेवा प्रदान गरी रहेका छन् ।

### *ङ. शैक्षिक अवस्थाको विश्लेषण*

नेपालको शैक्षिक संरचनाको दृष्टिले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास र कक्षा १ देखि ८ सम्म गरी जम्मा नौ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने व्यवस्था गरिएको छ । आधारभूत तहलाई अनिवार्य तथा नि:शुल्क गरिएको छ भने माध्यमिक तह नि:शुल्क रहने व्यवस्था गरिएको छ ।  विद्यालय शिक्षामा दुई तरीकाबाट  लगानी  गरिएको छ जसमा सरकारी र निजी स्रोतबाट व्यवस्थापन गरिएको छ ।

आठराई गाउँपालिकाभित्र ५९ ओटा सामुदायिक विद्यालयहरू (कक्षा १-२ सञ्चालित ४, कक्षा १-३ सञ्चालित ३, कक्षा १-४ सञ्चालित १, कक्षा १-५ सञ्चालित २६, कक्षा १-६ सञ्चालित २, कक्षा १-७ सञ्चालित १, कक्षा १-८ सञ्चालित १३ र कक्षा १-१२ सञ्चालित ९, ३ ओटा संस्थागत विद्यालयहरू र विद्यालयमा आधारित ५९ र समुदायमा आधारित ३ गरी जम्मा ६२ ओटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । त्यस्तैगरी गाउँपालिकाले ३४ जना स्वयम्सेवक शिक्षक राखी ३४ ओटा विद्यालयमा मातृभाषा शिक्षा पनि सञ्चालन गरेको छ । जसमा २५ लिम्बू भाषा, ६ तामाङ भाषा, २ गुरूङ भाषा, १ मगर भाषा र १ ओटामा संस्कृत भाषामा कक्षा सञ्चालन भइरहेका छन् । प्रत्येक विद्यालयमा कम्तिमा १ र बढीमा २ जना गरी ५९ जना प्रारम्भिक बालविकास सहजकर्ताहरू रहेका छन् । त्यसैगरी ९ जना विद्यालय कर्मचारी र ५९ जना विद्यालय सहयोगी पदमा कार्यरत रहेका छन् ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापकीय अधिकार स्थानीय तहमा अन्तर्निहित रहेकोले यस गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ बनाइ

कार्यान्वयनमा ल्याएको छ। आठराई गाउँपकालिको शिक्षा नियमावली निर्माणको क्रममा रहेको छ। समग्रमा विद्यालय शिक्षाको विकास, विस्तार र सबैका लागि समतामूलक गुणस्तरीय विद्यालय शिक्षाको पहुँच सुनिश्चित गर्न गाउँ शिक्षा योजना निर्माणको तयारीमा रहेको छ।  विद्यालय शिक्षासम्बन्धी अधिकार व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न र विद्यालय शिक्षामा देखापरेका समस्याहरू निराकरण गरी नतिजामूलक सुधारका लागि विद्यमान कानुन अपर्याप्त छन्। यसका लागि गाउँपालिकाका विधायिकी, कार्यकारी र प्रशासनिक अङ्गले विद्यालय शिक्षामा देखापरेका समस्या, चुनौती एवम् अवसरहरूको सही मापन र विश्लेषण गरी आवश्यक विधि तथा कानुन निर्माणको कार्यमा सकृयतापूर्वक लाग्नुपर्ने देखिन्छ।

| सामुदायिक विद्यालय | | | | | | | | संस्थागत विद्यालय | | | | | | सामुदायिक र संस्थागत जम्मा विद्यालय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय तह | आधारभूत विद्यालय | | | | माध्यमिक विद्यालय | | जम्मा | आधारभूत विद्यालय | | | माध्यमिक विद्यालय | | जम्मा | |
| आठराई गा.पा. | वडा | १ देखि ३ | १ देखि ५ | १ देखि ८ | १ देखि १० | १ देखि १२ | सामुदायिक | १ देखि ३ | १ देखि ५ | १ देखि ८ | १ देखि १० | १ देखि १२ | संस्थागत | |
| आठराई गा.पा. | १ | १ | ६ | ० | ० | ३ | १० | ० | ० | १ | ० | ० | १ | ११ |
| आठराई गा.पा. | २ | १ | ५ | ३ | ० | १ | १० | ० | ० | ० | ० | ० | ० | १० |
| आठराई गा.पा. | ३ | २ | ३ | २ | ० | १ | ८ | ० | ० | ० | ० | ० | ० | ८ |
| आठराई गा.पा. | ४ | १ | १ | ४ | ० | १ | ७ | | १ | ० | ० | ० | १ | ८ |
| आठराई गा.पा. | ५ | ० | ५ | ३ | ० | १ | ९ | ० | ० | ० | ० | ० | ० | ९ |
| आठराई गा.पा. | ६ | १ | ४ | २ | ० | १ | ८ | ० | | १ | ० | ० | १ | ९ |
| आठराई गा.पा. | ७ | २ | २ | २ | ० | १ | ७ | ० | ० | ० | ० | ० | ० | ७ |
| जम्मा विद्यालय | | ८ | २६ | १६ | ० | ९ | ५९ | ० | १ | २ | ० | ० | ३ | ६२ |

आठराई गाउँपालिकाभित्रका विद्यालय सङ्ख्या, शिक्षक सङ्ख्या र विद्यार्थी सङ्ख्यालाई निम्नानुसार देखाइएको छः

| क्र.सं. | विवरण | सङ्ख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | विद्यालय | ६२ | ५९ | ३ |
| २ | शिक्षक | ३५० | ३३१ | १९ |
| ३ | विद्यार्थी | ४०४२ | ३८१३ | २२९ |
| ४ | विद्यालय कर्मचारी | ६१ | ५८ | ३ |
| ५ | बालविकास सहजकर्ता | ६५ | ६२ | ३ |
| ६ | सामुदायिक सिकाइ केन्द्र | ४ | ४ | ० |
| ७ | त्रि. वि.क्याम्पस | २ | २ | ० |
| ८ | प्राविधिक शिक्षालय | १ | १ | ० |

स्रोतः आठराई गाउँपालिका शिक्षा शाखा, २०८२

**आठराई गाउँपालिकामा सञ्चालित शिक्षण संस्था**

| विवरण | सरकारी | सामुदायिक | निजी विद्यालय | कुल |
|---|---|---|---|---|
| आवि १ देखि ५ | आवि | ३४ | २ | ३६ |
| आवि १ देखि ८ | आवि | १६ | १ | १७ |
| मावि १ देखि १० | मावि | ० | ० | ० |
| मावि १ देखि १२ | मावि | ९ | ० | ९ |
| क्याम्पस | उच्च शिक्षा | ३ | ० | ३ |
| सामुदायिक अध्ययन केन्द्र | | १ | ० | १ |
| बालविकास केन्द्र | | ३ | ० | ३ |

स्रोतः आठराई गाउँपालिका शिक्षा शाखा, २०८२

**विद्यालयको विवरण**

| सिनं | विद्यालय भवनको विवरण | एकाइ | जम्मा विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | (सामुदायिक) विद्यालय | सङ्ख्या | ५९ | |
| २ | कच्ची भवन (ढुङ्गा, माटो वा ईँटा, माटो) | भवन | ६५ | |
| | | कक्षाकोठा | २०० | |
| ३ | पक्की भवन | भवन | १५ | |
| | | कक्षाकोठा | ६० | |
| ४ | भूकम्प प्रतिरोधी प्रविधिले बनेका भवन | भवन | ३ | |
| | | कक्षाकोठा | १२ | |
| ५ | बाढीको जोखिममा रहेका विद्यालय | भवन | १५ | |
| | | कक्षाकोठा | ६० | |
| ६ | पहिरोको जोखिममा रहेका विद्यालय | भवन | १० | |

| सिनं | विद्यालय भवनको विवरण | एकाइ | जम्मा विद्यालय | कैफियत |
|---|---|---|---|---|
| | | कक्षाकोठा | ४० | |
| ७ | चट्याङ्को जोखिममा रहेका विद्यालय | भवन | १० | |
| | | कक्षाकोठा | १५ | |
| ८ | हावाहुरीको जोखिममा रहेका विद्यालय | भवन | २५ | |
| | | कक्षाकोठा | १०० | |
| ९ | आगलागीको जोखिममा रहेका विद्यालय | भवन | ७ | |
| | | कक्षाकोठा | २८ | |
| १० | जमिन भासिने जोखिममा रहेका विद्यालय | भवन | ४ | |
| | | कक्षाकोठा | ८ | |
| ८ | विद्यालय जाने बाटो प्रकोपको जोखिममा रहेका विद्यालय | भवन | २५ | |
| | | कक्षाकोठा | ६० | |
| १२ | विपद् जोखिम व्यवस्थापन योजना लागु भएका विद्यालय | विद्यालय | १ | |

स्रोतः आठराई गाउँपालिका शिक्षा शाखा, २०८२

विद्यार्थीको उमेर साथै शारीरिक, मानसिक अवस्था अनुसार उनीहरूको विपद् संवेदनशीलता फरक पर्छ। कम उमेरका, अपाङ्गता भएका बालबालिकाहरू तुलनात्मक रूपमा बढी सङ्कटापन्न हुन्छन्। अभिभावकको सामाजिक-आर्थिक अवस्थाले बालबालिका विपद्को सामना गर्ने क्षमतामा फरक पार्छ। सामान्यतया कमजोर आर्थिक-सामाजिक अवस्था भएका परिवारका बालबालिका तुलनात्मक रूपमा बढी सङ्कटापन्न हुन्छन् । त्यसैगरी समुदायको संस्कृति र रहनसहनले पनि बालबालिका विपद् सङ्कटापन्नता वा उत्थानशीलतामा प्रभाव पार्छ । छुवाछुत, छाउपडी प्रथा, प्रकोपको समयमा सजिलै दौडन नसकिने खालको लुगा लगाउने चलन आदिले समग्रमा प्रकोप सङ्कटापन्नता बढाउँछन्। उमेर तथा शारीरिक अवस्था अनुसार सार्वजनिक तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको सारांश विवरण तालिकामा प्रस्तुत गरिएको छ। यस तालिकालाई हरेक वर्ष उपलब्ध हुने तथ्याङ्कका आधारमा अद्यावधिक गर्दै लगिनेछ।

**तहगत विद्यार्थीहरूको विवरण**

| सि. न. | विद्यार्थी विवरण | विद्यार्थी सङ्ख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्रा | छात्र | अन्य | |
| १ | पूर्व प्राथमिक ECD | ५१८ | २४७ | २७१ | | |
| २ | १-५ कक्षा सम्मको | १६९३ | ८४५ | ८४८ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ६-८ कक्षा सम्मको | १००७ | ५०६ | ५०१ | | |
| ४ | ९-१० कक्षा सम्मको | ५९० | २९१ | २९९ | | |
| ५ | ११-१२ कक्षा सम्मको | २३४ | १२४ | ११० | | |
| | जम्मा | ४०४२ | २०१३ | २०२९ | | |

स्रोतः आठराई गाउँपालिका शिक्षा शाखा, २०८२

आठराई गाउँपालिका भित्र जम्मा ६२ ओटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन्। जसमा ५९ ओटा बालविकास केन्द्र विद्यालयमा आधारित छन् । यी बालविकास केन्द्रहरूमा २७१ छात्र र २४७ छात्रा गरी जम्मा ५१८ जना बालबालिकाहरू अध्ययनरत छन् भने बालविकास केन्द्रहरूमा जम्मा गरी ६२ जना बालविकास सहजकर्ताहरू कार्यरत छन्। साथै यस गाउँपालिका ५९ ओटा सामुदायिक विद्यालयहरूमा ३५० जना शिक्षकहरू रहेका छन्।

**आन्तरिक दक्षता र शिक्षाको स्तर**

| जिल्लाको नाम | तेह्रथुम | |
|---|---|---|
| पालिकाको नाम | आठराई गाउँपालिका | |
| सूचक | लिङ्ग | अवस्था २०८२ |
| कुल भर्नादर इसिडि पिपिसि | छात्रा | ९०.४ |
| | छात्र | ९१.७ |
| | जम्मा | ९१.१ |
| खुद भर्नादर इसिडि पिपिसि | छात्रा | ६३.३ |
| | छात्र | ५५.९ |
| | जम्मा | ५५.५ |
| कुल प्रवेशदर कक्षा १ | छात्रा | १६१ |
| | छात्र | १४९ |

| | | |
|---|---|---|
| | जम्मा | ३१० |
| खुद प्रवेशदर कक्षा १ | छात्रा | १४० |
| | छात्र | १३१ |
| | जम्मा | २७१ |
| कुल भर्नादर कक्षा १ बाट ५ | छात्रा | ११९.८ |
| | छात्र | ११७.२ |
| | जम्मा | ११८.५ |
| खुद भर्नादर कक्षा १ बाट ५ | छात्रा | ९७.२ |
| | छात्र | ९६.० |
| | जम्मा | ९६.६ |
| कुल भर्नादर कक्षा ६ बाट ८ | छात्रा | १४२.९ |
| | छात्र | १२४.४ |
| | जम्मा | १३२.८ |
| खुद भर्नादर कक्षा ६ बाट ८ | छात्रा | ९४.४ |
| | छात्र | ९४.९ |
| | जम्मा | ९४.७ |
| कुल भर्नादर कक्षा १ बाट ८ | छात्रा | १२७.५ |
| | छात्र | ११९.९ |
| | जम्मा | १२३.६ |
| खुद भर्नादर कक्षा १ बाट ८ | छात्रा | ९६.३ |

| | | |
|---|---|---|
| | छात्र | ९५.६ |
| | जम्मा | ९५.९ |
| कुल भर्नादर कक्षा ९ बाट १० | छात्रा | ८८.९ |
| | छात्र | ८७.७ |
| | जम्मा | ८८.४ |
| खुद भर्नादर कक्षा ९ बाट १० | छात्रा | ८०.३ |
| | छात्र | ६८.० |
| | जम्मा | ७४.७ |
| कुल भर्नादर कक्षा ११ बाट १२ | छात्रा | ६०.४ |
| | छात्र | ५१.० |
| | जम्मा | ५५.६ |
| खुद भर्नादर कक्षा ११ बाट १२ | छात्रा | ३३.४ |
| | छात्र | २९.९ |
| | जम्मा | ३१.६ |
| कुल भर्नादर कक्षा ९ बाट १२ | छात्रा | ७३.५ |
| | छात्र | ६५.९ |
| | जम्मा | ६९.८ |
| खुद भर्नादर कक्षा ९ बाट १२ | छात्रा | ५४.९ |
| | छात्र | ४५.४ |
| | जम्मा | ५०.३ |

| | | |
|---|---|---|
| कक्षा ८ सम्मको टिकाउदर | छात्रा | ८८.९ |
| | छात्र | ८७.० |
| | जम्मा | ८७.९ |

तथ्याङ्क स्रोत : CEHRD Flash Report 2082 तथा District IEMIS Dash board, 2082

**तह उत्तीर्ण दर, तह दोहोऱ्याउने दर तथा तह छोड्ने दर**

| सूचक | लिङ्ग | अवस्था २०८१ |
|---|---|---|
| कक्षा १ बाट ५ सम्मको उत्तिर्ण दर | छात्रा | ८२.३ |
| | छात्र | ८०.१ |
| | जम्मा | ८१.२ |
| कक्षा १ बाट ५ सम्मको दोर्हाउने दर | छात्रा | १०.३ |
| | छात्र | १२.९ |
| | जम्मा | ११.६ |
| कक्षा १ बाट ५ सम्मको छोड्ने दर | छात्रा | ७.३ |
| | छात्र | ७.० |
| | जम्मा | ७.२ |
| कक्षा ६ बाट ८ सम्मको उत्तिर्ण दर | छात्रा | ८२.६ |
| | छात्र | ७८.५ |
| | जम्मा | ८०.५ |
| कक्षा ६ बाट ८ सम्मको दोर्हाउने दर | छात्रा | ११.७ |
| | छात्र | १६.८ |

| सूचक | लिङ्ग | अवस्था २०८१ |
|---|---|---|
| | जम्मा | १४.३ |
| कक्षा ६ बाट ८ सम्मको छोड्ने दर | छात्रा | ५.७ |
| | छात्र | ४.७ |
| | जम्मा | ५.२ |
| कक्षा ९ बाट १० सम्मको उत्तिर्ण दर | छात्रा | ८८.४ |
| | छात्र | ८६.८ |
| | जम्मा | ८७.६ |
| कक्षा ९ बाट १० सम्मको दोहोऱ्याउने दर | छात्रा | ८.९ |
| | छात्र | ११.२ |
| | जम्मा | १०.० |
| कक्षा ९ बाट १० सम्मको छोड्ने दर | छात्रा | २.७ |
| | छात्र | २.१ |
| | जम्मा | २.४ |

तथ्याङ्क स्रोत : CEHRD Flash Report 2082 तथा District IEMIS Dash board, 2082

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

### *क) समस्या वृक्ष (Problem Tree) र विश्लेषण*

यस गाउँपालिकाको मुख्य समस्या गुणस्तरीय शिक्षा रहेको छ र सँगसँगै विषयगत शिक्षकको अभाव, अभिभावकमा चेतनामा कमी हुनु, माध्यमिक तहमा बालबालिका कमजोर पहुँच, विद्यालयमा भर्ना भएका बालबालिकालाई टिकाई राख्न नसक्नु ,व्यासायिक तथा प्राविधिक शिक्षाको अभाव,तहगत, क्षेत्रगत तथा विषयगतरूपमा सम्पूर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, पठन सँस्कृति तथा जीवनपर्यन्त शिक्षाका लागि सामुदायिक अध्ययन केन्द्र सार्वजनिक पुस्तकालय, सार्वजनिक वाचनालयको विस्तारमा कमी, सार्वजनिक तथा निजी लगानीका शैक्षिक सस्थाको उचित व्यवस्थापन गर्न नसक्नु, शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा परिवर्तन ल्याउन नसक्नु, विद्यालय शिक्षामा सबैको पँहुच समता गुणस्तर सुशासन व्यवस्थापन तथा सिकाइका लागि न्यूनतम आवश्यक वातावरण नहुनु, निरन्तर सिकाइका

लागि आवश्यक सिकाइ केन्द्र हरूको कमी, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु, विद्यालय भवन, कक्षा कोठा, पुस्तकालय, खाने पानी, प्रयोशाला, बुक कर्नर व्यवस्थित नहुनु, सरोकारवालाहरूको अपेक्षित सहभागिता र अपनत्व विकास नहुनु, अभिभावकहरूमा सामुदायिक विद्यालय प्रति विश्वास जगाउन नसक्नु, विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा समतामूलक पहुँच पुग्न नसक्नु, बिचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोऱ्याउने दर उच्च हुनु, विशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु, विद्यालय शिक्षामा लगानी अभिवृद्धि गर्न नसक्नु, प्रविधि मैत्री शिक्षण सिकाइका लागि साधन स्रोतको अभाव हुनु, बाल मनोविज्ञानलाई संवोधन गरी शिक्षण हुन नसक्नु आदि आठराईको विद्यालय शिक्षाका मुख्य समस्याहरू हुन् ।

### *ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण*

गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य चुनौतीहरू सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु, भौगोलिक अवस्थानुसार विद्यालय बालबालिकाका लागि टाढा हुनु यसको परिणाम स्वरूप बालबालिकाहरू बजार केन्द्रित निजी विद्यालय तर्फ आकर्षण हुनु, प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन हुनु, सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलाप मार्फत उच्च सिकाइ उपलब्धि सुनिश्चत हुनु, अभिभावकहरूमा सामुदायिक विद्यालयप्रतिको विश्वास तथा चासो वृद्धिमा कठिन, प्रविधिमैत्री शिक्षण सिकाइ मार्फत गुणस्तर सुधारका लागि पूर्वधार व्यवस्थापन तथा जनशक्तिको सक्षमता अभिवृद्धिमा कठिन, स्थानीय मातृभाषामा पठनपाठन गराउँदा फरक भाषि विद्यार्थीहरूलाई अन्य कक्षा व्यवस्थापन गर्नु, अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक आर्थिक स्रोतको समुचित प्रबन्ध गर्नु, दक्ष, योग्य, तालिमप्राप्त तथा सक्षम शिक्षकहरूको प्राप्ति, प्रयोग, उत्प्रेरणा एवम् विद्यालयमा टिकाइराख्नु तथा गणित, अंग्रजी र विज्ञान जस्ता विषय शिक्षकहरू पदपूर्ति समयमै गर्नु, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभाक संघ र अभिभावकहरूको भूमिकामा प्रभावकारिता अभिवृद्धि गर्नु, विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाहरूको पहुँच र सहभागिता सुनिश्चित गर्नु र बसाइसराइका कारण विद्यार्थी सङ्ख्या घट्दो अवस्थामा हुनु ।

#### *अवसरहरू*

माथि उल्लेख गरिएका चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरू रहेका छन् । विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहनु, दिगो विकासको लक्ष्य प्राप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्ध हुनु, सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकारात्मक जनमत हुनु, शैक्षिक अभियन्ता तथा सरोकारवालाहरूको अग्रसरता हुनु, विद्यालयमा भौतिक तथा निर्माणका कार्यक्रमहरू गाउँपालिका मार्फत योजना हुनु, समयानुकूल प्रविधिको पहिचान तथा शिक्षण सिकाइमा प्रयोग हुनु, अतिरिक्त क्रियाकलापहरू मार्फत बालबालिकाहरूको प्रतिभाहरूलाई अवसर प्रदान गरिनु, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सरोकारवालाहरूबाट विभिन्न क्रियाकलापहरू सञ्चालन गरिनु, शिक्षकरहरूलाई तालिमको व्यवस्थापन गरिनु, दोस्रो भाषी

बालबालिकाहरूलाई सिकाइ सहज वातावरण सहज हुनु र स्थानीय तहबाट आवश्यकताअनुसार दरबन्दी सिर्जना गरी शिक्षण सिकाइ वातावरण तयार गर्ने।

# परिच्छेदः दुई

# दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

२०७२ सालमा जारी गरिएको वर्तमान नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानुनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनवमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुनवमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिका हकलगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँडसम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढङ्गले अगाडि बढाई स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे विद्यालय शिक्षा क्षेत्रको योजना (सन् २०२६-सन् २०९१) तयार गरिएको छ।

विसं २०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भएपछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहस्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरू र गरेका प्रतिवद्धताहरूलाई पूरा गर्नको लागि शिक्षा विकास गुरूयोजनाले महत्त्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस नगरपालिकाको गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक सङ्घका पदाधिकारीहरू, शिक्षक कर्मचारी, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू, बाल क्लवलगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरी महत्त्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्मअनुरूप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजनालगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरू योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढङ्गले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२६-सन् २०९५) निर्माण गर्नु सान्दर्भिक देखिन्छ।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले विसं २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

## २.२ दूर दृष्टि

शैक्षिक गुणस्तर प्रत्याभुतिको सुनिश्चितता व्यावसायिक, प्रविधिमैत्री र जीवनउपयोगी शिक्षामा प्राथमिकता

## २.३ लक्ष्य

प्रविधिमैत्री, सिपमूलक, जीवनोपयोगी शिक्षामा समान पहुँच र सहभागिता गराई प्रतिस्पर्धी, रोजगारमूलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने।

## २.४ उद्देश्य

- शैक्षिक गुणस्तर वृद्धि गर्दै ठाउँ सुहाउदो सिप र श्रम गर्न सक्ने आवश्यक जनशक्ति तयार गर्नु
- स्थानीय ज्ञान, सिप, प्रविधिलाई जोड दिइ जिवनोपयोगी शिक्षा प्रदान गर्नु
- नविनतम प्रविधिको प्रयोग गरी शिक्षण सिकाइलाई जीवन उपयोगी बनाउनु
- विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु बालमैत्री वातावरण तयार गरी पिछडिएकका जाति, वर्ग, क्षेत्र, लिङ्ग गरी समुदायलाई विद्यालय शिक्षको पहुँचमा ल्याउनु
- उपयुक्त शैक्षिक पूर्वाधार सहितको बालमैत्री, अपाङ्गमैत्री, लैंगिकमैत्री र प्रविधिमैत्री वातावरण तयार गर्नु
- गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै श्रम र सिप सहितको शैक्षिक जनशक्ति उत्पादन गर्नु
- सबै खालका बालबालिकाहरूलाई शिक्षाको पहुँच सुनिश्चित गर्नु
- शैक्षणिक क्रियाकलापहरूमा विद्यार्थीको पहुँच सुनिश्चित गर्नु
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गरी शिक्षण सिकाइ वातावरण निर्माण गर्नु
- नैतिक शिक्षा मार्फत विद्यार्थीहरूको सामाजिकिकरणमा सहयोग गर्नु
- आधारभूंत तथा माध्यमिक विद्यालय शिक्षामा समन्यायिक पहुँच वस्तार गर्दै शैक्षिक गुणस्तर सुधार गर्नु
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्धि गर्नु
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहीता र उत्तरदायित्वमा सुधार गर्नु
- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु

- अभिभावक शिक्षा तथा सचेतना वृद्धि गर्नु
- आठराई गाउँपालिकाभित्रका दृष्टिबिहीन, कान नसुन्ने, बोल्न नसक्ने, शारीरिक अशक्तता भएका बालबालिकालाई विशेष व्यवस्था गरी शिक्षाको पहुँचमा ल्याउनु
- आवाशीय विद्यालय सञ्चालन गर्नु
- विद्यालय यातायातको व्यवस्थापन र सञ्चालन गर्नु

## २.५ रणनीति

- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गर्दै बाल विकास केन्द्रको व्यवस्थापन अवस्था विश्लेषण सर्वे गरी राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका बमोजिम गर्ने
- शिक्षक दरबन्दी मिलान नियमित गर्दै अपुग शिक्षक भएका विद्यालयमा स्वयंमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था गर्ने
- विभिन्न निकायहरूसँग समन्वय सहकार्य गर्दै शिक्षाको बजेटमा वृद्धि गर्ने
- स्थानीय भाषा, लिपी संस्कार तथा संस्कृतिजन्य ज्ञान, सिप र क्षमता अभिवृद्धिका लागि आवश्यक अवसरहरूको सुनिश्चितता गर्ने
- सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार गर्ने
- अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डबमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेशअनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने
- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने

- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने
- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने
- विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने
- विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने
- विद्यालयमा गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिका सहज पहुँचको आधार तयार हुने
- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने
- स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने
- विभिन्न समिति, प्रधानाध्यापक र लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुने
- विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुने
- आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन भएको हुने
- प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि भएको हुने
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हुने
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भइ नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- आवाशीय विद्यालय सञ्चालनमा आइ शैक्षिक गुणस्तर अभिवृद्धि हुने
- विद्यालय बसको व्यवस्थापन र सञ्चालनले बालबालिका लाभान्वित भएको हुने
- प्रविधिको सहज उपलब्धता र प्रयोगले शैक्षिक गुणस्तर सुधार भएको हुने
- जीवनोपयोगी सिपले उत्पादित जनशक्ति रोजगारीमा रहने अवस्था सिर्जना हुने

## २.६ कार्यनीति

- विद्यालय तहका सबै बालबालिकाहरूको पुहँचमा सुधारको लागि भर्ना अभियानलाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा एक समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियानसहित विद्यार्थी विवरणसहितको सशक्त र प्रभावकारी बनाइनुका साथै अभियान कार्यक्रम विद्यालय वडा तथा  गाउँपालिका स्तरीय सञ्चालन गरिनेछ।
- विद्यालय जान नसक्ने बालबालिकाहरूको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिका शैक्षिक सहयोगका लागि बालबालिकासँग गाउँपालिका अध्यक्ष कार्यक्रम लागु गर्ने र बालबालिका अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ।
- हरेक वडासहित गाउँपालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइनेछ।
- प्रधानाध्यापकहरूले खाईपाई आएको तलवको १० प्रतिशत भत्ताको व्यवस्था गरिनेछ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ।
- निरन्तर सिकाइको लागि माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई थप सिकाइका लागि एक कार्यविधि तयार गरी परिचालन गरिनेछ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगको लागि गाउँपालिका तहमा विज्ञ शिक्षक व्यवस्थापन कार्यविधि बनाई लागु गरिनेछ।
- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएको हुनेछ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेसागत विकास र सहयोगमा प्राथमिकता दिंदै सिकाइको लागि मूल्याङ्कनका साथै गाउँपालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ।
- सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्यूनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिनेछ।
- शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रूपमा तोकि कार्यान्वयनमा ल्याइनेछ।
- आधारभूंत तहमा स्थानीय पाठ्यक्रम पूर्ण रूपमा लागु गरिनेछ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरू सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ।

- निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ ।
- विद्यालय प्रअको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वसनीय गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ । साथै प्रधानाध्यापकहरूका लागि समयसापेक्ष रूपमा भत्ताको व्यवस्था गरिनेछ ।
- विद्यालयको सुशासन, जवाफदेहीता तथा व्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरू कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरूमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक वर्ष विद्यालयको कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मूल्याङ्कनका आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरूको जानकारीको प्रतिवेदन मासिक रूपमा सूचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाईने छ ।
- सङ्कटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न गाउँपालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम लागि भर्चुअल सिकाइ सहजीकरणको व्यवस्था मिलाईनेछ ।
- अभिभावक तथा समुदाय सचेतीकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरूलाई परिचालन गरिनेछ ।
- रिक्त दरबन्दी तथा विविध कारणले बिदामा रहेका शिक्षकको लागि शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक शिक्षकको व्यवस्था गरिनेछ ।
- भौतिक पूर्वाधार (भवन, खेलमैदान, घेराबारा, स्वच्छ पिउने पानी, शौचालय, फर्निचर आदि) विकास गरिनेछ ।
- सार्वजनिक पदधारण गरेका पदाधिकारी, सरकारी वेतनधारी कर्मचारी, शिक्षकहरूका सन्ततिहरूलाई सरकारी विद्यालयमा अनिवार्य पढाउने नीति लिईनेछ ।
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।
- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।
- आवाशीय विद्यालय व्यवस्थापन गरी बसाइ सराइलाई न्यूनीकरण गर्दै सबै बालबालिकालाई विद्यालय शिक्षाको मूल प्रवाहमा समाहित गरिनेछ ।
- विद्यालय बसको व्यवस्था गरी बालबालिकालाई विद्यालय जान आउन सहज वातावरण तयार गरिनेछ ।

## २.७ अपेक्षित उपलब्धि

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुने हुनेछ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।
- सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन्।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ।
- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ।
- सबै बालबालिकाहरूलाई निशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ।
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ।
- माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ।
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ।
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।
- आवाशीय विद्यालयले छात्रछात्रालाई सुरक्षित, भय रहित वातावरणमा सिक्ने सिकाउने अवसर प्राप्त भएको हुनेछ।
- विद्यालय बसको व्यवस्थापनले शिक्षाको पहुँच सर्वसुलभ हुनेछ।

## २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचकहरू र लक्ष्य निर्धारण

| मुख्य कार्यसम्पादन सूचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सूचकाङ्क | आ ब २०८२ | आ ब २०८५ | आ ब २०९० |
| १.१ | प्रारम्भिक बालविकास | प्रारम्भिकबालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ६५.१ | ८० | १०० |
| १.२ | | प्रारम्भिकबालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ७४.२ | ८५ | १०० |
| २.१ | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका खुद प्रवेश दर (%) | ९६.६ | ९८ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका कूल प्रवेश दर (%) | १०३.२ | ११० | १२५ |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्नादर* (%) | ९६.६ | ९८ | १०० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | ११८.५ | १२५ | १३५ |
| २.५ | | आधारभूत तह कक्षा ६-८ मा खुद भर्ना दर* (%) | ९४.७ | ९६ | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | १३२.८ | १३५ | १४० |
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९५.९ | ९७.६ | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १२३.६ | १२८ | १३४ |
| २.९ | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८७.९ | ९२ | १०० |
| ३.१ | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७४.७ | ८७१ | १०० |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ८८.४ | ९३ | १०० |
| ३.३ | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ३१.६ | ६० | १०० |
| ३.४ | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ५५.६ | ७० | १०० |
| ३.५ | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५०.३ | ७० | १०० |
| ३.६ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ६९.८ | ७८ | १०० |

| मुख्य कार्यसम्पादन सूचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सूचकाङ्क | आ ब २०८२ | आ ब २०८५ | आ ब २०९० |
| ४.१ | छोड्नेदर | आधारभूत तह (कक्षा १-८) | ०.८ | ० | ० |
| ४.२ | | माध्यमिक तह (कक्षा ९-१०) | १.८ | १ | ० |
| ४.३ | दोहोऱ्याउने दर | माध्यमिक तह (कक्षा ९-१०) | १४.२ | ८ | ० |

# परिच्छेद: तीन

# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिका हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अङ्गको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा बालबालिका सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिमा सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिका शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर आठराई गाउँपालिकाले निर्माण गरेको यस विद्यालय शिक्षा क्षेत्रको योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने  प्रयास स्वरूप कार्यक्रमहरू समावेश गरिएको छ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई सामान्य लेख पढ गराउने अक्षर तथा अङ्क चिनाउने कुरामा जोड दिनुका साथै बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाको लागि तयार गर्ने। प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरू विभिन्न समायवधिमा सञ्चालन गर्ने प्रचलन भएपनि ४ वर्षको उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख गरिएको छ। पाठ्यक्रम प्रारूप २०७६ अनुसार चार वर्ष उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख छ भने चार वर्षभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक पक्षको विकास गराउन सकिने कुरा उल्लेख गरिएको छ।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अभिन्न अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ। बालबालिका शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत

शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ।

### ३.१.१ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने राष्ट्रिय शिक्षा नीति २०७६ ले बालबालिका सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उद्देश्य लिएको छ भने उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तिमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ। त्यस्तैगरी १५ औँ योजनाले प्रारम्भिक शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा लिई सबै बालबालिकाहरूको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनीतिका रूपमा बालविकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको व्यवस्थापनको न्यूनतम मापदण्ड पूरा गर्ने नीति लिइएको छ।

आठराई गाउँपालिकामा ० देखि ४ वर्ष सम्मका पुरुषको ७५१ जना र महिलाहरूको ७०४ जना बालबालिकाहरूको गरी जम्मा सङ्ख्या १४५५ जना रहेको छ। जम्मा ५१८ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन्। विद्यालयमा आधारित बालविकासमा ५९ रहेका छन्। प्रारम्भिक बालविकासको अवसर सर्वसुलभ गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ। प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेको छ।

### *३.१.२ उद्देश्य*

- सबै ५ वर्ष मुनिका बालबालिकाहरूलाई प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गरी विद्यालयमा आउने बानीको विकासका साथै सरसफाइ रहने र सामान्य लेखपढ गर्न सक्ने बनाउनु प्रारम्भिक बाल विकास केन्द्रको प्रमुख उद्देश्य हुनेछ।

आठराई गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको उद्देश्य हुने छन् -

- ५ वर्ष मुनिका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु
- ५ वर्ष मुनिको सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँचमा सुधार ल्याउनु

- सबै सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र स्थापना गर्नु
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५  को मापदण्डअनुसार बनाएर गुणस्तरीय बनाउनु
- प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु
- सबै प्रारम्भिक बालविकास केन्द्रमा आधुनिक शैक्षणिक प्रविधिको प्रयोग गराउनु
- प्रारम्भिक कुराहरू कक्षाकोठाका भित्तामा भित्तेलेखन गर्न साथै आँखालाई असर नपर्ने रङको प्रयोग गर्नु
- अपाङ्ग बालबालिकाहरूलाई बालशिक्षाको पहुँचमा ल्याउनु
- बालविकास सहजकर्ताहरूलाई स्थायी गर्नु
- वैकल्पिक सहयोगी कार्यकर्ता तथा स्वयंसेवक शिक्षकको व्यवस्था गर्नु
- विद्यार्थी सङ्ख्याको आधारमा सहयोगी कार्यकर्ता थप गर्ने
- बालमैत्री कक्षाको व्यवस्था गर्नु
- पर्याप्त बाल सामाग्रीको व्यवस्था गर्नु
- बिजुली बत्तीको व्यवस्था गर्नु
- समय समयमा बालविकास सहजकर्तालाई पुनरताजगी तालिमको व्यवस्था गर्ने
- सम्बन्धित निकायबाट अनुगमनको व्यवस्था गर्नु
- प्राथमिक उपचारको व्यवस्था गर्नु
- उत्कृष्ट बाल सहजकार्तालाई पुरस्कारको व्यवस्था गर्नु
- दिवा आवास कार्यक्रम सञ्चालन गर्नु
- विद्यालय बसको व्यवस्थापन गर्नु

### *३.१.३ रणनीति*

यस गाउँपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ। जसको लागि तलका कार्यनीतिहरू कार्यान्वयनमा ल्याउने छ   -

- प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ बमोजिम प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
- जटिल भौगोलिक क्षेत्रमा बसोवास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका ४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गरिनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने  साथै अभिभावक सचेतना कार्यक्रमलाई जोड दिइने छ।

- बालविकास सहजकर्ताहरूको क्षमता विकास सँगै प्रोत्साहनका गतिविधिहरू सञ्चालन गरिने छ।
- बालविकास केन्द्रलाई व्यवस्थित बनाउनको लागि अभिभावक तथा समुदायलाई समेत परिचालन गरिनेछ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्डअनुरूप बसाइ व्यवस्थापन र सरसफाइलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, श्रव्य, दृष्य तथा श्रव्यदृष्य सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सहयोगी कार्यकर्ताहरूको क्षमता विकासमा ध्यान दिदै तालिम प्राप्त योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिनेछ।
- एक वडा एक नमुना बालविकास केन्द्रको निर्माण गर्दै लगिनेछ।
- सबै सामुदायिक विद्यालयमा माग र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गरिनेछ
- प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारीताको लागि बालबालिका परिवार, विद्यालय, सहयोगी कार्यकर्ता, विद्यालय प्रधानाध्यापकलाई पहिलो जिम्मेवार बनाइनेछ।
- बालबालिका सरसफाइ, शिक्षा तथा स्वास्थ्य परीक्षण सम्बन्धी, पोषण, गर्भवती तथा शिक्षा सम्वन्धी अभिभावक सचेतना कार्यक्रम वर्षमा न्यूनतम १ पटक गराइनेछ।
- प्रारम्भिक बालविकास केन्द्र सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता न्यूनतम कक्षा १२ बनाइदै लगिनेछ र सहयोगी कार्यकर्ता महिलामात्र नियुक्त गरिनेछ। जसमा विवाहित तथा स्थानीय महिलाई विशेष प्रथामिकता दिइनेछ।
- प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई दिवा खाजामा पोषणयुक्त खानेकुराको व्यवस्था गरिने छ साथै समयसापेक्ष दिवा खाजाको लागि आर्थिक व्यवस्थापन गरिनेछ।
- बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित उपलब्धिका आधारमा पुरस्कारको व्यवस्था गरिने छ।
- बालविकास केन्द्रको नियमित अनुगमन तथा समीक्षा वैठक सञ्चालन गरिने छ।
- बालविकास सहयोगी कार्यकर्ताको क्षमता विकास तथा समस्यामा आधरित तालिम सञ्चालन गरिने छ।
- बालबालिकालाई स्तरअनुसारको झोला, स्टेस्नरी तथा अतिरिक्त एक सेट कपडा सहित प्रारम्भिक बालविकास केन्द्रमा उपस्थित गराउन विद्यालय तथा अभिभावकलाई जिम्मेवार बनाइने छ।
- प्रारम्भिक बालविकास केन्द्रमा शिक्षिकाबाहेक अरू एक जना सुसारेको व्यवस्था गरिने छ।
- उत्कृष्ट बालसहजकर्तालाई पुरस्कारको व्यवस्था गरिने छ।
- प्राथमिक उपचारको लागि बाकस सहितको उपचारको व्यवस्था गरिने छ।
- प्रति बालविकास केन्द्र २५ भन्दा बढी विद्यार्थी भएमा थप शिक्षिकाको व्यवस्था गरिने छ।

### *३.१.४ उपलब्धि तथा प्रमुख नतिजाहरू*

**उपलब्धि**

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

- सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन भएका हुनेछन् ।
- प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई ल्याउन पुऱ्याउन अभिभावक तथा विद्यालय जिम्मेवार भएका हुनेछन् ।
- बालमैत्री तथा प्रविधिमैत्री कक्षाकोठाको व्यवस्था भएको हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार भएको हुनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रहरू प्रारम्भिक बालविकास सम्वन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ ( पहिलो संशोधन २०७५) अनुसार मापदण्ड पूरा भएका हुनेछन् ।
- सबै प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ताहरू मण्टेश्वरीमा आधारित तालिम प्राप्त हुनेछन् ।
- साझेदार संघ संस्थाहरूसँग सहकार्य गरी प्रारम्भिक बालविकास केन्द्रलाई व्यवस्थित बनाइएको हुने छ ।

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ६५.१ | ६६ | ६७ | ६८ | ६९ | ७० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ | ६२ |

### *३.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य*

| क्रसं | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | भौतिक लक्ष्य (५ वर्ष) | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | भौतिक लक्ष्य (५ वर्ष) | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| २ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | समय | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय/ शिक्षा शाखा |
| ३ | अति विपन्न तथा पीछडिएका वर्गका बालबालिकाहरूको लागि शैक्षिक सामग्रीहरू सहयोग गर्ने । | समय | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकास केन्द्रको व्यवस्था गर्ने | सामुदायिक विद्यालयमा | | | | | | | १ | स्थानीय तह/प्रदेश |
| ५ | बालशिक्षालाई थप गुणस्तरको लागि थप शिक्षकको व्यवस्था गर्ने । २५जना भन्दा बढी विद्यार्थी भएमा थप शिक्षकको व्यवस्था गर्ने । | निरन्तर | | | | | | | १० | स्थानीय तह |
| ७ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | | | | | | | | स्थानीय तह |
| ८ | प्रत्येक वडामा एक नमुना बालविकास केन्द्र स्थापना | वर्षको १ विद्यालय | | | | | | | ७ | स्थानीय तह |
| ९ | अपाङ्गमैत्री बालविकास केन्द्र स्थापना | सङ्ख्या | २ | ५ | ५ | ८ | १० | ३० | ६० | स्थानीय तह |

| क्रसं | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | भौतिक लक्ष्य (५ वर्ष) | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| १० | अनुगमन तथा समीक्षा वैठक त्रैमासिक | त्रैमासिक | ४ | ४ | ४ | ४ | ४ | १२ | | स्थानीय तह/ शिक्षा शाखा |
| ११ | प्राथमिक उपचारको औषधि तथा बाकस सहितको व्यवस्था | निरन्तर | | | | | | | | स्थानीय तह शिक्षा शाखा |
| १२ | बाल सहजकर्तालाई पुरस्कारको व्यवस्था गर्ने | प्रत्येक वर्ष | | ५ | ५ | ५ | ५ | २० | | स्थानीय तह शिक्षा शाखा |

## ३.२ आधारभूत शिक्षा

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई परिभाषित गरेको छ। आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरूको उमेर समूह ४ वर्षदेखि १३ वर्षसम्म रहेको छ। आधारभूत तह कक्षा १–३ मा कक्षा ४ -५ र कक्षा ६-८ सञ्चालन भएका विद्यालयहरूमा विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पूनसंरचना गरी कक्षा १-८ लाई आधारभूत शिक्षाको रूपमा परिभाषित गरिएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई एकीकृत गरी बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। आधारभूत तहमा प्रदान गरिने गुणस्तरीय शिक्षाले राष्ट्र र समाजमा रहेका गरीबी हटाउन जोड दिनुका साथै व्यक्तिको जीवनस्तर उकास्नमा टेवा पुऱ्याउन सक्ने भएकोले समाज र राष्ट्रलाई अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न प्रतिवेदनहरूले देखाएका छन्। आधारभूत तहको शिक्षा अध्ययन पश्चात् यसको महत्त्वलाई दृष्टिगत गर्दै यसलाई गुणस्तरीय योजनाबद्ध रूपमा व्यवस्थित गर्नका लागि आठराई गाउँपालिकाले यस १० वर्षे योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षामा पहुँच गुणस्तर, बालमैत्री र प्रविधिमैत्री तथा व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षा गर्दै यसमा देखिएका चुनौतीहरू पहिचान गरी आगामी १० वर्षका लागि आधारभूत तहको शिक्षा विकासका लक्ष्य उद्देश्यहरू, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू उल्लेख गरिएको छ।

नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र राख्ने व्यवस्था गरिएको छ भने संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि समेटिएको छ। संविधानमा उल्लेख भएका प्रावधानहरूले सम्पूर्ण बालबालिकाहरूलाई बालमैत्री, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रदान गर्न तीनै तहका सरकारहरू जिम्मेवार रहनुपर्ने प्रावधान रहेको छ।

### ३.२.१ वर्तमान अवस्था

आठराई गाउँपालिकाभित्र कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित सामुदायिक विद्यालयहरू जम्मा ३४ ओटा र संस्थागत विद्यालय २ ओटा गरी जम्मा ३६ ओटा रहेका छन् । कक्षा १ देखि कक्षा ८ सम्म सामुदायिक १६ र निजी १ गरी जम्मा १७ ओटा विद्यालयहरू रहेका छन् । शैक्षिक सत्र २०८२ मा कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत छात्राको सङ्ख्या ८४५ जना र छात्रको सङ्ख्या ८४८ जना गरी जम्मा १६९३ जना रहेका छन् भने कक्षा ६ देखि ८ सम्म जम्मा छात्राको सङ्ख्या ५०६ र छात्रको सङ्ख्या ५०१ गरी कूल विद्यार्थीको सङ्ख्या १००७ जना रहेको छ । सञ्चालन भएका प्रस्तावित विद्यालयमा हालसम्म स्वीकृत दरबन्दी नभएकोले कक्षा सञ्चालनमा ठुलो अवरोध सिर्जना भएको छ । जसको कारण शैक्षिक गुणस्तर अभिवृद्धि गर्नमा समस्या देखिएको छ । आधारभूत शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरू रहेका छन् । आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका दलित, जनजातिहरू, दुर्गम तथा पिछडिएको क्षेत्रमा रहेका बालबालिकाहरूको पहुँच अन्यको तुलनामा कम रहेको छ ।

### ३.२.२ *उद्देश्य*

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गरी शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चितता गर्नु
- सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गर्ने व्यवस्था सुनिश्चितता गर्नु
- विद्यार्थीहरूको औषत सिकाइ उपलब्धिलाई राष्ट्रिय मापदण्ड अनुसार बनाउनु
- विद्यालयको भौतिक, शैक्षिक व्यवस्थापकीय वातावरणमा सुधार गर्दै बालमैत्री, अपाङ्गमैत्री, समावेशी, प्रविधिमैत्री जवाफदेही सुरक्षित बनाउनु
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिँदै प्राविधिक शिक्षातर्फ बालबालिकालाई आकर्षित गर्नु

### ३.२.३ *रणनीति*

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नानुसारका रणनीतिहरू अवलम्वन गरिएको छ ।

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहले आवश्यक नीति, नियम र कानुन तर्जुमा गरी आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- विद्यालयीय शिक्षालाई ICT ल्याव व्यवस्थापनका प्रविधिहरू तयार गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गर्ने ।
- विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्ने ।

- मूल्याङ्कनलाई शिक्षण क्रियाकलापको अभिन्न अङ्गको रूपमा प्रयोग गर्दै विद्यार्थीलाई निरन्तर मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने
- विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहीता, सुनिश्चितता तथा सुधारका क्षेत्र पहिचान गर्ने
- कक्षा ६-८ मा शिक्षक विद्यार्थीको अनुपात मिलान गर्दै आर्थिक स्रोतको व्यवस्थापन गर्न स्थानीय सरकार मार्फत सङ्घीय सरकारसँग पहल गर्ने
- विद्यालयका सरोकारवालाहरूलाई विद्यालयप्रतिको अपनत्व भावना जागृत गराउन क्षमता विकास गर्न तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्ने
- बाल कक्षादेखि ५ कक्षासम्म स्थानीय स्तरमा उपलव्ध पौष्टिक तथा स्वस्थकर दिवा खाजालाई गुणात्मक र परिमाणात्मक बनाउन थप रकमको व्यवस्था गर्ने साथै कक्षा ८ सम्म दिवाखाजा कार्यक्रम विस्तार गर्ने
- विद्यालय शिक्षालाई विभिन्न प्रकोप, महामारी, सङ्कट लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
- हरेक विद्यालयमा न्यूनत्तम भौतिक पूर्वाधार विकासको व्यवस्थापन गर्ने । कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि बालमैत्री सिकाइ वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितीय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीय सिप केन्द्रित क्रियाकलापहरूलाई निरन्तर गरिने छ।

### *३.१.४ प्रमुख उपलब्धि तथा नतिजा*

*उपलब्धि*

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच अभिवृद्धि र सहभागितामा सुनिश्चितता हुने
- प्राविधिक र व्यावसायिक शिक्षाको माध्यमबाट ज्ञान, सिप र क्षमतामा आधारित रोजगारमूलक, उत्पादनशील, जीवनोपवयोगी, गुणस्तरीय शिक्षा सुनिश्चितता गर्ने

***प्रमुख नतिजा***

- विद्यालय शिक्षालाई विभिन्न महामारी रोग, प्रकोप, सङ्कट लगायतका परिस्थितिप्रति सचेत बनाइएको हुने
- सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न अपुग भएका शिक्षक दरबन्दीलाई पूर्नवितरण तथा नयाँ दरबन्दीको व्यवस्थापन भएको हुने
- विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन ICT ल्याव व्यवस्थापन गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरिएको हुने
- विद्यार्थीहरूको सिकाइ उपलब्धि राष्ट्रिय मापदण्डमा तोकिए बमोजिम भएको हुने

- सबै बालबालिकाहरूलाई आधारभूत शिक्षामा सहभागी गराइएको हुने
- विद्यालयमा शिक्षक तथा कर्मचारीको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षाको प्रवाह अघि बढि शैक्षिक सुशासन  कायम भएको हुने
- विद्यालयहरूमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरी पौष्टिक तथा स्वस्थकर दिवा खाजाको व्यवस्थाबाट स्वास्थ्य अवस्थामा सुधार हुनुका साथै विद्यालय आउने वातावरण सिर्जना भएको हुने
- सबै शिक्षकहरू अध्यापन अनुमति पत्र प्राप्त तालिम र प्रविधिमा दक्ष भएका हुने
- आर्थिक पारदर्शिता तथा जवाफदेहीता सुनिश्चित भएको हुने
- प्रत्येक तीनतीन महिनामा सबै बालबालिकाहरूको स्वास्थ्य परीक्षण भएको हुने
- शिक्षक तथा कर्मचारीको नियमितता तथा कक्षामा पूरा समय शिक्षणसिकाइ क्रियाकलापमा बिताएको हुने
- विद्यार्थी केन्द्रित शिक्षण विधिहरूको प्रयोग भएको हुने

| **क्रसं** | **सूचक (उदाहरण)** | **आधार वर्ष (२०८२/८३)** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिका सङ्ख्या | ० | | | | | |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | ३३० | | | | | |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | २५ | २५ | ३० | ३० | ३४ | ३४ |

### ३.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| १ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना | निरन्तर | | | | | | | | विद्यालय, स्थानीय तह |
| २ | स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण कक्षा १ देखि ५ र ५ देखि ८ सम्म | कक्षा | ७ | ८ | ४-५ | ६ | १-३ | सबै | | शिक्षा शाखा |
| ३ | वि.व्य.स तथा शि.अ.स तथा सरोकारवाला हरूलाई क्षमत विकास तालिम | समय | २ | २ | २ | २ | २ | १० | १० | शिक्षा शाखा, |
| ४ | प्रविधिमैत्री शिक्षक तालिम | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १० | स्थानीय तह |
| ५ | आधारभूत तहमा (कक्षा ६-८) शिक्षक व्यवस्थापन | सङ्ख्या | | २ | | २ | | ४ | १० | स्थानीय तह |
| ६ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास तालिम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, स्थानीय तह |
| ७ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | | १ | २ | २ | शिक्षा शाखा |
| ८ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनरावलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ९ | आर्थिक रूपमा विपन्नका लागि न्यानो कपडा विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | १ | १ | १ | १ | १ | ५ | ५ | संघ, प्रदेश गाउँपालिका |
| १० | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | सङ्ख्या | ६ | | | | | | | संघर प्रदेश र गाउँपालिका |

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| ११ | विद्यालय शिक्षालाई महामारी रोग,प्रकोप, सङ्कट तथा योजना तयारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघर प्रदेश र गाउँपालिका |
| १२ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विधार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | संघर प्रदेश र गाउँपालिका |
| १३ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | निरन्तर | | | | | | | | गाउँपालिका, शिक्षा शाखा |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई आर्थिक सहयोग | निरन्तर | | | | | | | | संघ प्रदेशर गाउँपालिका |
| १५ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी  पाठ्यपुस्तक | प्रतिशत | १०० | | | | | | | विद्यालय |
| १६ | कक्षा १ देखि ३ सम्मको पठनसिप तथा गणितीय सिप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरू सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | प्रतिशत | २ | २ | २ | २ | २ | १० | १० | गाउँपालिका, शिक्षा शाखा |
| १७ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनीतिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि | प्रतिशत | १० | | | | | | | गाउँपालिका, शिक्षा शाखा |

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| | शैक्षिक सामग्री सहयोग कार्यक्रम | | | | | | | | | |
| १८ | विद्यालय स्तरीय तथा गाउँपालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका, शिक्षा शाखा |
| १९ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | सङ्ख्या | सबै | | | | | | | गाउँपालिका, शिक्षा शाखा |
| २० | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १० | गाउँपालिका, शिक्षा शाखा |

## ३.३ माध्यमिक शिक्षा

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा पूर्ण रूपमा नि:शुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ। यो शिक्षा अनिवार्य तथा पूर्ण नि:शुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकहरूलाई माध्यमिक शिक्षा प्रदान गर्ने पूर्ण दायित्व राज्यको हुने उल्लेख गरिएको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था रहेको देखिन्छ भने अर्कोतर्फ संघ, प्रदेश तथा स्थानीय सरकारको साझा अधिकार क्षेत्रभित्र रहने व्यवस्था रहेको छ। संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय र नि:शुल्क शिक्षा सुनिश्चत गर्ने एकल तथा साझा अधिकारका रूपमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रूपमा लिएको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकालाई कक्षा १-८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसके पछि सिकारुको रूचि, आवश्यकता र क्षमताको आधारमा माध्यमिक तहमा परम्परागत, प्राविधिक तथा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्छ। यो तहको शिक्षालाई व्यावसायिक, गुणस्तरीय, रोजगारमूलक, सिपमूलक, जीवनोपयोगी, उत्पादनमूलक बनाउनु पर्दछ। आधारभूत तहमा प्राप्त गरेको भाषिक तथा गणितीय सिपको उपयोग गरी आफ्नो रूचि, आवश्यकता, क्षमता तथा दक्षताको आधारमा सिकारुले साधारण शिक्षाको लक्ष्य लिई विभिन्न विषय र क्षेत्रमा प्राविधिक तथा व्यावसायिक सिप हासिल गरी भविष्यमा आयआर्जनको मार्ग सुनिश्चत गर्ने भन्ने उद्देश्य माध्यमिक तहको शिक्षाले गर्नु पर्दछ। यस आठराई

गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सिपमूलक, रोजगारमूलक, निःशुल्क, बालमैत्री, प्रविधिमैत्री र समावेसी गराउने लक्ष्य लिइएको छ।

### *३.३.१ वर्तमान अवस्था*

आठराई गाउँपालिकाभित्र हाल ९ ओटा माध्यमिक विद्यालयहरू सञ्चलित छन्। यस  गाउँपालिकाको कक्षा ९-१० मा जम्मा विद्यार्थी ५९० जना रहेका छन्। जसमा छात्रा २९१ र छात्र २९९ जना रहेका छन्। कक्षा ११- १२ मा जम्मा विद्यार्थी ३३४ जना रहेका छन्। जसमा छात्रा १२४ र छात्र ११० रहेका छन्। शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरू रहेका छन्।

### *३.३.२. उद्देश्य*

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, अपाङ्गतामैत्री समावेशी र सुरक्षित बनाउनु
- माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु
- माध्यमिक तहका शिक्षकहरूलाई पेसागत क्षमता विकास गरी शिक्षण सिकाइ गुणस्तरीय बनाउनु
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रदान गर्न विषयगत शिक्षकको व्यवस्था गर्नु
- माध्यमिक तहमा शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउनु
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु
- एस इ इ पछिको पढाइका लागि अन्यत्र जाने परिपाटीको अन्त्य गर्नु

### *३.३.३ रणनीति*

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालय नक्शाङ्कन मार्फत् सबै बालबालिका पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ।
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिनेछ।
- माध्यमिक तह सञ्चालित प्रस्तावित विद्यालयहरूमा विद्यार्थी अनुपातको आधारमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ।

- प्रत्येक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुदृढ गरिनेछ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्रअ व्यवस्थापन गरिनेछ।
- विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।
- आठराई गाउँपालिकाभित्र रहेका कम्तिमा २ ओटा माध्यमिक विद्यालयहरूमा कक्षा ९-१२ मा प्राविधिक धारको शिक्षा व्यवस्थापन गर्न पूर्वाधार विकास गरिनेछ।
- कम्तिमा १ ओटा माध्यमिक विद्यालयमा ११-१२ कक्षामा विज्ञान विषय अध्ययनका लागि भौतिक पूर्वाधार सहितको व्यवस्था गरिनेछ।
- आवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ।
- माध्यमिक तह सञ्चालित विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक विषयको व्यवस्था गरिनेछ।
- स्थानीय तहसँग आवश्यक परामर्श र सहकार्य गरी विद्यालय शिक्षालाई दैवी प्रकोप, सङ्कट, महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ।
- माध्यमिक विद्यालय शिक्षादेखि नै विज्ञान प्रविधि, ईन्जिनियरिङ्ग, कला र गणित शिक्षा जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्दै लगिनेछ।
- उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहन पुरस्कार वितरण गरिनेछ।
- एस इ इ पछिको पढाइका लागि अन्यत्र जाने परिपाटीको अन्त्य हुनेछ। वा यही टिकाई राखिने छ।

### ***३.३.४. प्रमुख उपलब्धि तथा नतिजा***

***उपलब्धि***

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने
- सबै माध्यमिक विद्यालयहरूले आधारभूत मापदण्ड पूरा गरेको हुने

**नतिजा**

- माध्यमिक शिक्षा पूरा गर्न सिकारुले निम्नतम सिकाइ उपलब्धि हासिल गरेको हुने
- माध्यमिक तहमा प्राविधिक तथा व्यसायिक धारको शिक्षा व्यवस्थित र विस्तारित भएको हुने
- विद्यालयको प्रशासनिक काम गर्न योग्य र सक्षम प्रअको छनोट गरी व्यवस्था हुने
- विद्यालय शिक्षामा प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने

- माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर वृद्धिका लागि पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा परिमार्जन लगनशील र उत्प्रेरित शिक्षकको व्यवस्थापन प्रविधिको समुचित प्रयोग उचित सिकाइ तथा शिक्षण वातावरणको निर्माण भएको हुने
- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गराई खुद भर्ना दर तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरमा कमी आउने
- सबै माध्यमिक विद्यालयहरूमा विषयगत विद्यार्थी शिक्षक अनुपात व्यवस्थित ढङ्गले वितरण गरिएको हुने
- उत्कृष्ट विद्यार्थी पुरस्कृत भएको हुने

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ५९० | | | | | |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ३३४ | | | | | |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ० | ० | ० | ५० | ० | ० |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ५ | ४ | ० | ० | ० | ० |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक नीति तथा  कार्यविधि तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | विद्यालय सेवाक्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवाक्षेत्र एकिन गरी नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ्ग, कला र गणित शिक्षा जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्ने | निरन्तर | | | | | | | | |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | मापदण्डअनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, इन्टरनेट क्षमता विस्तार प्रतिशत स्थानीय तह सुधारको क्रियाकलापअनुसार तालिम | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | सङ्ख्या | १ | | | | | १ | १ | |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकासको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था तथा शिक्षक कर्मचारी | सङ्ख्या | | १ | १ | १ | १ | ५ | ५ | |

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| | डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | |
| ९ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गरी स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामाग्री विकास निरन्तर अद्यावधिक गर्ने। | निरन्तर | | | | | | | | |
| १० | क्षमता र योग्यतामा आधारित प्र.अ. व्यवस्थापन | निरन्तर | | १ | १ | १ | १ | ४ | ५ | |
| ११ | विद्यालय शिक्षालाई महामारी रोग, प्रकोप, सङ्कट तथा योजना तयारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | सङ्ख्या | १ | २ | २ | २ | २ | ९ | | |
| १२ | अपाङ्गता भएका तथा आर्थिक रूपमा विपन्न विद्यार्थीलाई आर्थिक सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विधार्थीको नतिजा विश्लेषण तथा सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १६ | शिक्षक प्रअ, विव्यस, शिअ संघ तथा अभिभावकको क्षमता विकास अभिमुखीकरण तालिम | प्रतिशत | २ | २ | २ | २ | २ | १० | १० | |
| १७ | छात्राहरूलाई सेनेटरी प्याड वितरण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |

## ३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा अपरिहार्य विषयको रूपमा रहेको छ। यसलाई वर्तमान मागको रूपमा नलिई आवश्यकताको रूपमा लिइएको छ। आम जनमानसमा प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ। विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यावसायिक शिक्षामा जोड दिनु बढी उपयुक्त र सान्दर्भिक देखिन्छ। नेपाल सरकारको निर्णय र स्वीकृति ऐन, नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा सामुदायिक विद्यालयाहरूमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो। शिक्षा मन्त्रालय तथा शिक्षा विभाग मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चलन गर्ने निर्णय विसं २०६८ सालमा गरेको थियो सोही निर्णयअनुसार २०७० सालदेखि कक्षा कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ ओटा विद्यालयहरूमा पठनपाठन प्रारम्भ भयो। तत्पश्चात २०७२ सालदेखि ९३ ओटा सामुदायिक विद्यालयहरूमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन शुरु भयो। यस अन्तर्गत ईन्जिनियरिङ्ग तर्फ सिभिल, इलेक्ट्रिकल, कम्प्युटर र कृषि तथा पशु विज्ञान तर्फ बालीविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन्। विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्थाबाट कार्यमूलक, व्यवहारिक, प्राविधिक तथा व्यावसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरी विश्व श्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ।

### *३.४.१ वर्तमान अवस्था*

हरेक देशमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ, मुलुकको भौतिक, शैक्षिक राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरी पर्दछ। हालसम्म आठराई गाउँपालिकाभित्र रहेका कुनै पनि विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारका कक्षाहरू सञ्चालन गर्न सकिएको छैन। यसको मुख्य कारण प्राविधिक दक्ष जनशत्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ। तथापि विश्वबजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुदाँ हरेक माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउन अपरिहार्य रहेको छ।

आठराईमा हाल प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद मार्फत तेह्रथुम बहुप्राविधिक शिक्षालय सञ्चालनमा रहेको छ। यसले माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा कक्षा १० सम्पन्न गरेका जनशक्तिलाई ३६ महिने तालिम प्रदान गर्दै आएको छ। विगत वर्षहरूमा बालीविज्ञान र पशुविज्ञानका विषयहरूमा तालिम सञ्चालन गर्दै गरेको भए तापनि हाल आएर यसले पशुविज्ञानमा ४० जना छात्रछात्रालाई वार्षिक भर्ना गराई कक्षा सञ्चालन गर्ने गरेको छ। यो तालिम लिएका व्यक्तिहरूले बेरोजगार बस्नु परेको छैन। गाउँपालिकाहरूमा प्राविधिक पदमा होस् वा आफ्नै निजी फर्महरू सञ्चालन

गरेर भए पनि उत्पादित जनशक्ति रोजगारीमा लागेको छ। आजको युगमा प्राविधिक शिक्षा अनिवार्य हुनु जरुरी देखिएको छ।

### *३.४.२ उद्देश्य*

- प्राविधिक तथा व्यावसायिक स्थापना गर्न संस्थागत विकास तथा सुदृढीकरण गर्न
- प्राविधिक तथा व्यावसायिक धारको पूर्वाधार विकास गरी दक्ष जनशक्तिको उत्पादन गर्न
- शिक्षालाई प्राविधिक तथा रोजगारमूलक रूपमा प्रदान गरी व्यावसायिक तथा आत्मानिर्भर जनशक्ति निर्माण गर्ने

### *३.४.३ रणनीति*

- यस गाउँपालिकाभित्र कम्तिमा १ ओटा स्नात्तक प्राविधिक तथा व्यावसायिक धारको व्यवस्थापन गर्न सम्बन्धित निकायमा पहल गर्ने
- सम्बन्धन प्राप्त गर्न सम्बन्धित निकायमा पहल गर्ने
- स्थानीय तह मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनार्थ आवश्यक राय सल्लाह गरी आवश्यक आर्थिक पहल गर्ने
- प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरी पढ्दै कमाउदै गरिने कार्यक्रमहरू सञ्चालन गर्ने

### *३.४.४ प्रमुख उपलब्धि तथा नतिजा*

***उपलब्धि***

- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर पाएको हुने
- दक्ष तथा रोजगार उन्मुख जनशक्ति तयार भएको हुने
- आत्मानिर्भर जनशक्ति उत्पादन हुने

***नतिजा***

- सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने
- यस गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढीकरण भएको हुने
- प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर लाभग्राहीहरूले आफ्नै स्थानीय तहमा सहज र सरल रूपमा प्राप्त गरेका हुने

- स्वावलम्बी तथा आमानिर्भर जनशक्ति उत्पादन हुने

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ० | | २० | ४० | ४० | ४० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | - | | | | | |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | - | | | | | |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | - | | | | | |

### ***३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य***

*प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| १ | प्राविधिक तथा व्यावसायिक सम्वन्धन र अनुमति | पटक | | १ | | | | | | |

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | सङ्ख्या | | | १ | | | | | |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि विद्यालय सञ्चालन | सङ्ख्या | | १ | १ | | | | | |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | | | | | | | |
| ५ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको विद्यालयलाई स्तरोन्नति गर्न | निरन्तर | | | | | | | | |

### ३.५ अनौपचारिक तथा निरन्तर शिक्षा

शिक्षा कोक्रोबाट सुरु भएर चिहानमा पुगेर अन्त्य हुन्छ । कुनै पनि मानिस जन्मिएपछि नमरुन्जेलसम्म अनौपचारिक अनियमित हुदै औपचारिक प्रक्रियाबाट जीवन जगत् र वातावरणसँग समयानुकूल विभिन्न अनुभवहरू हासिल गरी नयाँ नयाँ  ज्ञान सिप सिकिरहेको हुन्छ । निश्चित उमेर समूहले समयको परिधिभित्र रही निश्चित विषयवस्तु र निश्चित स्थानमा लिइको औपचारिक ज्ञान सिपलाई मात्र सिकाइ मान्ने हाम्रो चलन रहेको छ । तर मानिसले हर समय केही न केही कुरा सिकिरहेको हुन्छ र मानिस जीवन भर नयाँ नयाँ ज्ञान सिपको खोजीमा रहन्छ । यसरी जीवनभरको सक्रियतापूर्ण सिकाइलाई व्यवहारिक बनाउनको लागि समृद्ध र सभ्य समाजको निर्माणका लागि औपचारिक तथा निरन्तर सिकाइ आवश्यक छ । विविध कारणले औपचारिक शिक्षाको मूल प्रवाहबाट वञ्चित भएका मानिसलाई जीवनपर्यन्त सिकाइका लागि आठराई  गाउँपालिकाले अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइलाई गाँउ शिक्षा योजना २०८२-२०९१ मा प्राथमिकतामा राखेको छ । अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो । तसर्थ जीवन उपयोगी ज्ञान र सिप हासिल गर्नको लागि  औपचारिक र अनौपचारिक शिक्षाको आवश्यकता पर्दछ । निश्चित समय सीमाभित्र सिकेका ज्ञानले मानिसको जीवनलाई सार्थक बनाउन सक्दैन । समुदायमा बसोवास गरेका विभिन्न उमेर, योग्यता, क्षमता भएका हरेक व्यक्तिको अन्तर्निहित प्रतिभाहरूको माध्यमबाट समेत अनौपचारिक शिक्षा हासिल गर्न सकिन्छ र उक्त शिक्षा हासिलका लागि राज्यले नै लगानी गरेको हुन्छ ।

### ३.५.१ *वर्तमान अवस्था*

आठराई गाउँपालिका भित्र रहेका अनौपचारिक शिक्षा तथा विगतका समयमा नै प्रौढ शिक्षा सञ्चालन भएको साथै यस गाउँपालिका भित्र ४ ओटा सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा रहेका छन्। जसले अनौपचारिक शिक्षा निरन्तर सिकाइका बारेमा कार्य गर्दै आएका छन्।

### ३.५.२ *उद्देश्य*

- आठराई गाउँपालिकालाई साक्षर गाउँपालिकाको रूपमा विकास गर्ने
- सबै नागरिकलाई समावेशी र समतामूलक साक्षरता र निरन्तर सिकाइको अवसर सिर्जना गर्ने
- औपचारिक शिक्षाबाट वञ्चित भएका सम्पूर्ण नागरिकका लागि जीवन पर्यन्त शिक्षा सुनिश्चित गर्न
- शिक्षा प्राप्त गर्न नसकेका व्यक्तिहरूलाई खुला शिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्न
- अनौपचारिक तथा निरन्तर सिकाइको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न
- आठराई गाउँपालिकाभित्रका सम्पूर्ण उमेर समूहअनुसारका नागरिकलाई कार्यमूलक साक्षरता अभिवृद्धि गराई पढ्ने बानीको विकास गर्न
- औपचारिक रूपमा शिक्षा लिन विद्यालय जान नसकेका तथा शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिको लागि व्यवहारिक र सिपमूलक शिक्षा प्रदान गरी मर्यादित जीवनयापन गर्न सक्षम नागरिक बनाउन
- औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षा बिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समक्षता (equivalency), गतिशीलता (mobility), पारगम्यता (permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु
- सामुदायिक अध्ययन केन्द्रको विकास र कार्यक्षेत्र विस्तार गर्नु
- विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा निरन्तर सिकाइ र सिकाइ संस्कृतिको अवधारणा पत्र तयार पार्ने।

### ३.५.३ *रणनीति*

- अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाउन सार्वजनिक स्थानमा सन्देशमूलक सामाग्रीको लेखन
- रेडियो टेलिभिजन, भर्चुअल नेटवर्क, मोबाइल एप्लिकेशन तथा अन्य विद्युतीय सामग्रीको माध्यमबाट सिकाइलाई दिगो बनाउन साक्षरता तथा जीवनोपयोगी र सिपमूलक कार्यक्रम उत्पादन गरी दूर शिक्षा तथा घुम्ति शिक्षा सञ्चालन तथा प्रसारण गर्ने
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक लगायत अन्य साझेदारहरूलाई परिचालन गरी साक्षर कक्षा सञ्चालन गर्ने साथै स्वयंसेवक परिचालन गर्ने
- पठन संस्कृतिको विकासका लागि सामुदायिक अध्ययन केन्द्र, विद्युतीय पुस्तकालय, सामुदायिक वाचन केन्द्रको स्थापना तथा स्तरीकरण गरी सिकाइ स्रोतकेन्द्रको रूपमा विकास गर्ने

- मौलिक एवम् परम्परागत ज्ञान सिपको पहिचान संरक्षण संबर्धन आधुनिकीकरण एवम हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने
- राष्ट्रिय योग्यता अनुरूपको औपचारिक, अनौपचारिक, अतिरिक्त शिक्षाबिच समक्षता कायम गराउन मापदण्डको विकास गर्ने
- सिकारुको आवश्यकताअनुसारका डिजिटल सामग्रीको विकास गराउने
- उमेरअनुसारको विविध सिपमूलक तालिम तथा गोष्ठी सञ्चालन गर्ने

### ३.५.४ *प्रमुख उपलब्धि तथा नतिजा*

**उपलब्धि**

- सम्पूर्ण औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि समयानुकूलको अनौपचारिक तथा निरन्तर सिकाइ र जीवनपर्यन्त जिवनोपयोगी र सिपमूलक सिकाइको अवसर प्राप्त हुने

**नतिजा**

- साक्षर आठराई  गाउँपालिका रूपमा विकास हुने
- लक्षित वर्ग तथा समुदायमा सिकाइको अवसर सिर्जना हुने
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने
- सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने
- विज्ञ समूहको निर्माण गरी अनौपचारिक शिक्षा सम्बन्धी अवधारणा पत्र तयार हुने
- जीवनोपयोगी र सिपमूलक सिकाइका लागि पाठ्यक्रम तथा पाठ्य सामाग्री तयार हुने
- उत्पादनशील र प्रतिस्पर्धी जनशक्तिको निर्माण हुने

### ३.५.५ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्रस | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य वर्ष १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | निरक्षरहरूको विवरण सङ्कलन | पटक | १ | १ | १ | | १ | ५ | ५ | |
| २ | साक्षर गाउँपालिका | वडागत | | ५ | २ | | | ७ | ७ | |

| क्रस | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य वर्ष १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सञ्चालन र व्यवस्थापन | वडागत | ४ | १ | १ | १ | | ७ | | |
| ४ | पुस्तकालय तथा सामुदयिक वाचन केन्द्र सञ्चालन | वडागत | | १ | | | | १ | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रमा प्रविधिको विकास | सङ्ख्या | | १ | | | | १ | | |
| ६ | सिकाइ केन्द्रको अन्य संघ सस्थासँग सहकार्य | निरन्तर | | १ | | | | १ | | |
| ७ | सिकाइ सामग्रीको विकास | पटक | | १ | | | | १ | | |
| ८ | विज्ञ समूहको निर्माण | पटक | | १ | | | | १ | | |
| ९ | परिचालक व्यवस्थापन तथा क्षमता विकास | वडा गत | | १ | १ | १ | | ३ | | |

# परिच्छेद -४

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

मानिसको जीवनयापनका क्रममा आवश्यक पर्ने आधारभूत अनिवार्य तथा ऐच्छिक आवश्यता पूरा गर्न, समस्याहरूलाई समाधान गर्न, बाधा अवरोधहरू हटाउन, जीवनस्तरलाई समायनुकुल बनाउन आवश्यकक पर्ने विभिन्न किसिमका ज्ञान, सिप, दक्षता र क्षमताको विकास गर्न निर्माण गरिने व्यवस्थित दस्तावेज नै पाठ्यक्रम हो । पाठ्क्रमको क्षेत्र अत्यन्तै व्यापक हुने हुँदा समग्रमा यो एक मार्गदर्शन हो । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम निर्माणका आधारका रूपमा सामाजिक ज्ञानको प्रयोग, मानव वृद्धि र विकास, सिकाइ प्रकृया र प्रविधिलाई लिने गरिन्छ । पाठ्यक्रमले मानव जीवनका समस्या तथा सङ्कटलाई दूर गर्न र नयाँ वातावरणमा समायोजन हुनको लागि योग्य बनाउन प्रयत्न गर्दछ । यसले मानवीय मूल्य मान्यता, शैक्षिक तथा सामाजिक जीवन दर्शन, समाकालीन समाजका वास्तविकताहरू, सिकाइका प्रकृया तथा विषयवस्तु, पाठ्रयसामग्री, विधि, पद्धति, क्रियाकलाप तथा मूल्याङ्कनका प्रकृयाहरूलाई समेत समेटेर बालबालिका तथा सिकारुका आवश्यतालाई निदान गर्ने गरी योजनाको विस्तृत स्वरूपलाई समेट्ने कार्य गर्दछ । त्यसैले पाठ्रयक्रमलाई एक बृहत् दस्तावेजको रूपमा लिइन्छ । पाठयक्रमको विकास र कार्यान्वयन प्राविधिक कार्य भएकाले यसको उचित किसिमको प्रयोगले मात्र व्यक्ति, समाज र राष्ट्रको आवश्यता र पाठ्यक्रमको उद्देश्यहरू पूरा हुन सक्छ । पाठ्क्रमको निर्माण तथा दस्तावेजीकरण गर्दा सामाजिक मूल्य मान्यता र व्यवहारलाई सान्दर्भिताका आधारमा आत्मसात गर्न विभेदरहित समतामूलक र समावेशी दृष्टीकोणअनुसार व्यवहार गर्न आफ्नो र अरूको कर्तव्यप्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङगबाट सोच्न र निर्णय गर्न व्यवहारको विकास गराउने किसिमबाट अघि बढ्नु पर्दछ । त्यसैगरी पाठ्क्रमले व्यक्ति, समाज र राष्ट्रको आवश्यता सुहाउँदो ज्ञान, सिप प्रदान गरेमा यसको कार्यान्वयन सहज र प्रभावकारितामा वृद्धि हुन जान्छ । समन्वय र सहकार्यको विकास हुन्छ । पाठ्क्रमले राष्ट्रिय, तहगत, कक्षागत उद्देश्यहरू अनुसार कुनै कक्षामा के कस्ता विषयवस्तुहरू सिकाउने कुरा मात्र नभइ के कसरी सिकाउने हो र सिकेका कुरालाई के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा समेतको खाका निर्दिष्ट गर्नु पर्दछ ।

### *४.१.१ वर्तमान अवस्था*

यस गाउँपालिका हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्क्रमको प्रयोग गरी आएको छ । स्थानीय पाठ्यक्रम अन्तरगत हाम्रो आठराई निर्माण गरी शैक्षिक शत्र २०७८ बाट कक्ष १ देखि ८ सम्म कार्यान्वयनमा ल्याइएको छ । स्थानीय विषयले यस गाउँपालिकाको ऐतिहासिकता र समग्रता झल्काउन मद्दत गर्नेछ भनी बालबालिकालाई स्थानीय परिवेश अनूकुल विषय क्षेत्रमा परिचित हुन सहयोग पुऱ्याउने छ आभारभूत तह कक्षा १ देखि ३ मा एकीकृत विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत १०० प्रतिशत आन्तरिक मूल्याङ्कन कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य मूल्याङ्कन प्रणाली अपनाइएको छ ।

### *४.१.२ उद्देश्य*

यस योजनामा पाठ्क्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखिएको छ

- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न
- सिकारुका सिकाइ समस्या समाधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धितको व्यवस्था गर्नु

### *४.१.३ रणनीति*

उद्देश्यहरू हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ।

- स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष सान्दर्भिक गुणस्तरीय प्रभावकारी बनाइ समृद्ध गाउँपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि सम्बद्ध सरोकारवाला, परम्परागत ज्ञानका दाता तथा अनुसन्धानकर्ता आदिको सक्रिय सहभागितामा अभिवृद्धि गरिने छ र यसका लागि विद्यालयहरूलाई सक्षम बनाइने छ।
- स्थानीय पाठ्यक्रम मार्फत विपद् व्यवस्थापन तथा प्रकोप व्यवस्थापनजस्ता विषयवस्तु समावेश गरी महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षाहरूदेखि नै बालबालिकाहरूलाई सक्षम बनाउँदै लगिने छ।
- स्थानीय पाठ्यक्रममार्फत आठराई गाउँपालिकाको धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय, सामाजिक अवस्थाका बारेमा साना कक्षाहरूबाट नै व्यवस्थित गरिने छ।
- यस गाउँपालिकाभित्रका विद्यालयहरूमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधारको विकास र त्यसको उचित प्रयोग गरिने छ।
- शिक्षण सिकाइलाई बालकेन्द्रित, लैङ्गिक अपाङ्गतामैत्री बनाई सहभागितामूलक, अन्तरक्रियात्मक, समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई प्राथमिकता दिइने छ।
- आठराई गाउँपालिकाभित्रका सबै विद्यालयमा शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सन्दर्भसामग्री र स्वअध्ययन सामग्रीका उपलब्धतालाई सर्वसुलभ बनाइने छ।
- विभिन्न महामारी दैवी, प्रकोप तथा सङ्कटका समयमा वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइको शैक्षिक क्षतिलाई न्यूनीकरण गरिने छ।
- परीक्षा प्रणालीलाई  समयसापेक्ष बनाइ मूल्याङ्कन विधिलाई वैज्ञानिकीकरण गरिने छ।
- एकीकृत विधार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारीका साथ प्रयोग र कार्यान्वयन गरिने छ।
- माध्यमिक परीक्षा मूल्याङ्कन प्रणालीलाई निरन्तर, आवधिक तथा प्रयोगात्मक तरिकाबाट अवलम्वन गरिने छ।
- पाठ्यक्रमको समयसापेक्ष अभिमुखीकरण तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ।

### ४.१.४ *प्रमुख उपलब्धि तथा नतिजा*

- विद्यालय तहमा रहेका आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनमा उपयोगी सिपहरू समावेश हुने
- स्थानीय कला, संस्कृति, इतिहास, भाषा, परम्परा, सिप तथा ज्ञान तथा सकरात्मक सोच भएको निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने

**नतिजा**

- स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन कक्षा १ देखि ८ सम्म हुने
- प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत तह कक्षा १–५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाई सहजीकरण हुने
- सिकाइको अभिन्न अङ्गको रूपमा पाठ्यक्रम र मूल्याङ्कन रहने
- शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने
- स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ५९ | | | | | |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५१ | | | | | |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ३४ | | | | | |
| ४ | एकीकृत विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५९ | | | | | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |

### ४.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रसं | कार्यक्रम/ क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणाली मार्फत् शिक्षकको क्षमता विकास गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| २ | आवश्यकताका आधारमा विषयगत प्रयोगशाला, | विद्यालय | २ | ४ | ४ | ४ | ४ | १८ | २० | |
| ३ | स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयन/परिमार्जन | पटक | | १ | | | | १ | १ | |
| ४ | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | विद्यालय | २० | २० | १० | १० | १० | ५० | | |
| ५ | कक्षा १ देखि ३ सम्मको पठनसिप तथा गणितीय सिप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरू सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | विद्यालय | २६ | २६ | १० | १० | ५ | ५१ | ५९ | |

| क्रसं | कार्यक्रम/ क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| ६ | एकीकृत विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | विद्यालय | ५९ | | | | | | | |
| ७ | एकीकृत पाठ्यक्रमको प्रवोधीकरण र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | मूल्याङ्कन प्रणालिमा सुधार तथा कक्षा ३,५,८ मा स्तरीय परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा सिप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | सिकारुको सिकाइ उपलब्धिप्रति जवाफदेही बनाई गुणस्तर सुधारका लागि शिक्षकसँग कार्य सम्पादनमा आधारित करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | मूल्याङ्कन तथा एकीकृत विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवहारमुखी बनाउन तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्रसं | कार्यक्रम/ क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १२ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण | कक्षा | ७ | ८ | ४-५-६ | १-३ | | सबै | | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको प्रयाप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकरात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता सान्दर्भिकता, सुशासन प्रबर्द्धन गर्नका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक तयार पार्ने कामहरू विभिन्न विश्वविद्यालय तथा विद्यालयहरूले गरेका छन् । शिक्षक अध्यापन अनुमति पत्रको वितरण, परीक्षा सञ्चालन, शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन तथा नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । यसै गरी अस्थायी, करार तथा राहत शिक्षकको रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने काम स्थानीय पालिकाहरूले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा तथा खेलकुद मन्त्रालयले पाठ्यक्रम निर्माण गर्ने र शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालयहरूको बिचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन । देशमा विभिन्न तरिकाबाट नियुक्ति पाएका शिक्षकहरू स्थायी, अस्थायी, राहत, अनुदान, स्वयकसेवक , निजी स्रोतका शिक्षक आदि छन् । विभिन्न तरिकाबट नियुक्ति भएका शिक्षकहरूको सेवाको सर्त र सुविधा पनि फरक-फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन पनि शिक्षक बढुवाको लागि मात्र भएको तर यसलाई विद्यार्थीहरूको सिकाइ उपलब्धिसँग जोड्न सकिएको छैन ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षण पेसालाई आकर्षक र पहिलो रोजाइको पेसाको रूपमा अभिवृद्धि गर्ने, शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउने, शिक्षकहरूको पेसागत विकासलाई अभिवृद्धि गर्ने,

विद्यार्थीको सिकाइप्रति जिम्मेवार बनाउने, विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दीको वितरण गर्ने, विषय शिक्षक पदको सन्जाल निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा तथा चुनौतीहरूको आधारमा शिक्षक व्यवस्थापन तथा विकासलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यक्रमका उद्देश्य, रणनीति, कार्यक्रम कार्यान्वयबाट हासिल हुने अपेक्षित नतिजा तथा क्रियाकलापहरूमा समावेश गरिएको छ।

### *४.२.१ वर्तमान अवस्था*

### **१. शिक्षण पेसा प्रति आकर्षण र नियुक्ति**

राष्ट्रिय रूपमा शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यसपेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५९ अनुसार शिक्षक हुनका लागि अध्यापन अनुमतिपत्र अनिवार्य हुनुपर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी शिक्षक नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेसामा थप आकर्षण बढेको छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यसैबाट ती शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास र सहयोग, पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली अवलम्वन गर्नु वाञ्छनीय रहन्छ।

स्थानीय स्तरमा हेर्दा समेत आठराई गाउँपालिकाबाट, करार, राहत तथा स्वयंसेवक शिक्षक अनुदान कोटाको लागि गरिएको शिक्षक पदका विज्ञापनमा आवेदन पेस गर्नेहरूको उल्लेख्य सङ्ख्याले शिक्षक पेसाप्रतिको आकर्षणलाई थप पुष्टि गर्दछ। तथापि यसरी नियुक्त भएका शिक्षकहरूलाई नेपाल सरकार तथा प्रदेश सरकारका तर्फबाट पेसागत विकासका कार्यक्रममा सहभागी नगराइएको तथा यस प्रणालीबाट नियुक्त शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसमेत नहुने व्यवस्था भएका कारण शिक्षक सेवा आयोगबाट सिफारिस भइ नियुक्त भएका स्थायी शिक्षकभन्दा बाहेकका शिक्षकको पेसागत विकास र कार्य सम्पादन मूल्याङ्कनको सन्दर्भमा स्थानीय तहबाट उपयुक्त विधि निर्माण गर्न आवश्यक रहेको देखिन्छ। यसका अलवा गाउँपालिकाले आफ्नो भूगोलभित्र रहेका मेधावी प्रतिभालाई शिक्षक पेसामा आकर्षित गर्ने नीति निर्माण गर्न आवश्यक देखिन्छ।

### **२. शिक्षक तयारी**

नेपालमा विश्वविद्यालयले सञ्चालन गर्दै आएका शिक्षाशास्त्र सङ्काय अन्तरगतका स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमलाई नै शिक्षक तयारी कार्यक्रम/प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुबै मानिने गरिएको छ। यस प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रमुख विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालय रहेको कुरा विभिन्न शैक्षिक तथ्याङ्ले देखाएका छन्। यसका अलवा कक्षा ११ र १२ सञ्चालन रहेका विद्यालयहरूले समेत शिक्षक

तयारीको कार्य गर्दै आइरहेकोमा परिवर्तित पाठ्यक्रम संरचनाअनुसार भविष्यमा कक्षा १२ उत्तीर्ण गरे पश्चात थप शैक्षिक तालिम प्राप्त गरे पछि मात्र शिक्षक बन्ने योग्यता पूरा हुने अवस्था आउने छ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम आइ एड, वि एड वा एम एड गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। विश्वका विभिन्न मुलुकको अभ्यासलाई हेर्दा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रममा सहभागी भई सो पूरा गरेपछि मात्र शिक्षकका लागि योग्य मान्ने प्रचलन पनि रहेका छन्। शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ र शिक्षक सेवा नियमावली २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्न माध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिइ अध्यापन अनुमतिपत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्य बाट स्नातक तह उत्तीर्ण गरी एकवर्षे बि एड गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। त्यसैगरी माध्यमिक तह कक्षा ११ र १२ मा अध्यापन गर्नको लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ।

पन्ध्रौँ योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भए पनि यो कार्य हालसम्म हुन सकेको छैन। राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ। यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बिचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ। यसैगरी विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रम भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ। विश्वविद्यालयका शिक्षक तथा शिक्षा कार्यक्रम एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यावहारिक कुशलताको कमी रहेको देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्नुपर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुन सक्ने अवस्था छ।

देश सङ्घीय प्रणालीमा गए सँगै विद्यालय तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरिएको छ। यस परिप्रेक्ष्यमा अब स्थानीय तहले शिक्षक तयारीमा योजनाबद्ध कार्यक्रम लागु गर्नु आवश्यक देखिन्छ।

### ३. शिक्षण सिकाइ क्रियाकलाप

बालबालिका सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूह कार्यमा आधारित तथा सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ मा सूचना तथा प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यवहारिक र नतिजा मूलक बनाउने उल्लेख गरेको अवस्था छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना र परियोजना तथा कार्यक्रमले कक्षाकोठाको शिक्षण सिकाइमा सुधारलाई शिक्षाको स्तर वृद्धि गर्न जोड

दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधि प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्नेजस्ता प्रयासहरू भएका छन् । यसै गरी चालु पन्ध्रौँ योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सिप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगाएको व्यवस्थामा जोड दिएको छ ।

राष्ट्रिय परिवेशमा हेर्दा आव २०७७/०७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत ५ अर्ब ६ करोड रुपैया विनियोजन भएको थियो । यस कार्यक्रमबाट ४ हजार २ सय ५० विद्यालयहरूमा विविध परियोजना सञ्चालनमा आएका थिए । यस कार्यक्रमबाट शिक्षण सिकाइ क्रियाकलापका लागि भौतिक अवस्थाको सुधार, प्रविधिको जडान, शैक्षिक सामग्रीको उपलब्धता भएबाट आगामी दिनमा विद्यार्थीको सिकाइ उपलव्धीमा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

यस प्रकारका प्रयासका बावजुद पनि विश्वभर फैलिएको कोरोना महामारीका कारण देशका अन्य भागमा जस्तै आठराई गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयमा समेत शिक्षण सिकाइ क्रियाकलाप प्रभावित हुन पुगेको छ । स्थानीय स्तरमा इन्टरनेटजन्य प्रविधिको कमजोर पूर्वाधारका कारण भर्चुअल माध्यमबाट हुने कक्षासमेत सञ्चालन हुन नसकेका कारण बालबालिकाहरूको सिक्न पाउने अधिकारसमेत सङ्कुचित हुन पुगेको छ । महामारीको अन्त्यका सम्वन्धमा कुनै अनुमान गर्न कठिन भएको कारण आगामी समयमा पनि विद्यालयमा भौतिक उपस्थितिमा र सामान्य समयावधीअनुसारको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा अवरोध आउने कुरा निश्चित छ । यस परिस्थितिमा स्थानीय स्तरमा सिकाइको उपयुक्त वैकल्पिक माध्यमलाई अवलम्बन गरी शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिनु अपरिहार्य देखिन्छ ।

## ४. शिक्षक पेसागत सहयोग पद्धति

विश्वमा शिक्षक पेसागत सहयोगका विभिन्न तरिकाहरूको प्रचलन छ । कक्षा अवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, शिक्षक सम्मेलन, सहकर्मीहरू बिचमा अन्तरक्रिया, प्रतिविम्बित शिक्षण अभ्यास आदि । नेपालमा विगतमा सञ्चालित विभन्न परियोजनाहरू मार्फत शिक्षक पेसागत सहयोगका लागि विद्यालय निरीक्षक तथा स्रोतकेन्द्र जस्ता संस्थागत प्रबन्धहरू गरिएका थिए । यस प्रकारका संस्थाबाट शिक्षकका लागि विविध तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छन् ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना देखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोतकेन्द्रहरू स्थापना भएर क्रमशः तिनको सङ्ख्या विस्तार गरी १०५१ ओटा स्रोतकेन्द्र मार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आएको थियो । स्रोतकेन्द्रहरूले आफ्नो सेवाक्षेत्रका विद्यालयमा कार्यरत शिक्षकहरूलाई नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्बन्धी अभिमुखीकरण गर्ने, शैक्षिक विषयवस्तुमा प्रधानाध्यापकहरूसँग नियमित बैठक गर्ने, शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी कार्य सञ्चालन गर्ने, कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलापहरू सञ्चालनमा सहयोग गर्ने, शैक्षिक

योजनाहरू निर्माणमा सहयोग गर्ने, शिक्षकहरूको बिचको अन्तरक्रिया गराउने आदि कार्य हुने गर्थे। तर सङ्घीय संरचनाको कार्यान्वयनसँगै स्रोतकेन्द्र पद्धति विघटन भएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार स्थानीय तहमा सेवा निवृत्त शिक्षकलाई अध्ययन-अनुसन्धान शिक्षक सहायता, अनुगमन जस्ता प्रकृयामा प्रयोग गर्ने कुरा उल्लेख भए तापनि यस प्रकारका अनुभव हस्तान्तरणका लागि आवश्यक कानुनी व्यवस्था मिलाउन सकिएको छैन। दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदान प्रदान क्षमता विकास, प्रविधि हस्तान्तरण ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू बिच  सञ्जालन विकास गर्न अति कम विकसित मुलुकका लागि दिएको सुविधाको उपयोग हुन सकेको छैन।

वर्तमान समयमा  शिक्षकको पेसागत सहयोगका लागि स्थानीय तह नै सबै भन्दा जिम्मेवार र तालुक निकायको रूपमा रहने गरी नीतिगत परिवर्तन भइ सकेको छ। विगतमा भएका संयन्त्रको खारेजी गरिएपश्चातको सङ्क्रमणकालीन वर्तमान अवस्थामा स्थानीय तहले नीतिगत परिपक्कतासमेत हासिल गरिसकेका छैनन्। यस परिप्रेक्ष्यमा स्थानीय तहले शिक्षकको पेसागत सहयोगका लागि थप नीतिगत र कार्यक्रमगत क्रियाशीलता देखाउन जरूरी छ। आठराई गाउँपालिकाले विषयगत लामो अनुभव भएका विज्ञ शिक्षक पालिकागत रूपमा तयार गरी पेसागत विकासमा सहयोग गर्न जरुरी रहेको छ।

प्रधानाध्यापकको कुशल नेतृत्वबाट नै विद्यालयले आफ्ना लक्ष्य र उद्देश्य प्राप्त गर्न सक्दछ। यसका लागि प्रधानाध्यापकलाई थप जिम्मेवारी र अधिकार प्रदान गर्न जरूरी छ। विज्ञान प्रविधि तथा सूचना प्रविधिमा आएको व्यापक विस्तारीकरणसँगै शिक्षक सहायता प्रणालीले थप अवसर प्राप्त गरेको छ। यस प्रकारका प्रविधिबाट शिक्षकले अधिकतम लाभ लिनका लागि विद्यालयलाई थप स्रोतपूर्ण बनाउनसमेत आवश्यक छ।

## ५. शिक्षक क्षमता विकास कार्यक्रम

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षक अनिवार्य शर्तको रूपमा रहेको हुन्छ। पेसागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट ने कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन सकिन्छ। यसका निम्ति शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिका छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ जस्ता विधिहरू विश्वमा प्रचलनमा रहेका छन्।

नेपालमा शिक्षकको क्षमता विकासका लागि विगतमा विभिन्न परियोजना र कार्यक्रम सञ्चालन भए।  शिक्षकको क्षमता वृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले विक्रम संवत् २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना सँगै सो अन्तर्गत ९ ओटा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना भए। ती तालिम केन्द्रहरूबाट सेवाकालीन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरिए। शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत शिक्षक तालिम दिन केन्द्रहरू, अगुवा स्रोतकेन्द्रहरू र स्रोतकेन्द्र मार्फत लामो छोटो अवधिका शिक्षक तालिम कार्यक्रम सञ्चालन हुँदै आए। विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत पनि शैक्षिक जनशक्ति विकास केन्द्रले तिनै तालिम केन्द्रहरू, अगुवा स्रोतकेन्द्र र

स्रोतकेन्द्रहरू मार्फत शिक्षक विकास तालिम (टिपिडि तालिम) सञ्चालन गर्दै आएको थियो। तर सङ्घीय संरचनाको कार्यान्वयनसँगै शिक्षक तालिम तथा विकासका लागि प्रदेशमा एक/एक गरी जम्मा ७ तालिम केन्द्रहरू मात्र रहने गरी अन्य सबै संरचना हटेका छन्।

पन्ध्रौ योजनाले विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षकको पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने कुरा उल्लेख छ। यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान हासिल गरी पठनपाठनमा सोको प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने व्यवस्था गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसा विकास कार्यक्रमहरू जस्तै कम्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, शिक्षक नेटवर्क, प्रतिविम्बन शिक्षक, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान, मेन्टरिङ, कोचिङ आदि सञ्चालन गर्ने व्यवस्था गरेको छ। साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअलपद्धतिबाट तालिम सञ्चालन गरिने कुरा उल्लेख छ।

मुलुक सङ्घीय संरचनामा गएसँगै साविकको शैक्षिक जनशक्ति विकास केन्द्र साविकको शिक्षा विभागमा गाभिन गई शिक्षा विभाग शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा रुपान्तरण हुन पुग्यो। शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आएको छ। शिक्षकको पेसागत विकासका लागि सातओटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाइन तथा अफलाइन प्रविधिबाट दुई चरणमा एकमहिने प्रमाणीकरण शिक्षक तालिम र कष्टमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्थामा हाल एकै चरणमा टिपिडि तालिम सम्पन्न गर्ने पाठ्यक्रम लागु भएको छ। हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि शिक्षकको पेसागत विकासलाई जोड दिएको अवस्था छ।

विद्यालय क्षेत्र विकास योजना अवधिमा आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि तालिम सञ्चालकलाई प्राथमिकता राख्ने कार्य भइरहेको छ। तापनि विद्यमान सातओटा शिक्षा तालिम केन्द्रबाट मात्र ठुलो सङ्ख्याका शिक्षकलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको छ। यस परिवेशमा शिक्षकको क्षमता विकासका लागि स्थानीय तहहरूले आफ्नो इलाका भित्र रहेका शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक नीतिगत र कार्यक्रमगत कदम चाल्न अपरिहार्य रहेको छ।

## ६. शिक्षक उत्तरदायित्व

आफ्नो कार्य सम्पादनप्रति आफू स्वयम् जवाफदेही हुनु भनेको उत्तरदायी हुनु हो। यस प्रकारको उत्तरदायित्व कानुनी र नैतिक दुबै हुन सक्छ। शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले अध्यापन गराउने विद्यार्थीहरूको शिक्षण सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफ दिनु भन्ने बुझिन्छ। यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्दछ। विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने, त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेश गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिसँग जोड्ने काम गरेर शिक्षकलाई उत्तरदायी बनाउने प्रयास गरेको छ। यसका अलवा शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ आठराईको आधारभूत तथा माध्यमिक तह शिक्षा ऐन २०७५ ले समेत शिक्षकले पालना गर्नुपर्ने विविध आचारसंहिता र कानुनी उपबन्धहरूको निर्धारण गरिएको छ जसबाट शिक्षक उत्तरदायी बन्नु पर्ने कानुनी आधार तयार भएको छ। तथापि यी उपबन्धहरूको कार्यान्यिनको सन्दर्भमा भने बाराम्बार प्रश्न उठ्ने गरेका छन्।

पन्धौँ योजनाले शिक्षकले कक्षाकोठा बिताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकलाई पेसा प्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक, स्थानीय तहप्रति जवाफदेही बनाउने कुरा उल्लेख गरेको छ। विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणामसमेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षक जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ।

### ७. शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा व्यवस्था भएअनुसार पूर्व प्राथमिक विद्यालयमा एक जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीनजना कक्षा ६-८ का लागि कम्तिमा चार जना माध्यमिक तह ९-१२ लागि ८ जना शिक्षकको रहने व्यवस्था छ। शिक्षा नियमावली २०५९ का अतिरिक्त शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ ले हिमाल, पहाड तथा तराईको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैंतालीस र पचासलाई आधार मानी शिक्षक दरबन्दी पुनर्वितरण गर्ने प्रावधान भएअनुसार हाल मुलुकभर शिक्षक दरबन्दी मिलानको प्रकृया अन्तिम चरणमा पुगिसकेको छ।

आठराई गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा भएको शिक्षक वितरण र आपूर्तिलाई हेर्दा ५९ ओटा सामुदायिक विद्यालयमा बालविकास सहजकर्ता जम्मा ६२ कोटा रहेका छन्। आठराई गाउँपालिकामा जम्मा २१२ दरबन्दीमध्ये १३६ स्थायी शिक्षक, ४५ अस्थायी करार र ३१ राहत दरबन्दी रहेका छन्। त्यसैगरी आठराई गाउँपालिकाले स्थानीय भाषा प्रवर्धन गर्न ३४ भाषा शिक्षक व्यवस्था गरेको छ र निजी स्रोतबाट जम्मा २७ जना शिक्षक रहेका छन्। निम्नमाध्यमिक तहमा जम्मा ४९ दरबन्दीमध्ये ४० स्थायी, ४ करार र ५ राहत शिक्षक रहेका छन्।

माध्यमिक तहमा जम्मा ३८ दरबन्दीमध्ये ३० स्थायी, ३ करार र ५ राहत शिक्षक रहेका छन् । साविक उच्चमाविमा जम्मा १८ दरबन्दीमा करार १८ शिक्षक कार्यरत छन् । तहगत रूपमा हेर्दा EMIS २०८२ अनुसार आठराई गाउँपालिका क्षेत्रभित्र ५१८ जना बालबालिका बालविकास तहमा अध्ययनरत रहेका छन् । एवम् प्रकारले आधारभूत तह (कक्षा १-५) मा जम्मा १६९३ जना विद्यार्थी अध्ययनरत रहेका छन् । त्यसै गरी आधारभूत तह (कक्षा ६-८) मा अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या १००७ छन् । तह (कक्षा ९ र १०) मा जम्मा ५९० विद्यार्थी अध्ययनरत रहेका छन् । माध्यमिक तह (कक्षा ११ र १२) मा अध्ययनरत विद्यार्थी सङ्ख्या २३४ जना मात्र रहेको छ । आगामी दिनमा कक्षा सञ्चालनको अनुमति प्रदान गरे पश्चात शिक्षक दरबन्दी पनि प्रदान गर्नु वाञ्छनीय छ ।

### ४.२.२ *उद्देश्य*

- सिकाइ सुधारको लागि आवश्यक शिक्षकको व्यवस्थापन गर्दै लैजानु
- गाउँपालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुदृढ बनाउनु
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगको लागि स्थानीय तहमा एक प्रणालीको विकास तथा कार्यान्वयन गर्नु
- विद्यार्थी सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेसागत सक्षमताको अभिवृद्धि गर्नु
- योग्य र सक्षम शिक्षक उपलब्ध गराउन शिक्षक दरबन्दी मिलानलाई अध्यावधिक गर्नु
- आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा क्षमता अभिवृद्धि गर्नु
- शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि लागि तालिमको व्यवस्था गर्नु
- शिक्षकलाई पुरस्कृत गर्ने र दण्ड गर्ने नीतिलाई व्यवस्थित गर्ने

### ४.२.३ *रणनीति*

माथि उल्लेखित उद्देश्यहरू पूरा गर्न निम्नानुसारका रणनीतिहरू तय गरिएका छन् ।

- शिक्षकको पेसागत विकासका सम्बन्धमा स्थानीय सरकार, शिक्षा शाखा तथा स्थानीय स्तरका नेतृत्व गर्ने विद्यालयहरूलाई उत्तरदायी बनाइने छ ।
- विज्ञान, गणित तथा अंग्रेजीजस्ता शिक्षक अभाव भएका विषयका शिक्षक आपूर्तिका लागि शिक्षक तयारीका कार्यक्रम, तथा विद्यार्थी छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण तथा थप हुनेछ ।
- विद्यालयहरूमा रिक्त हुने शिक्षक दरबन्दीलाई चाँडै पदपूर्ती गर्ने व्यवस्था गरिने छ ।
- स्थानीय शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ ।

- स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभवी विज्ञ शिक्षकबाट सहयोग तथा मेन्टरिङ्गको पद्धति विकास गरिने छ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ।
- प्रधानाध्यापक तथा शिक्षकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिनेछ।
- शिक्षक नियुक्ति, सरुवा, तालिम तथा पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कम अवरोध हुने पद्धति विकास गरिनेछ।
- सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रकृयाको अभिन्न अङ्गको रूपमा स्वीकृत गर्दै प्रविधिमैत्री, व्यवहारिक र नतिजामूलक बनाउने साथै EMIS को सुदृढीकरण गर्ने
- विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापनका लागि आवश्यक सहयोग गरी विद्यालय शिक्षकको गुणस्तर अभिवृद्धि गर्ने
- सबै सामुदायिक विद्यालयमा दरबन्दीसहित कम्प्युटर शिक्षकको व्यवस्थापन गर्ने

### ४.२.४. *प्रमुख उपलब्धि तथा नतिजा*

***उपलब्धि***

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार हुने

***नतिजा***

- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रकृयाको अभिन्न अङ्गका रूपमा एकीकृत भइ प्रविधिमैत्री शिक्षा प्रदान हुने
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भइ स्थानीय तहमा शिक्षण पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिकाहरू र कार्यसम्पादनमा सुधार हुने
- शिक्षक, विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण हुने शिक्षकको आपूर्ति  नियमित रूपमा हुने
- शिक्षकको विद्यालय तथा कक्षाकोठामा उपस्थितिमा वृद्धि तथा शिक्षकहरको कार्यसम्पादनमा सुधार हुने
- लिडर विद्यालय स्तरीय तथा क्लष्टर स्तरीय विषयगत शिक्षक सहयोग समिति मार्फत शिक्षकले पेसागत सहयोग प्राप्तगरी बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि हुने

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ६२ | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | | | | | |
| ३ | माध्यमिक तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | | | | | |

### *४.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | निशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन कार्यविधि तथा निर्देशिका तयार गर्ने | पटक | १ | | | | | १ | | |
| २ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास गर्ने | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यक अनुसारको यातायातको व्यवस्था तथा खुला र दुर शिक्षा लगायतका बैकल्पिक प्रबन्ध गर्ने | पटक | | | १ | | | | | |

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| ४ | सरोकार सम्बद्ध पक्षहरूका बिचमा छलफल समन्वय र अन्तरक्रिया | निरन्तर | | | | | | | | |
| ५ | आवश्यकताको आधारमा लागत र सहभागितका आधारमा भौतिक पूर्वाधारका कार्यक्रम सञ्चालन गर्ने – भवन तथा कक्षा कोठा खानेपानी शौचालय फर्निचर घेराबारा र खेलमैदान खाजाघर | ओटा विद्यालयमा | ६ | ५ | १० | १० | १० | ४१ | १० | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | विद्यलयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | ओटा | | ५ | १० | | | | | |
| ८ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अनुगमन सुपरीवेक्षणका साथै प्र अ तथा शिक्षकलाई सहयोग | निरन्तर | | | | | | | | |
| ९ | बाल समूह स्काउट तथा रेडक्रस सहयोगी समूह गठन गरी क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | विव्यस तथा शिअसंका पदाधिकारीहरूको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| ११ | वार्षिक रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | अपाङ्ग विद्यार्थीहरूलाई सहयोग कार्यक्रम | आवश्यकता अनुसार पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | विद्यालय शिक्षालाई प्रकोप सङ्कट तथा महामारीप्रति आकस्मिक योजना निर्माण गरी कार्यान्वयन गर्ने | आवश्यकता अनुसार | | | | | | | | |
| १४ | प्रविधि तथा व्यवाहार कुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्क सम्बन्धी शिक्षक क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १५ | उत्कृष्ट विद्यालयलाई सम्मान कार्यक्रम | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १६ | उत्कृष्ट शिक्षकलाई पुरस्कृत कार्यक्रम | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १७ | विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम | ओटा कम्तिमा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १८ | शिक्षकले कक्षा कोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १९ | शिक्षकको पेसागत विकासका लागि माग अनुरूप तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| २० | आर्थिक बिपन्न बालबालिकहरूलाई ड्रेस तथा स्टेसनरी सम्बन्धी छात्रवृत्ति कार्यक्रम | जना | ० | ० | १५० | १५० | १५० | ४५० | ५०० | |
| २१ | दिवाखाजा सहयोग कार्यक्रम | कक्षा | १-५ | १-५ | १-६ | १-७ | १-८ | ८सम्म | १०सम्म | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

तेह्रथुम जिल्लाका ६ ओटा स्थानीय तहमध्ये आठराई  गाउँपालिका सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक विविधताभएको स्थानीय तह हो। यस गाउँपालिकामा विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। लिम्बू जातिको मुख्य बसोवास रहेको यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, गुरूङ, तामाङ, राई, शेर्पा तथा दलित समुदाय छन्। यस गाउँपालिकामा नेपाली मातृभाषाबाहेक लिम्बू भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्ने जनसङ्ख्या ठुलो रहेको छ।

### *४.३.१ वर्तमान अवस्था*

समाजमा रहेको लैङ्गिक असमानता, महिला हिंसा, महिला उत्पीडन जस्ता विसङ्गतिलाई निरुत्साहित गरी जातीय विभेदको अन्त्य, आर्थिक तथा सामाजिक रूपमा पिछडिएकाहरूलाई सहयोग र शिक्षामा सबैको पहुँच पुऱ्याउन राज्यले विभिन्न कार्य गर्दै आइरहेको छ। लैङ्गिक समानता र महिला तथा जातीय हिंसा विरुद्ध यस गाउँपालिकामा पनि विभिन्न कार्यहरू हुँदै आइरहेका छन्। नेपालको संविधान तथा कानुनमा व्यवस्था भएअनुरूप गाउँकार्यपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा जातजाति, महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ।

### *४.३.२ उद्देश्य*

- विभिन्न कारणले शिक्षाको मूलधारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्ने
- शैक्षिक सुशासन कायम गर्ने

- विद्यालयलाई लैङ्गिक बालमैत्री तथा अपाङ्गतामैत्री तयार गर्ने
- सबै किसिमका बालबालिकाहरूलाई सामान सिकाइ वातावरण तयार गर्ने

### *४.३.३ रणनीति*

- आठराई गाउँपालिकाभित्र घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार शैक्षिक प्रबन्ध मिलाइने छ।
- विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ।
- लक्षित बालबलिकाहरूलाई आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
- सबै विद्यालयहरूमा विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।
- आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने छ।
- निर्माण हुने भौतिक संरचनाहरू लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री बालमैत्री निर्माण गरिने छ।
- किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
- हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।
- विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ।
- विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने छ।

### *४.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरू*

**उपलब्धि**

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने छ

**नतिजा**

. महिला, दलित, जनजाति, अपाङ्गता भएका तथा अर्थिक रूपले विपन्न सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन्।

. यस गाउँपालिकाभित्र विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने

. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने

. विद्यालयमा सबै प्रकारका भेदभावरहित बालमैत्री अपाङ्गतामैत्री र लैङ्गिकमैत्री शैक्षिक वातावरण सिर्जना हुने

. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने

. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने

| क्रसं | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिका सङ्ख्या | ० | | | | | |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ८५% | ८५% | १००% | १००% | १००% | १००% |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ८५% | ८५% | १००% | १००% | १००% | १००% |

### ४.३.५ *प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

समावेशी तथा समताका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | गाउँपालिकाको भित्रको अवस्था र आवश्यकता पहिचान | पटक | १ | १ | १ | १ | १ | | |
| २ | विद्यालय बाहिररहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | | | | | | |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | |

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| ५ | विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | नयाँ बन्ने संरचनाहरू सबै | १००% | १००% | १००% | १००% | १००% | | |
| ६ | आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने | निरन्तर | | | | | | | |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | |
| ८ | लैङ्गिक सम्पर्कव्यक्तिको क्षमता विकास तालिम | आवश्यकता अनुसार | | | | | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

बालबालिका विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो भए उनीहरूलाई सिकाइ सहभागिता बढाइ शैक्षिक उपलब्धि सुधार गर्न प्रोत्साहित गर्न सकिन्छ । विद्यालयमा दिइने दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रमले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन, अनुपस्थित हुने र बिचैमा छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ । बालबालिकामा हुने विभिन्न प्रकारका रोग तथा कुपोषणलाई न्यूनीकरण गर्न, उनीहरूलाई विद्यालय शिक्षाप्रति आर्कर्षित गर्न र शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न दिवा खाजाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७-७८ मा यो लगानी करिब ८ अरब पुगेको छ । नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवाखाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवाखाजाले महत्त्वपूर्ण योगदान दिएको छ । आठराई गाउँपालिकाले दिवाखाजमा स्थानीय उत्पादन प्राथमिकता दिएको छ ।

### ४.४.१ वर्तमान अवस्था

आठराई गाउँपालिकाले आव २०७५-०७६ बाट विद्यालय दिवा खाजा सम्बन्धी कार्यविधि निर्माण गरी पूर्व प्राथमिकदेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सुरू गरेको थियो। सङ्घीय सरकारले आव २०७६/०७७ बाट दिवाखाजाको कार्यक्रम सुरू गरेसँगै उक्त कार्यक्रममा पालिकाले गरेको लगानी बचेको देखिन्छ । हाल आठराई गाउँपालिकामा विद्यालय दिवा खाजामा पूर्ण रूपमा जङ्क फुड निषेध गरी स्थानीय स्तरमा उपलब्ध हुने ताजा तथा पौष्टिकयुक्त खानेकुरालाई स्वच्छतापूर्ण तरिकाले व्यवस्थापन गर्ने प्रयास गरिएको छ।

आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम विद्यालय मार्फत एक जना फोकल पर्सन तोकि २ दिनको अनुशिक्षण दिएर सामग्री सहित वितरण गरिएको छ। विद्यालयमा नआउने विद्यार्थीको फोलिक एसिड तथा आइरन चक्की नछुटोस् भन्ने अभिप्रायले स्थानीय स्वयम् सेवकलाई उक्त कार्यमा परिचालन गरिएको छ। आठराई गाउँपालिकाभित्र सचालित सामुदायिक विद्यालयमा छात्रा शौचालय र महिला शिक्षक शौचालय व्यवस्थापन थालनी गरिएको छ। यस गाउँपालिकामा दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ।

- दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका कार्यक्रमहरूलाई दिगो र प्रभावकारी ढङ्गले व्यवस्थित गर्ने
- सबै माध्यमिक विद्यालयहरूमा एक जना स्वास्थ्य कर्मीको व्यवस्था गर्ने
- विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने
- विद्यालय खाजा तथा विद्यालय स्वास्थ्य सम्बन्धी सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु
- विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने
- कार्यक्रमलाई प्रभावकारी ढङ्गले अनुगमन गर्ने

### विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। यसका लागि विद्यालयमा अधारित स्वास्थ्य तथा पोषण कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु निकै प्रभावकारी तरिका देखिएको छ। विद्यालयमा खाजा कार्यक्रम अन्तर्गत स्थानीय खाजालाई लागु गरिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिका स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नका लागि विभिन्न किसिमका स्वास्थ्य शिक्षा प्रदान गर्नुका साथै सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्था सुधार गर्ने उद्देश्य तथा रणनीतिअनुरूप वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिकरूपमा जुकाको औषधी कशोरीका लागि फोलिक एसिड तथा अइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट हुने गर्दछ।

**सरसफाइ र स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिका स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिका भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पार्दछ । खास गरी विद्यालय क्षेत्रमा सबै विद्यार्थीहरूका लागि स्वच्छ पिउने पानी र विद्यार्थी सङ्ख्याको आधारमा अलग अलग सफा र सुरक्षित स्थानमा बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, शौचालय हुन आवश्यक छ ।

### ४.४.२ उद्देश्य

- प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
- विद्यालयमा बालबालिका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गरी व्यवहारमा परिवर्तन गर्नु
- अभिभावक तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिका पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ-

- शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिने छ ।
- बालबालिका लागि विद्यालयमा नै स्थानीय स्तरमा उत्पादित सफाताजा र पोषिलो खाजा तयार गरी वितरण गरिने छ ।
- भान्सा तथा भण्डार व्यवस्थापनमा प्रयोग हुने सामग्री आदिको स्वच्छता सम्बन्धी परामर्श तथा बालबालिकामा समूहमा हात धुने बानी विस्तार गरिने छ ।
- सबै विद्यालयमा समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने
- अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने
- सरसफाइका आवश्यक पूर्वाधारहरूको पूर्ण विकास भएको हुने
- स्थानीय उत्पादनमा आधारित चक्रीय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुने
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने
- सबै विद्यालयहरूमा विद्यालयमा नै खाजा बनाउन सक्ने पूर्वाधार निर्माण गर्न
- विद्यालयमा नै दिवा खाजाको लागि आवश्यक तरकारी उत्पादन गर्न प्रोत्साहन गर्ने

### ४.४.४ *प्रमुख उपलब्धि तथा नतिजा*

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिका स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने
- मनोसामाजिक सुधार साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने

**प्रमुख नतिजाहरू**

- विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने
- विद्यालय स्वास्थ्य तथा पोषण रणनीति अद्यावधिक र परिमार्जन गरिएको हुने
- सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन भएको हुने
- सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने
- स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने
- प्रत्येक विद्यालयहरूमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने
- स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुने।

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-६ | १-७ | १-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | २० | २० | २५ | ३० | ४० | ५० |

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ५०% | ५०% | ६०% | ७०% | ८०% | १००% |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | १ | २ | ५ | ९ | ९ |

**४.४.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ १ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सहजीकरण पुस्तिका विकास र वितरण | दस्तावेज सङ्ख्या | | | | | | | १ | |
| २ | स्थानीय तह र समुदायको साझेदारीमा आधारभूंत तहमा दिवा खाजा कार्यक्रम सञ्चालन | तह | १-५ | १-५ | १-५ | १-६ | १-७ | १-८ | १-१० | |
| ३ | खाजा कार्यक्रम तथा स्वास्थ्य कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | स्वास्थ्य पोषण सम्बन्धित सचेतनामूलक कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | दिवा खाजा  वितरण तथा स्वास्थ्य सम्बन्धी कार्यहरूको प्रभावकारिताको लागि विद्यालय स्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ६ | एक विद्यालय एक स्वास्थ्य किट व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

### ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिका सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन् । नेपाल सरकार युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपबाट उत्पन्न आपतकालीन तथा सङ्कटकालीन अवस्थामा बालबालिका शिक्षाको अधिकारको रक्षा गर्न प्रतिबद्ध छ । आपतकालीन र सङ्कटको अवस्थामा शिक्षाको मुख्य उद्देश्य बालबालिका, व्यक्ति, परिवार र समुदायको जीवन रक्षा गर्नु,  प्रकोपबाट हुने सङ्कटको समाधान गर्ने, बालबालिकालाई सामाजिक द्वन्द्व, हिंसा र दुर्व्यवहारबाट

जोगाउन र शिक्षा क्षेत्रलाई सक्रिय राख्न सक्षम बनाउने कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने रहेको छ। विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिका शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस गाउँपालिकाले आगामी ५ वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलतः तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ

क. प्राकृतिक प्रकोप, भूकम्प, बाढी पहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि

ख. महामारी, झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू

ग. युद्ध, द्वन्द्व, विस्थापन, आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने ।

जलवायु परिवर्तनले शिक्षाको पूर्वाधार तथा सिकाइ परिणामहरूमा चुनौती खडा गरेको छ । यसले सीमान्तकृत जनसङ्ख्यामा असमानता, गरीबी बढाउदै जाने र गैर-जलवायु क्षेत्रमा तनावहरू दिने जस्ता असर देखा परेका छन्। शिक्षाको लागि केही जलवायु परिवर्तनले शैक्षिक संस्थागत बन्द हुने, बालबालिका उपस्थितिमा कमी ल्याउने, सिकाइको दक्षता कम हुने, आफ्ना छोराछोरी र युवाहरूको लागि शिक्षामा लगानी गर्न घरायसी र परिवारको आयमा प्रभाव पर्ने, र सबैभन्दा सीमान्तकृतहरूको बसाइ सराइमा वृद्धि हुने जस्ता प्रभावहरू देखा परेका छन्। सबल शिक्षा प्रणालीले दीर्घकालीन रूपमा पूर्व प्राथमिकबाट उच्च शिक्षा मार्फत जलवायु आघात र तनाव कम गर्न मद्दत गर्दछ।

अनुमानित चरम मौसमी घटनाहरू न्यूनीकरण गर्न विद्यालय भवन सुरक्षित तथा उत्थानशीलता भएको सुनिश्चित गर्ने, विद्यालयहरूलाई नवीकरणीय ऊर्जाको साथ शसक्त बनाउने, विद्यालय जाने र ल्याउनका लागि प्रयोग हुने इन्धन-कुशल साधन भएको विकल्पहरू छनौट गर्ने, हरित कार्यदललाई प्रशिक्षण प्रदान गर्ने तथा हरित प्रविधिको विकासको लागि अनुसन्धान कार्यहरू गर्नाले जलवायु परिवर्तन अनुकूलनमा मदत पुग्ने देखिन्छ। विशेषगरी केटी र युवतीहरूको लागि शिक्षाले उनीहरूको सशक्तीकरण र प्रजनन क्षमतालाई अगाडि बढाउँछ, तिनीहरूको जलवायु नेतृत्व र वातावरणीय प्रवर्द्धन गर्दछ र तिनीहरूलाई निर्णय लिने मद्दत गर्दछ। साथै शिक्षाले विद्यार्थीलाई ज्ञानले सुसज्जित बनाउँछ, जलवायु चुनौतीहरू पार गर्न तथा अनुकूलन गर्न विभिन्न सिपहरू र अवसरहरू प्रदान गर्दछ। आपतकालीन प्रतिक्रिया क्षमता सहितको बलियो शिक्षा प्रणाली जलवायु परिवर्तनबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न मदत गर्दछ।

नेपालमा प्राकृतिक प्रकोपको ४० वर्षको तथ्याङ्क विश्लेषण गर्दा बाढी र पहिरो सबैभन्दा धैरै हुने प्राकृतिक प्रकोपका रूपमा रहेका छन्। प्रकोपहरूको बारम्बारता, सामान्यतया पहिले भन्दा छिटो छिटो वा अनिश्चितता पनि बढेको देखिन्छ। सन् १८५०–१९०० को तुलनामा सन २०११–२०२० मा विश्वको औसत सतहको तापक्रम १.०९ डिग्रि सेल्सियस बढिसकेको छ (IPCC, 2021)। त्यसैगरी सन् २०२० र सन २०१६ अहिले सम्मकै सबैभन्दा बढि गर्मी वर्ष हुन् र सन् २०१३ देखि सन् २०२० अहिले सम्मकै सबैभन्दा गर्मी वर्षहरू हुन् (WMO, 2020)। इसिमोडको पछिल्लो अध्ययन बमोजिम पृथ्विको औसत तापक्रम वृद्धि १.५ डिग्रि सेल्सियस भित्रै राख्न सके पनि हिमालय क्षेत्र सो भन्दा ०.३ देखि

०.७ डिग्रि सेल्सियस बढी तात्दछ र त्यतिबेला लगभग ३६ प्रतिशत हिमक्षेत्र पग्लिन्छ । मौसम तथा जलवायु विज्ञान विभागले सन् १९७५ देखि सन् २०१४ सम्मको तथ्याङ्क विश्लेषणका आधारमा वार्षिक औसत तापक्रम वृद्धि ०.०५६ डिग्रि सेल्सियस उल्लेख गरेको छ (DHM, 2017) । भविष्यमा नेपालभर नै औसत तापक्रम अर्थात गर्मी स्पष्ट रूपमा बढ्ने, नेपालमा जलवायु परिवर्तनको प्रवृत्ति तथा अनुमानहरू होचो क्षेत्रभन्दा उचाइमा भएको क्षेत्रमा तापक्रम वृद्धि बढि हुने तथा वर्षाको हकमा वर्षा सिजन अगाडि (Pre-monsoon) मा औसत वर्षा घटे तापनि वार्षिक औसत वर्षा बढेको र बढदै जाने अनुमान गरिएको छ । हिउँद तथा वर्षापछिको समयमा तापक्रम बढि बढने / जलवायु जन्य बिषम घटनाहरू (Extreme-events) बढने अनुमान गरिएको छ । यस्ता सम्भावित जलवायु परिवर्तन बाट हुने प्रकोप जन्य जोखिम बाट हुन सक्ने सम्भावित मानव जन्य तथा शैक्षिक क्षति न्यूनिकरण गर्न योजनवद्ध ढङ्गले अगाडि बढ्न पर्ने देखिन्छ ।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गताहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधाविहीनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिका शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाइ वातावरणको लागि भौतिक र मानवीय प्रतिक्रिया व्यवस्थापन र कार्यान्वयन मापदण्डहरूको विकास गर्न आह्वान गर्दछ । विद्यालय सुधार योजनामा विपद् तयारी, प्रतिक्रिया र विपद् जोखिम घटाउने र पुनर्लाभिक कार्यक्रमहरू समावेश गर्ने प्रावधानहरू समेटिएका छन् । सरोकारवालाहरूलाई विपद् व्यवस्थापनको सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरेर विद्यालयहरूलाई बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसामुक्त र भयमुक्त सिकाइ केन्द्रका रूपमा विकास गर्नु पर्ने विषयलाई उठान गरिएको छ ।

शान्ति क्षेत्रको रूपमा विद्यालयहरूको राष्ट्रिय रूपरेखा र यसको परिचालन दिशानिर्देशहरू (२०६८) को उद्देश्य विद्यालयहरूलाई दलीय राजनीति र अन्य हस्तक्षेप, भेदभाव, दुर्व्यवहार, उपेक्षा र शोषण, सशस्त्र गतिविधि र हिंसाका अन्य प्रकारका प्रभावहरूबाट मुक्त राखेर सिकाइ निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले राखिएको छ ।

बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ अन्तर्गत सुरक्षित विद्यालयको न्यूनतम मापदण्डले शिक्षा क्षेत्रहरूमा प्राकृतिक प्रकोपको प्रभावलाई केन्द्रित गरी विद्यालय सुरक्षाका तीनओटा स्तम्भहरूमा न्यूनतम मापदण्डहरू जोड दिएको छ, अर्थात् सुरक्षित सिकाइ सुविधा, विद्यालय विपद् जोखिम व्यवस्थापनको सुदृढीकरण, र सरोकारवाला र समुदायका लागि प्रकोप जोखिम न्यूनीकरण र लचिलोपन शिक्षा, र तिनीहरूको विद्यालय-आधारित कार्यान्वयनको परिकल्पना गर्दछ ।

बृहत् विद्यालय सुरक्षा गुरूयोजना २०७५ र बृहत विद्यालय सुरक्षा योजना न्यूनतम प्याकेज २०७५ ले विद्यालय सुरक्षाको न्यूनतम मापदण्डहरू कार्यान्वयन गर्न दिशानिर्देशहरू प्रदान गरेको छ । उक्त प्याकेजले शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र चोटबाट जोगाउन, प्रकोपपछि विद्यालय शिक्षालाई निरन्तरता दिन, शिक्षामा आवश्यक कोष सुरक्षित गर्न र विपद् जोखिम न्यूनीकरण शिक्षाको माध्यमबाट विपद् जोखिम कम गर्न र पुनर्लाभिको विकास गर्न जस्ता

विभिन्न क्रियाकलापहरूमा जोड दिएको छ । यसले शिक्षा क्षेत्रमा प्राकृतिक प्रकोपको प्रभाव व्यवस्थापनको लागि आधार प्रदान गर्दछ ।

SDG 4 राष्ट्रिय रूपरेखाले २०३० को लागि नीतिहरूको समीक्षा र परिमार्जन गरेर अनुकूल सिकाइ वातावरण सिर्जना गर्न विद्यालयहरूलाई सुरक्षित राख्न र विपद् व्यवस्थापन गर्न धेरै उपायहरूको लागि आह्वान गरेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रवर्द्धनात्मक कार्यक्रमहरूको विकास र कार्यान्वयन विद्यालय शिक्षाको लागि आन्तरिक र बाह्य वातावरणको लागि न्यूनतम मापदण्डहरू विकास गर्दै र अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार अधिकारमा आधारित लैङ्गिक-संवेदनशील, सुरक्षा सरोकार, बालमैत्री र हिंसामुक्त विद्यालयहरूलाई प्रवर्द्धन गर्ने विषयलाई जोड दिएको छ । पन्ध्रौं योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र पुनर्लाभिका लागि क्षमताहरू विकास गर्न क्रस-कटिङ मुद्दाहरूलाई जोड दिएको छ ।

कोभिड–१९ को महामारीले शिक्षा क्षेत्रमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न विगत दुई वर्षदेखि विभिन्न गतिविधिहरू सञ्चालन भइरहेका छन् । विश्वव्यापी महामारीले नेपालको समाज र अर्थतन्त्रमा नराम्रो असर पारेको छ । सरकारले शिक्षा क्षेत्रलाई महामारीबाट जोगाउन गत चैत १७ गते शिक्षण सिकाइलगायत सबै शैक्षिक संस्था र शिक्षासँग सम्बन्धित सबै परीक्षा तथा कार्यक्रम स्थगित गरेको थियो । करिब ४०,००० शैक्षिक संस्था र ECED/PPE देखि उच्च माध्यमिक तहसम्म ८.७ मिलियन विद्यार्थीहरू प्रभावित भएका छन् ।

नीतिगत र विभिन्न कार्यक्रमको प्रयास द्वारा वैकल्पिक माध्यमबाट सिकाएर विद्यार्थीको सिकाइमा कोभिड–१९ को प्रभावलाई कम गर्ने प्रयासहरू भइरहेका छन् । कोभिड–१९ को प्रभावलाई न्यूनीकरण गरी शिक्षण सिकाइलाई निरन्तरता दिन सन् २०२० मा शिक्षा क्षेत्रको आकस्मिक योजना तयार गरिएको थियो । उक्त समयमा निम्न कार्यविधि तथा निर्देशिका मार्फत आवश्यक कदमहरू अगाडि बढाइएको थियो । विद्यार्थी सिकाइ सहजीकरण (BS 2077) मा 2020 दिशानिर्देशहरू; स्कूल शिक्षा सम्बन्धी कार्यको 2020 आपतकालीन योजना (BS 2077); 2020 स्कूल पुन: खोल्ने ढाँचा (BS 2077); 2020/21 पठन सामग्री एकीकरण ढाँचा (BS 2077); र 2020/21 माध्यमिक शिक्षा परीक्षा (SEE) नतिजा प्रकाशन र प्रमाणीकरण प्रक्रिया र दिशानिर्देशहरू (BS 2077) जनवरी 2020 मा विद्यालय पुन: खोलेको तीन महिनापछि अप्रिल 2021 मा COVID को दोस्रो लहरले, शैक्षिक संस्थाहरू थप बन्द गर्न भइ फेरि व्यक्तिगत शिक्षामा बाधा पुगेको थियो ।

विद्यालय शिक्षामा कोभिड-१९-प्रेरित चुनौतीहरूमध्ये बालबालिका सिकाइमा हुने हानीलाई न्यूनीकरण गर्नु; शिक्षकहरूको प्रेरणा र समर्पण कायम राख्न; विभिन्न स्थानहरू र विभिन्न समूहहरूका लागि उपयुक्त सिकाइका वैकल्पिक मोडहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिने र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने क्षमता विकास गर्नु हो (UNICEF, 2021) । यसका लागि कोभिड–१९ बाट शिक्षा क्षेत्रमा परेको प्रभाव र त्यसबाट सिकाइमा परेको नोक्सानीको मूल्याङ्कन गरी कोभिड–१९ बाट हुने शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न, र पठनपाठनलाई निरन्तरता दिन रिकभरी योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ । त्यसैगरी, शिक्षा प्रणालीलाई भविष्यमा आउने यस्तै महामारीसँग जुध्न RESILIENCE बनाउन दीर्घकालीन विकास आवश्यक छ । यसका लागि सूचना प्रविधि वा अन्य सिकाइ प्रणालीको उपलब्धता र प्रयोगलाई विस्तार गर्नुपर्छ । प्रत्येक विद्यालयले नोक्सानको मूल्याङ्कन गरी त्यसको आधारमा योजना तयार गरी कोभिड–१९ बाट भएको नोक्सानीलाई न्यूनीकरण गर्नका लागि कार्यान्वयन गर्नुपर्छ । यसबाहेक, प्रत्येक विद्यार्थीको सिकाइको अवस्थाको आधारमा सबै वा कक्षाका निश्चित

विद्यार्थीहरूको लागि विशेष वा अतिरिक्त सिकाइको व्यवस्थापन गरिनुपर्छ । कक्षाका सबै वा केही विद्यार्थीहरूले COVID महामारीको अवधिमा सिक्ने अवसरहरू नपाएको हुन सक्छ र केही अवसरहरूको बावजुद, उनीहरूले धेरै आधारभूत अवधारणाहरू पूर्ण रूपमा बुझेका छैनन् वा आधारभूत सिपहरू हासिल गरेका छैनन् वा विशेष विषयहरूमा कठिनाइहरूको सामना गरीरहेको हुन सक्छ । यस्तो अवस्थामा, अतिरिक्त वा पूरक कक्षाहरू सञ्चालन गर्नुपर्ने हुन सक्छ वा विद्यार्थीहरूको विभिन्न समूहहरू गठन गरी कक्षा सञ्चालन गर्नुपर्ने हुन सक्छ। अतिरिक्त वा पूरक अध्ययन सामग्री व्यवस्थित द्रुत शिक्षा र कार्यपत्रहरू व्यवस्थित अतिरिक्त अभ्यास वा असाइनमेन्ट वा अन्य आवश्यक सिकाइ योजना विकास गरी व्यवहारमा ल्याउनु पर्ने हुन सक्छ।

यस गाउँपालिकामा पनि विभिन्न समयमा विपद् तथा सङ्कट आइ पर्दछन् । यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा सङ्कटको घडीमा पनि विचलित नभइ सोको व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रूपमा शिक्षा प्रदान गर्रिंदै आएको छ । जस्तै कोभिडका कारणबाट अस्तव्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा  टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नंलाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइसमेत भएको थियो । विपद्का लागि सहयोगार्थ यस गाउँपालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ । विद्यालयमा रहेको जुरेस तथा युरेसले पनि विपद्प्रति सचेतना जगाउदै आएका छन् । स्थानीय पाठ्यक्रमको तल्लो कक्षादेखि नै विपद् जोखिम न्यूनीकरणका विषयवस्तु समावेश गरिएको छ।

जलवायु परिवर्तनले बाढी, पहिरो, खडेरी, अल्पवृष्टि, अनावृष्टिजस्ता प्रकोपहरूले शिक्षा क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको छ। विश्वभर झण्डै एक अरब बालबालिका जलवायु परिवर्तनका अत्याधिक जोखिममा रहेका छन् । विपद्को बेला विद्यालयहरू आश्रयस्थलको रूपमा प्रयोग हुँदा पठनपाठनमा बाधा पुग्छ । विद्यालयमा बालबालिकाको नियमित उपस्थितिमा गिरावट, सिकाइ उपलब्धिमा ह्रास तथा विद्यालय छोड्ने बालबालिका सङ्ख्यामा वृद्धिजस्ता असरहरू देखा परेका छन्।

### ४.५.२ उद्देश्य

- सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने
- सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने
- स्थानीय तथा विद्यालय स्तरका विद्यालय शिक्षामा विपद् जोखिम व्यवस्थापनलाई संस्थागत र मूलप्रवाहीकरण गर्ने
- बृहत् सुरक्षित विद्यालय र विपद् जोखिम न्यूनीकरणलाई विद्यालयको पाठ्यक्रम तथा शिक्षकको पेसागत विकासमा एकीकृत गरी यसलाई विद्यार्थी, शिक्षक, विव्यस तथा समुदायमा प्रवाह गर्ने
- जलवायु ऊर्जा र वातवरण सम्बन्धी सचेतना अभिवृद्धि गर्ने
- प्रकोप न्यूनीकरण सम्बन्धी शिक्षक तथा विद्यार्थीलाई तालिमको व्यवस्था

- उद्धार, राहत,  पुनः स्थापना, पुनः निर्माण लगायत प्रकोप न्यूनीकरणका पूर्व तयारीहरू

### ४.५.३ *रणनीति*

- सङ्घीय सरकारले  कार्यान्वयनमा ल्याएका विभिन्न नीति नियम तथा ऐन कानुनहरूको पूर्ण पालना गरिने छ ।
- सङ्कटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गरिने छ ।
- सङ्कटासन्नताको मूल्याङ्कनको आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार पार्नेछन् ।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनस्थापना गरिने छ ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण औषधि खाद्यान्न पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ
- विद्यार्थी, शिक्षक अभिभावक तथा अन्य सरोकारवालाहरूको तयारी, रोकथाम, प्रतिकार्य र पुनस्थापनाका लागि क्षमता विकास गरिनेछ
- विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान सिपको समेत खोजी तथा संरक्षण सम्वर्धन गरिने छ ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनका लागि विभिन्न क्रियाकलाप अन्तर्गत- १) विपत तथा महामारीबाट पुगेको क्षति न्यूनीकरणका लागि Diagnostic Tools बाट विद्यार्थीको पूर्व परीक्षा सञ्चालन गर्ने, २) उत्तरपुस्तिका परीक्षण र विद्यार्थीको सही उत्तरलाई १ र कमजोर तथा गलत उत्तरलाई ० मा वर्गिकरण गर्ने । ३) तथ्याङ्क इन्ट्री सिट तयारी गर्ने, ४) तथ्याङ्क इन्ट्री गर्ने, ५) तथ्याङ्क विश्लेषण गर्ने, ६) तथ्याङ्कका आधारमा विद्यार्थीको वर्गिकरण/ तह निर्धारण गर्ने, ७) रिमेडियल शिक्षणको लागि विषणवस्तु छनोट तथा उपयक्त रणनीतिको अवलम्वन । ८) Post Test & Endline Data Entry.
- विपद् व्यवस्थापन तथा सङ्कटकालमा अन्य गाउँपालिकाहरूमा भए गरिएका असल अभ्यासहरूको अनुसरण गर्ने संयन्त्र विकास गरिने छ ।
- विद्यालय शान्ति क्षेत्रको अवधारणालाई सार्थकता दिन स्थानीय राजनैतिक दल, पेसागत सँगठनहरू, विद्यार्थी सँगठन तथा क्लबहरू, सामाजिक सांस्कृतिक समूह तथा समाजहररूसँग समन्वय र सहकार्य गरी यसप्रति सबैलाई जिम्मेवार बनाइने छ ।
- अभिभावकहरूले आफ्नो बच्चाहरूलाई सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण गरिनेछ
- विद्यालयमा भएका सन्दर्भ पढाइ सामग्रीहरूलाई विद्यार्थीहरूलाई घरमा लगेर पढ्ने वातावरण मिलाउने
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका अवधारणासमेतलाई कार्यान्वयनमा ल्याइने छ ।
- आकस्मिक कोष, प्राथमिक उपचार बाकस तथा झटपट झोलाको व्यवस्था गरिने छ ।

- प्रकोप प्रभाव मूल्याङ्कन गरी विकास निर्माण कार्यहरू सञ्चालन गरिने छ।

### ४.५.४ *प्रमुख उपलब्धि तथा नतिजा*

**उपलब्धि**

- हरेक परिस्थितिमा बालबालिका सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुनेछ।
- जलवायु, ऊर्जा र वातवरण सम्बन्धी सचेतना अभिवृद्धि भएको हुनेछ ।
- अत्यावस्यक सेवाहरूको न्यूनतम उपयोग हुनेछ।

**नतिजा**

- विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने
- स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने
- महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने
- अत्यावश्यक सेवाहरू प्रदान हुने

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ९ | | | | | |
| २ | हरित विद्यालय सङ्ख्या | ९ | | | | | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | | | २ | ३ | ४ | |

### ४.५.५ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विपद् सम्वन्धी विद्यालय विपद् योजना निर्माण तथा परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | गाउँपालिकास्तरीय विद्यालय शिक्षा सहयोग विपद्कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालयको भौगोलिक अवस्था र परिस्थितिअनुसार वैकल्पिक सिकाइको व्यवस्थापन कार्यक्रम | आवश्यकता अनुसार | | | | | | | |
| ५ | उद्दार कार्यक्रममा खटिने संवयंसेवकका लागि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | प्रतिकार्य कार्यदलको गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | अभिभावकहरूले आफ्नो बच्चाहरूलाई सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

भौतिक पूर्वाधार विकाससले भौतिक संरचनालाई जनाउँछ । त्यस्ता पूर्वाधार जोखिम रहित र सुविधा सम्पन्न हुनका साथै बालमैत्री, लैङ्गिकमैत्रीसमेत हुन जरुरी हुन्छ । राष्ट्रिय भवन संहिता २०६० र बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मार्गनिर्देशन २०६२ मा प्राविधिक नक्साङ्कन, स्ट्रक्चरल डिजाइन अनिवार्य, सिभिल इन्जिनियरबाट प्रमाणित गर्ने र जोखिमयुक्त संरचना र पर्खाल भत्काउने आदिजस्ता मापदण्द निर्धारण गरेको छ भने विद्यालयको हकमा शिक्षा नियमावली २०५९ नियम ४ सँग सम्बन्धित अनुसूची ३ मा कक्षाकोठाहरू ९ फिट उचाई घाम पानीबाट बचाउ हुने किसिमको, पूर्वप्राथमिक विद्याल भवनको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, निमावि र माविमा १.०० वर्गमिटर क्षेत्रफल भएको कक्षाकोठा हावा प्रकाश आउने किसिमको १ विद्यार्थी २ प्रति पुस्तक सम्पूर्ण विद्यार्थीहरू एकैसाथ उभिन सक्ने कम्पाउन्ड र विद्यालयको हाताभित्र घेराबारा भएको हुनुपर्ने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले भौतिक पूर्वाधार, पाठ्यसामग्री आदिलाई बाल अपाङ्गता र लैङ्गिकमैत्री बनाउने, बालबालिकाहरूको स्याहार केन्द्र लगायतको संरचना जोखिमरहित सुविधासम्पन्नसहितको आधुनिक बनाउने उद्देश्यले गुरूयोजना निर्माण गर्नेसमेत नीतिगत व्यवस्था गरेको छ । नमूना विद्यालय छनौट कार्यविधिमा समेत भौतिक पूर्वाधारजस्ता सूचकहरू राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भौतिक पूर्वाधार निर्माणको मापदण्ड र मूल्याङ्कन नियमन गर्ने प्रावधान रहेको छ । सुक्षित र पूर्वाधार प्रयोग गर्न सक्ने भौतिक संरचना निर्माण गरी शिक्षालाई सबैको पहुँचमा पुर्‍याउनका साथै गुणस्तरीय समावेशी, सर्वव्यापी जीवनउपयोगी र प्रविधिमैत्री शिक्षा आदि प्रदान गर्ने लक्ष्य राखेर भौतिक विकासको आवश्यकता, सम्भावना र चुनौतीलाई पहिचान गरी आगामी १० वर्षे शैक्षिक गुरूयोजनामा उद्देश्य, रणनीति, प्रमुख क्रियाकलाप र स्रोत व्यवस्थापनसमेत उल्लेख गरी निर्माण गरेको हुनुपर्छ ।

### *४.६.१ वर्तमान अवस्थाः*

गाँउ शिक्षा युवा तथा खेलकुद शाखा, आठराई २०८२ को तथ्याङ्कअनुसार यस आठराई गाउँपालिकामा जम्मा ५९ ओटा विद्यालयहरू रहेका छन् । यस गाउँपालिकामा सञ्चालित शिक्षण संस्थामा सामुदायिक आवि १ देखि ५ जम्मा ३४ विद्यालय, संस्थागत २ विद्यालय, आवि १ देखि ८ सामुदायिक १६ विद्यालय र संस्थागत १ विद्यालय, मावि १ देखि १२ सञ्चालन भएका सामुदायिक जम्मा ९ विद्यालय रहेका छन् । सामुदायिक सिकाइ केन्द्र ४ र सामुदायिक बालविकास केन्द्र ३ ओटा रहेका छन् । अधिकांश विद्यालयमा भौतिक संरचरनाहरू पर्याप्त छैनन् । विद्यालयको भौतिक पक्षसँग सम्बन्धित विवरणमा हेर्दा प्रयोगमा आएको पक्की भवन सङ्ख्या कम रहेको छ । फलामको ब्लक प्रयोगमा आएका कच्ची भवन, प्रयोगमा नआएका शौचालय आदिको सङ्ख्या धेरै रहेका छन् । छात्रा शौचालय, खानेपानीको व्यवस्था, विद्यालयमा घेराबारा आदि अवस्था पर्याप्त हुन सकेको छैन । बालबालिकाहरूलाई साबुनपानीले हात धुने व्यवस्था, प्राथमिक उपचार व्यवस्था आदिमा ध्यान पुर्‍याउनु पर्ने अवस्था रहेको छ ।

विश्वविद्यालय तथा कलेजहरूमा यस गाउँपालिकाको उच्च शिक्षालाई बढावा दिने तवरले ३ ओटा कलेजहरू सञ्चालन भएको छ ।

### ४.६.२ उद्देश्य

- पूर्वाधार विकासमा नीतिगत व्यवस्था अनुरूपको सुरक्षित जोखिमरहित, मापदण्डअनुसारका संरचनासहित पूर्वाधार विकास गर्ने
- शिक्षण सिकाइ क्रियाकलाप अनुकूल हुने गरी बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री आधारभूत सुविधासहितको पूर्वाधार विकास गर्ने
- पर्खाल तथा घेराबारा निर्माण गर्ने
- मनोरञ्जन कक्षा तथा प्रयोगशालाको व्यवस्था गर्ने
- प्राथमिक स्वास्थ्य उपचार कक्षको व्यवस्था गर्ने

### ४.६.४ रणनीति

- पूर्वाधार विकासमा गुरूयोजना र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने
- विद्यालयमा प्राथमिक उपचार सहितको पूर्वाधार तयार गर्ने
- पूर्वाधार निर्माण गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न सम्बन्धित निकाय वा संघसस्थाहरूसँग साझेदारी गर्ने
- भौतिक पूर्वाधार जोखिमको मूल्याङ्कन गरी जौखिमयुक्त लाई हटाउने तथा मर्मतसम्भार गर्ने
- विद्यालयका सुधार गर्न आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने
- सुरक्षित मापदण्डअनुसारका ICT संरचनाअनुसार स्मार्ट कक्षाकोठा निर्माणमा ध्यान दिइने
- प्रत्येक विद्यालयमा बाल उद्यान निर्माण गर्ने

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- जेखिमरहित सुरक्षित र न्यूनतम सुविधा सम्पन्न भौतिक पूर्वाधारको निर्माण गरी प्रभावकारी सिकाइ क्रियाकलापको वातावरण तयार हुने

**नतिजा**

- जेखिम रहित तथा न्यूनतम सुविधायुक्त भौतिक पूर्वाधार विकासका लागि ५ वर्षे गुरूयोजना र मापदण्ड तयार हुने
- सबै विद्यालयमा आवश्यक भौतक पूर्वाधार निर्माण भएको हुने
- विद्यालयमा बालमैत्री लैङ्गिक तथा अपाङगमैत्री ICT सहितको भौतिक पूर्वाधार विकास हुने
- विद्यालयमा रहेको भौतिक सम्पतिको प्रयोगमा कार्यविधि मापदण्ड र प्रभावकारिताको सूचक तयार गर्ने

- सबै विद्यालयमा गणित, विज्ञानको प्रयोगशाला, कम्प्युटर ल्याब पुस्तकालय, अध्ययन कक्षा, चमेना गृह बालउद्यान, स्वच्छ खाने पानी उपलब्ध हुने
- भौतिक पूर्वाधार विकासको स्रोत व्यवस्थापनका लागि सम्बन्धित निकाय, संघसंस्था, अभिभावक आदिमा सहकार्य हुने
- गुणस्तरीय शिक्षा आदान प्रदान गरी शिक्षाका राष्ट्रिय उद्देश्य प्राप्त गर्न मद्दत हुने
- सिपमूलक शिक्षामा जोड दिँदै रोजगारमुखी शिक्षा प्रदान हुने

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १२ | १२ | १० | १० | १० | १९ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | २६ | २६ | ४० | ४० | ४० | ८० |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | १५ | १५ | २५ | २० | २० | २० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ६ | ६ | १० | १५ | १५ | २० |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ५९ | ५९ | | | | |

### ४.६.५ *प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २ | विद्यालयको आवश्यकता, प्राथमिकता तथा स्रोत अनुसार अपाङ्गमैत्री, प्रविधिमैत्री र समतामुललक, बालमैत्री एवम् लैङ्गिकमैत्री कक्षाकोठा व्यवस्थापन | पटक | १ | | १ | | १ | ३ | | |
| ३ | निर्माण भएका संरचनाहरूको सम्वर्धन तथा मर्मत (आवश्यकता अनुसार निरन्तर ) | निरन्तर | | | | | | | | |
| ४ | विनियोजित रकमको शीर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन (आवश्यकता अनुसार निरन्तर ) | निरन्तर | | | | | | | | |
| ५ | हामि बनाउछौं हाम्रो विद्यालय कार्यक्रम सञ्चालन ( निरन्तर ) | निरन्तर | | | | | | | | |
| ६ | विद्यालय हाता हरियाली कार्यक्रम ( निरन्तर ) | निरन्तर | | | | | | | | |
| ७ | कक्षा १ देखी ३ सम्मका कक्षाकोठामा बालमैत्री तथा छापामय वातावरण निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधि भन्नाले साधरणतया सूचना आदन प्रदान गर्ने उपकरणहरूलाई जनाउदछ । सूचना तथा प्रविधिले विद्युतीय /चुम्बकीय तरङ्ग जस्ता उपकरणहरूको माध्यमबाट विभिन्न डाटाहरूलाई ध्वनि, शब्द, तस्विर र सङ्केत आदिलाई आदानप्रदान गर्नका साथै त्यस्ता सूचनालाई भण्डारण, सम्पादन, प्रचारप्रसार आदिसमेत गर्दछ । यसले गर्दा विश्वलाई नजिक बनाएको छ ।

शिक्षा क्षेत्रको भूमिका शैक्षिक सुशासन शैक्षिक सूचना व्यवस्थापनका साथै प्रभावकारी शिक्षण सिकाइमा प्रयोग गर्ने नीतिसमेत रहेको छ । नेपालमा शैक्षिक सूचना व्यवस्थापन गर्न सूचना तथा प्रविधिसमेत रहेको छ भने विभिन्न सिकाइको शैक्षिक सामग्रीहरूको उत्पादन वितरण गरी सबैको शैक्षिक गुणस्तरमा पहुँच पुर्‍याउने प्रयास गरेको छ । २०७२ सालको भूकम्पका बेलामा पनि सूचना र प्रविधिको माध्यमबाट पठनपाठन गरेको थियो । यस्ता कठिन माहामारीमा समेत सञ्चार प्रविधिको माध्यमबाट बैकल्पिक शिक्षणसिकाइ निरन्तर दियो ।

स्थानीय सरकार सञ्चनलन ऐन २०७४ मा सामुदायिक केन्द्र स्थापना गरेर डिजिटल साक्षरता बढाउने लक्ष्य रहेको छ । सूचना तथा सञ्चार नीति २०७२ र डिजिटल नेपाल फ्रेमवर्क २०७६ ले सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी गुरूयोजना निर्माण गर्ने । स्मार्ट कक्षाकोठा निर्माण अनलाइन सिकाइ कार्य, शिक्षण व्यवस्थापन प्रणाली, बायोमेट्रिक हाजिरी, ग्रामिण क्षेत्रमा मोबाइल सिकाइ केन्द्रका साथै अनलाइन शिक्षा प्रदान गर्ने नीति लिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३ मा पूर्वाधारलई सुदृढ बनाउदै उपयुक्त प्रयोगमा जोड दिने । राष्ट्रिय विज्ञान प्रविधि तथा नव प्रबर्धन नीति २०७६ मा गुणस्तरीय र सुशासनमा नीति मार्फत अध्ययन अनुसन्धान गरी क्षमताको अभिवृद्धि गर्ने । राष्ट्रिय शिक्षा नीति २०७६ को ४८ मा शिक्षा प्रणालीको अभिन्न रूपमा एकीकृत गर्दै शिक्षाको पूर्वाधार निर्माण गर्ने, सिकाइ प्रक्रियालाई प्रविधि मैत्री बनाउने । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको शिक्षा क्षेत्र योजना मार्फत विद्यालयको सुशासन कार्य गर्ने सिकाइप्रति विद्यार्थीलाई आकर्षित गर्ने सबै विद्यार्थीको लागि आधारभूत साक्षरता बढाउने जस्ता विभिन्न रणनीति, तथा नीतिगत व्यवस्था गरेको छ । यस गाउँपालिकामा समेत प्रविधिमैत्री बनाउन विभिन्न चुनौतीलाई र आवश्यकतालाई पहिचान गरी ५ वर्षे गुरूयोजनामा विभिन्न रणनीति तथा कार्यक्रम तयार गरेको छ ।

### ४.७.१ वर्तमान अवस्था

यस गाउँपालिकामा समेत प्रविधिमैत्री बनाउन गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । गाउँपालिका ५९ नै विद्यालहरूमा विजुली बत्तीको व्यवस्था रहेका छ । केही इन्टरनेटको व्यवस्था राम्रो पुर्‍याउन सकिएको छैन । विद्यालयको शिक्षण सिकाइमा ICT को सान्दर्भिक प्रयोग गरी ICT लाई वैकल्पिक माध्यमको विस्तार हुनका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन हुने र विद्यार्थी अभिभावकसमेत साधारण डिजिटल साक्षरता आजको आवश्यकता पूरा गर्नु रहेको छ । हाल पुरानै पद्धतिबाट अध्यापन गराइरहेको छ । सबै विद्यालयमा स्मार्ट कक्षा निर्माण गरी अन्तरक्रिया डिजिटल सामग्री स्थापना गर्दै गणित, विज्ञान प्रयोगशालामा अनिवार्य सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु तथा अन्य विषयको लागि आवश्यकअनुरूप गर्नु पर्ने अवस्था रहेको छ । कोभिड १९ जस्ता महामारीमा शिक्षा शाखाको मातहतमा रही लिडर विद्यालयको शिक्षकहरूले गाउँपालिका स्तरीय शैक्षिक सामग्री निर्माण, प्रसार र वितरण गर्ने र अन्य विद्यालयले विद्यार्थीलाई सहजीकरण गरिएको भए तापनि आगामी दिनमा हुन सक्ने जोखिमलाई जुध्न सक्ने प्रविधिको प्रयोग गर्नु आवश्यक रहेको छ ।

### ४.७.२ उद्देश्य

- सूचना तथा प्रविधिको प्रयोगमा बढवा दिदैँ education e-portal center, Digital Lab / e-Library को माध्यमबाट शिक्षालाई गुणस्तरीय समतापूर्ण, सबैको पहँचमा पुऱ्याउने सुशासनयुक्त शैक्षिक प्रशासन स्थापना र शैक्षिक सूचनालाई प्रभावकारी व्यवस्थापन बनाउनु
- डिजिटल प्रविधिमैत्री सिकाइमा जोड दिने
- रूचि क्षमता अनुरूपको सिकाइ हुने

### ४.७.३ *रणनीति*

- गाउँपालिका तथा विद्यालय स्तरीय दुबैले नीति तथा १० वर्षे गुरूयोजना तयार गरी कार्यान्वयन गर्ने
- गाउँपालिका स्तरीय education e-portal center निर्माण गर्ने
- ICT का आधारभूत संरचना निर्माण गर्न तिनओटै सरकार र सम्बन्धित संघसस्थासँग सहकार्य गरी स्रोतसाधनको व्यवस्था गरिने छ।
- आधारभूत तहको ६-८ कक्षाको कम्प्युटर विषय अध्यापन गर्ने शिक्षकलाई शैक्षिक सूचना व्यवस्थापन गर्न संस्थागत क्षमता विकास गर्न वार्षिक रूपमा तालिम प्रशिक्षण दिइने छ।
- विद्यालयको एकीकृत लेखा सञ्चालन सफ्टवेयर सम्बन्धी तालिम सञ्चालन गर्ने
- कोभिड १९ जस्ता महामारीमा शिक्षा शाखाको मातहतमा रही लिडर विद्यालयको शिक्षकहरूले गाउँपालिका स्तरीय शैक्षिक सामग्री निर्माण, प्रसार र वितरण गर्ने र अन्य विद्यालयले विद्यार्थीलाई सहजीकरण गरिने छ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको प्रभावकारिता र उपलब्धताको निरन्तर अनुगमन तथा मूल्याङ्कन गरिने छ।
- सबै विद्यालयमा बायोमेट्रिक हाजिरीको विकास गरिने छ।
- सबै विद्यालयमा स्मार्ट कक्षा निर्माण गरी अन्तरक्रिया डिजिटल सामग्री स्थापना गर्दै गणित, विज्ञान प्रयोगशालामा अनिवार्य सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने र अन्य विषयको लागि आवश्यकताअनुरूप प्रयोग गर्ने
- प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको आधारभूत पूर्वाधारहरू निर्माण गरी न्यूनतम सामग्रीसमेत वितरण गरिने छ।
- एक शिक्षक एक ल्यापटपको व्यवस्था गरी तालिमको व्यवस्था गर्ने

### ४.७.४ *प्रमुख उपलब्धि तथा नतिजा*

**उपलब्धि**

- विद्यालयको शिक्षण सिकाइमा ICT को सान्दर्भिक प्रयोग गरी ICT लाई वैकल्पिक माध्यमको विस्तार हुनका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन हुने र विद्यार्थी अभिभावकसमेत साधारण डिजिटल साक्षरता हुने
- उत्कृष्ट शिक्षकको पहिचान गरी प्रोत्साहन स्वरूप सम्मान तथा पुरस्कारको व्यवस्था हुने

**नतिजा**

- गाउँपालिका र विद्यालयस्तरमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीति तथा गुरूयोजना निर्माण भएका हुने
- गाउँपालिका स्तरीय education e-portal center मार्फत शैक्षिक सामग्री निर्माण वितरण र प्रसार गरिएको हुने
- लिडर  विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सिकाइ केन्द्र स्थापना भएको हुने
- विद्यालयको लेखा सञ्चालन र कम्प्युटर विषयको शिक्षण गर्ने शिक्षकलाई तालिम प्राप्त भएको हुने
- प्रत्येक विद्यालयमा प्रविधिको पूर्वाधारसहित न्यूनतम सामग्री सम्पन्न हुने र त्यसको माध्यमबाट सिकाइ क्रियाकलाप भएको हुने
- प्रत्येक विद्यालयमा आधुनिक सु-सम्पन्न गणित, विज्ञान, कम्प्युटर प्रयोगशालाहरू निर्माण भएको हुने
- आधारभूत तहको ६-८ मा अध्यापन भइरहेको कम्प्युटर सम्बन्धी छुट्टै शिक्षक उपलब्ध भएको हुने
- रोजगारमूलक तथा सिपमूलक शिक्षा प्राप्त भएको हुने
- प्रत्येक व्यक्तिमा शिक्षा प्रतिको नैराश्यता हटाउने

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान  भएका विद्यालयको सङ्ख्या | ५९ | ५९ | | | | |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | | १५ | २० | ३० | ४५ | ५९ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | | ९ | २० | ३० | ४५ | ५९ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५९ | ५९ | | | | |

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ५९ | ५९ | | | | |

### ४.७.५ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

| क्रसं. | क्रियाकलाप | इकाइ | पहिलो पाँच वर्षको नतिजा | | | | | जम्मा | बाँकि ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालयमा ICT LAB विस्तार | विद्यालय | १५ | ४ | ५ | ५ | ५ | ३४ | २५ | |
| २ | बाकी रहेका सबै विद्यालयमा इन्टरनेट सेवा विस्तार र अनुगमन | पटक | १ | १ | १ | १ | १ | | | |
| ३ | सबै शिक्षकहरूलाई ICT को आधारभूत तालिम कार्यक्रम | १०० जना | १ | १ | १ | १ | १ | | | |
| ४ | IEMIS सम्बन्धी तालिम | १८० जना | १ | १ | १ | १ | १ | | | |
| ५ | विद्यालयमा ई लाईब्रेरी सञ्चालन | विद्यालय | १ | ५ | ५ | ५ | ५ | २१ | १० | |
| ६ | गाउँपलिका स्तरमा नमुना ICT LAB स्थापना | ओटा | | १ | | | | १ | | |
| ७ | गाउँपालिकामा विभिन्न समूहहरूका विभिन्न माध्यम (Virtual/In-person) सिकाइ आदानप्रदानका लागि सिकाइ समूह (CoP) निर्माण | पटक | १ | १ | १ | १ | १ | | | |
| ८ | सञ्चालनमा रहेका सामुदायिक अधययन केन्द्र तथा पुस्तकालयहरूमा ICT विस्तार | केन्द्र | | १ | | १ | १ | ३ | १ | |

# परिच्छेद ५

# सुशासन तथा व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

शिक्षा पद्धतिमा सुशासन भन्नाले प्रजातान्त्रिक पद्दति मार्फत सबैले स्वीकार्ने र हित हुने किसिमको निर्णय तथा कार्यान्वयनमा पारदर्शी जवाफदेहीताका साथै कानुनी आधारमा रही निर्णय गर्ने प्रकृयालाई जनाउँदछ । सुशासन तथा व्यवस्थापनमा संरचना तथा प्रक्रिया दुबै पर्दछन् । विद्यालय क्षेत्रमा सुशासन तथा व्यवस्थापन प्रभावकारी राख्ने उद्देश्यले सबै विद्यालयलाई समुदायमा हस्तान्तरण गरिएको छ । उचित सुशासन र प्रभावकारी व्यवस्थापनले शिक्षा क्षेत्रमा सुधार ल्याउनुका साथै बालबालिका सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना निर्माण, योजना तर्जुमा र कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गर्नुले सुशासनको प्रत्याभूति गराउदछ । सुशासन र प्रभावकारी व्यवस्थापन गर्न स्थानीय सरकार र स्वयम् विद्यालयमा अधिकार विकेन्द्रीकृत गरेको छ । नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहमा शिक्षा सम्बन्धी अधिकार रहेको छ । शैक्षिक सुशासन स्थापना गर्न स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहनुका साथै स्रोत साधनको उचित व्यवस्थापन सस्थागत क्षमता विकासमा पनि योगदान रहन्छ ।

सामान्यतया सुशासनले आर्थिक पारदर्शी नीति तथा योजना निर्माण प्रकृया, विद्यालय सञ्चालन पद्धति, निर्णायक निकाय आदिलाई समेट्दछ । सुशासन हासिल गर्नका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । नेपालमा आर्थिक सुशासन तथा व्यवस्थापन गर्न आर्थिक ऐन २०७७ आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन २०७६ र लेखा परीक्षण ऐन तथा कार्यविधिसमेत जारी भएको छ । विद्यालयको हकमा अर्थिक सुशासन कायम गर्न शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । विद्यालय सञ्चालन पद्दति र निर्णय प्रकृयामा विद्यालय व्यवस्थापन समितिसमेत रहने व्यवस्था छ । यस सन्दर्भमा संविधानमा सङ्घीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा समपूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । त्यसै गरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिई आठराई गाउँपालिकाको शिक्षा क्षेत्रमा सुशासन स्थापना गर्न र प्रभावकारी व्यवस्थापन गर्न यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गर्दै वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रम तथा कृयाकलापहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन स्रोत व्यवस्थापन नीति तथा रणनीति, उद्देश्य तथा लक्ष्य हासिल गर्नका लागि आवश्यक

संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गर्न स्थानीय अवश्यकता चुनौती पहिचान गर्दै शैक्षिक गतिविधि प्रभावकारी बनाउन तथा सुशासन कायम गर्न सङ्घीय संरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, औपचारीक अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार गर्न संयन्त्र निर्माण, प्रकोप तथा महामारीको अवस्थामा गुणस्तरीय सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका अवसर र चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको खाका तयार गरिएको छ ।

### ५.१.१ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल शिक्षा तथा खेलकुद मन्त्रालय अन्तरगत विभिन्न निकाय तथा संघ सस्थाहरूले विभिन्न नीतिनिर्माण तथा कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् जस्तै केन्द्रीय तहमा विभागीय रूपमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र आदि रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तह प्रत्येक गाउँपालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिम गाउँपालिका स्तरमा २३ ओटा कार्यहरू कार्यान्वयनमा रहेका छन् ।

### ५.१.३ *उद्देश्य*

विद्यालयमा सुशासन स्थापना र प्रभावकारी  शैक्षिक व्यवस्थापन सम्बन्धी निम्न उद्देश्यहरू रहेका छन्-

- सुशासन तथा प्रभावकारी व्यवस्थापन गर्न गुरूयोजना तथा कार्यविधि निर्माण गर्नु
- गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनु
- विद्यालयको कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेही र विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्नु
- विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि  गर्न संरचना र जनशक्तिको व्यवस्था गर्नु

- विद्यालयमा सुशासन स्थापना गर्न सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत रूपमा समन्वय गर्दै प्रविधिलाई समेत प्रयोगमा ल्याउनु
- गाउँपालिकाभित्र मैत्रीपूर्ण संरचना बनाउनु

### ५.१.३ रणनीति

- गाउँपालिका तथा विद्यालय स्तरीय गुरूयोजना तथा कार्यविधि निर्माण गरिने
- मूल्याङ्कन तथा नियमन संयन्त्र स्थापना गरिने
- विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरिने
- विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठनिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने
- सुशासन तथा प्रभावकारी व्यवस्थापनका लागि प्रविधिको प्रयोगमा जोड दिइनेछ
- विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेसागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

### *५.१.४ उपलब्धि तथा प्रमुख नतिजा*

**उपलब्धि**

- शिक्षामा सस्थागत विकास र प्रविधिको प्रयोगले सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई विद्यालयको सेवा तथा बालबालिका सिकाइको गुणस्तरका साथै समावेसी शिक्षा प्रणालीमा विकास भएको हुने ।

**नतिजा**

- गाउँपालिका तथा विद्यालय स्तरीय गुरूयोजना तथा कार्यविधि निर्माण भएको हुने
- निरन्तर मूल्याङ्कन तथा नियमन संयन्त्र स्थापना भएको हुने
- विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशिता भएको हुने
- विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि भई भौतिक तथा सांगठानिक संरचना सुधारीएको पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गरिएको हुने
- सुशासन तथा प्रभावकारी व्यवस्थापनका लागि प्रविधिको प्रयोग भएको हुने

- विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेसागत योग्यता र तालिमको व्यवस्था गरिएको हुनुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण र संयन्त्रको क्षमता अभिवृद्धि हुने।
- संरचनाहरू बालमैत्री तथा अपाङ्ग मैत्री भएको हुने।

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ९ | | | | | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १५ | | | | | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ५९ | | | | | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ५९ | | | | | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम | ० | | | | | |

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| | प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | | |

### ५.१.५ *प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | गाउँपालिका तथा विद्यालय स्तरीय गुरूयोजना तथा कार्यविधि निर्माण | | १ | | | | | | |
| २ | मूल्याङ्कन तथा नियमन संयन्त्र स्थापना | | १ | | | | | | |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण र प्रयोग | | १ | | | | | | |
| ४ | विधालयलाई समता तथा समावेशिताका लागि करार गरी जिम्मेवार बनाउने | | १ | | | | | | |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई गुणस्तरीय सिकाइप्रति उत्तरदायी बनाउने कार्यक्रम तयार | | १ | | | | | | |
| ६ | विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि तालिम | | १ | | | | | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरू को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको ५ वर्ष योजनाले तय गरेका लक्ष्यहरू पूरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ । त्यसको साथै यस गाउँपालिका ले पनि समग्र गाउँपालिकाको विकास र परिवर्तनका लागि केही सोच, लक्ष्य, उद्देश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ । उल्लेखित सन्दर्भमा गाउँपालिकाको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उद्देश्य पूरा गर्न स्थानीय गाउँपालिका का आवश्यकताहरू पूरा गर्न गाउँपालिका को आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० वर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ । साथै सबै स्थानीय सरकारहरूले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न गाउँपालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्ध गरे बमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो ।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई नि:शुल्क गर्ने हकको सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रूपले पिछाडिएका बालबालिकाहरूको शिक्षामा कानुन बमोजिम नि:शुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ । सङ्घीय स्वरूपको राज्य व्यवस्था भए अनुरूप तीनै तहका सरकारहरू स्थापना भई क्रियाशील अवस्थामा छन् । सबै सरकारहरूका आ-आफ्ना परिवेश भए अनुरूप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । तीनै तहका सरकारहरूले समन्वयात्मक ढङ्गबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरूलाई उक्त योजनामा प्रतिविम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरू पूरा गर्नु आजको आवश्यकता हो ।

### *५.२.१ वर्तमान अवस्था*

गाँउ शिक्षा शाखा, आठराई २०८२ को तथ्याङ्क अनुसार यस आठराई गाउँपालिका मा जम्मा ५९ ओटा विद्यालय हरू रहेका छन् जसमा सामुदायिक १-५ आवि ३४, सामुदायिक १-८ आवि १६, सामुदायिक १-१२ मावि ९ सामुदायिक बालविकास केन्द्र ६२ रहेको तथ्याङ्क तालिकामा उल्लेख छ । विश्वविद्यालय तथा कलेजहरूमा यस गाउँपालिकाको उच्च शिक्षालाई बढावा दिने तवरले ९ ओटा विद्यालयमा (१०+२) उच्च शिक्षाको कक्षा सञ्चालन गरी विश्वविद्यालय तथा कलेजहरू जग बसाउने कार्यमा बढावा भएको कुरा तलको तालिकाबाट प्रष्ट्याइएको छ । आठराई गाउँपालिकामा कार्यरत शिक्षकहरूको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी प्रावि १३६, निमावि ४०, मावि ३२ जम्मा २०८ र अस्थायी करार प्रावि ४५, निमावि ९, मावि ६, साविक उच्च मावि १८ गरी जम्मा ७८ रहेको छ । राहत दरबन्दीमा कार्यरत प्रावि ३१ निमावि ९ मावि ५ गरी जम्मा ४५, सङ्घीय अनुदान १ जना र २७ निजि स्रोतको

दरबन्दी व्यवस्थापन गरिएको अवस्था रहेको छ। पूरा दरबन्दी नहुनुले गाउँपालिकाले धेरै रकम शिक्षक व्यवस्थापनमा खर्च गर्नु परेको छ। वार्षिक क्रियाकलापहरूमा शिक्षालाई महत्त्वपूर्ण रूपमा राखे पनि योजनामा राखेर कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ। आवश्यक स्रोत साधनको व्यवस्थापनमा गाउँपालिकाको स्रोत साधनको भरपुर प्रयोग गरिएको छ। गाउँपालिकाको आफ्नै स्रोतबाट ३४ जना स्थानीय मातृभाषा शिक्षक व्यवस्थापन गरिएको छ।

नगर शिक्षा समितिको अगुवाइमा गाउँपालिकामा शिक्षा क्षेत्रका क्रियाकलापहरू सञ्चालन गरिएको छ। आठराई गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखि लागु गरिएको छ। स्थानीय विषयले यस गाउँपालिकाको ऐतिहासिकता र समग्रता झल्काउन मद्दत गर्नेछ भनी बालबालिकालाई स्थानीय परिवेश अनुकूल विषय क्षेत्रमा परिचित हुन सहयोग पुर्‍याउने छ आभारभूत तह कक्षा १-३ मा एकीकृत विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत् १०० प्रतिशत आन्तरिक मूल्याङ्कन, कक्षा ४-५ मा विशेष व्यवस्था गरी १०० प्रतिशत आन्तरिक मूल्याङ्कन अपनाइएको छ। त्यसैगरी आधारभूत तह कक्षा ६-८ मा ५० प्रतिशत आन्तरिक विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत बाह्य मूल्याङ्कनलाई कक्षोन्नतीको आधार बनाइएको छ भने कक्षा ८ को वार्षिक परीक्षा गाउँपालिका स्तरमा ५० प्रतिशत बाह्य मूल्याङ्कनबाट सञ्चालन गरिनेछ। कक्षा १०-१२ को अन्तिम परीक्षा राप बोर्डको निर्देशन अनुरूप हुने गरेको छ।

### ५.२.२ *उद्देश्य*

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु
- एकीकृत पाठ्यक्रमको प्रभावकारी प्रयोग र कार्यान्वयन गर्नु
- एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण गर्नु

### ५.२.३ *रणनीति*

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत् नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने

- विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने
- विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक अनलाइन दूर शिक्षणमा अनुकूलन हुनका लागि शिक्षक सहयोगी पुस्तिका मापदण्ड तयार गरी लागू गर्ने
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

### ५.२.४ *उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य*

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

**प्रमुख नतिजा**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिका सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ

### ५.२.५ *प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | प्रतिशत | | | | | | | | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | कक्षा | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य(१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १० | |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | १ | | | | १ | १ | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

# परिच्छेद-६
# लगानी र स्रोत व्यवस्थापन

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण गर्नमा शिक्षाको अहम् भूमिका हुन्छ। भविष्यका लागि गुणस्तरीय मानव संशाधनको विकास गर्ने शिक्षामा लगानी गर्नु आवश्यक छ। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ। शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नुपर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष हो। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

### ६.१.१ वर्तमान अवस्था

गाउँपालिकाको कूल बजेटमध्ये धैरै कमको बजेट शिक्षामा विनियोजन गरेको छ। शैक्षिक क्षेत्रमा गरिएको लगानीले समग्र गाउँको शैक्षिक गतिविधिमा थप ऊर्जा प्रदान गर्ने निश्चत छ। तर शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सिमित देखिन्छन्। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय बजेटको कम्तिमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ। भावि दिनमा शिक्षा क्षेत्रको बजेट वृद्धिमा राज्य र सरकारको ध्यान जानु अनिवार्य रहेको छ। आ.ब २०८२/०८३ मा यस गाउँपालिकाको शिक्षा क्षेत्रको बजेट देहायअनुसार रहेको छ।

**देहाय:**

| आ ब २०८२/८३ को आठराई गाउँपालिकाको शिक्षा तर्फको बजेट | | | |
|---|---|---|---|
| क्रसं | कार्यक्रम | बजेट | कैफियत |
| १ | गाउँ शिक्षा समिति बैठक | २०,०००।- | |
| २ | प्रधानाध्यापक बैठक सञ्चालन | १,००,०००।- | |
| ३ | आधारभूत तह कक्षा ५ र ८ परीक्षा व्यवस्थापन | ५,००,०००।- | |
| ४ | स्थानीय पाठ्यपुस्तक छपाई निर्माण | ५,००,०००।- | |
| ५ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ५,००,०००।- | |
| ६ | बालविकास स का तथा विद्यालय कर्मचारी थप तलब | १,२०,००,०००।- | |
| ७ | स्थानीय मातृभाषा शिक्षकका लागि जीवन निर्वाह खर्च | ४९,००,०००।- | |
| ८ | अङ्ग्रेजी माध्यम पुस्तक खरिद तथा वितरण | ७,००,०००।- | |
| ९ | ह्युमन प्राक्टिस फाउन्डेसन साझेदारी | ४०,००,०००।- | |
| १० | रातो बङ्गला साझेदारी कार्यक्रम | ८,००,०००।- | |
| ११ | सामुदायिक सिकाइ केन्द्रका कर्मचारीको पारिश्रमिक | १,५०,०००।- | |
| | | | |
| जम्मा | | २,४१,७०,०००।- | |

### ६.१.२ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहाय अनुसार रहेको छन्

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
- विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
- खर्चको प्रक्रिया, तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।
- लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहीता स्पष्टा गर्नु ।

### ६.१.३ उपलब्धि तथा प्रमुख नतिजाहरू

**उपलब्धि**

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

### ६.१.५ प्रस्तावित बजेट

| क्र.स. | शीर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | करोड | ६ | ६ | ६ | ६ | ६ | २ | २ | २ | | | |
| २ | आधारभूत तह कक्षा १-५ को विद्यालय शिक्षा | करोड | ११ | ११ | ११ | ११ | ११ | ८ | २ | १ | | | |
| ३ | आधारभूत तह कक्षा ६-८ को विद्यालय शिक्षा | करोड | १० | १० | १० | १० | १० | ७ | २ | १ | | | |
| ४ | माध्यमिक तह कक्षा ९-१२ को विद्यालय शिक्षा | करोड | २१ | २१ | २१ | २१ | २१ | १५ | ३ | १ | २ | | |
| ५ | सामुदायिक सिकाइ केन्द्र | करोड | २ | २ | २ | २ | २ | १ | १ | ०.५ | | | |

# परिच्छेद-७

# अनुगमन तथा मूल्याङ्कन

अनुगमन भन्नाले शैक्षिक कार्यक्रमहरूमा नियमित वा आवधिक रूपमा स्रोत साधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्य तालिकाअनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य बुझिन्छ । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरू के कति मात्रामा पूरा भए वा भएनन् विद्यालयहरूको शैक्षिक भौतिक आर्थिक अवस्थाको अध्यान विष्लेषण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नु शैक्षिक मूल्याङ्कन हो । शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो।मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ७.१ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य सङ्घीय तहमा शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचक, आठराई  गाउँपालिकाका शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमका आधारमाअनुगमन तथा मूल्याङ्कन गरिने गरिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य सुरु गरिएको छ ।

विद्यालय र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ ।

## ७.२ उद्देश्य

- विद्यालयहरूको मासिक रूपमा निरीक्षण तथा अनुगमन गर्नु
- विषयगत शिक्षकहरूको  कर्यशाला सञ्चालन गर्नु
- प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु
- योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी  अपेक्षित उपलब्धि हासिल गर्नु
- योजनाको प्रारम्भ देखि  प्रभाव तह सम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु
- शैक्षिक कार्यक्रमहरूको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु

## ७.३ रणनीति

- विज्ञ समूहबाट विद्यालय तथा शिक्षण सिकाइको मासिक रूपमा निरीक्षण तथा अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने
- वर्षमा दुई पटक विषयगत शिक्षकहरूको  कर्यशाला सञ्चालन गर्ने
- अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने
- अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने
- स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचनाप्रणालीमा आवद्धगर्ने प्रणालीको विकास गर्ने
- शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरूको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने
- विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरिने
- सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने
- शैक्षिक योजना तथा कार्यान्वयनहरूको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने
- सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने
- सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारविच समन्वयात्मक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिने छ।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरू सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने

**प्रमुख नतिजा**

- अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने।

## ७.५ प्रमुख क्रियाकलापहरू र परिमाणात्मक लक्ष्य

| क्रसं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | शिक्षण सिकाइको मासिक रूपमा निरीक्षण तथा अनुगमन | पटक | ४ | | | | | | | |
| २ | विषयगत शिक्षकहरूको कर्यशाला सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | आवश्यकता अनुसार | | | | | | | | |
| ६ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन (चौमासिक/ वार्षिक) | पटक | २ | २ | २ | २ | २ | १० | १० | |

| क्रसं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| ७ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | विद्यालयको समाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | विद्यालयको  लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## अनुसूची १

आज मिति २०८३ जेठ ८ गतेका दिन आठराई गाउँपालिका गाउँ शिक्षा योजना (LEP) निर्माण कार्यदलको सह-संयोजक श्री राजन तिम्सिनाको अध्यक्षतामा तपसिलको उपस्थितिमा निर्मित गाउँ शिक्षा योजना (LEP) २०८२ सम्बन्धी समीक्षा तथा सुझाव सङ्कलन कार्यक्रम सम्पन्न गरियो ।

उपस्थिति

१, श्री बलिराज ईङनाम (उपाध्यक्ष):
२, श्री नारायण भण्डारी (प्र.प्र. अधिकृत):
३, श्री सुनिल खुवेधी (शिक्षा अधिकृत):
४, श्री राजन तिम्सिना (सह-संयोजक):
५, श्री लक्ष्मिमा लामा (शि.शाखा प्रमुख):
६, श्री बीरेन्द्र बहादुर कन्दङ्वा (लेखन समिति):
७, श्री धनेश्वर मगर (लेखन समिति):
८, श्री भुवन ढकाल (कार्यक्रम अधिकृत)
९, श्री चिन्तामणि उप्रेति (प्र.अ.)
१०, श्री प्रेम प्रकाश लिम्बु (प्र.अ.)
११, श्री चलनचन्द्र प्रकाश कन्दङ्वा (प्र.अ.)
१२, श्री भुवनसिंह चोङवाङ (प्र.अ.)
१३, श्री अविनारायण पराजुली (प्र.अ.)
१४, श्री खगेन्द्र प्रसाद खत्री (प्र.अ.)
१५, श्री अमृत बहादुर बुढाथोकी (प्र.अ.)
१६, श्री सन्तोष गौतम (प्र.अ.)
१७, श्री यमन्ता निरौला (प्र.अ.)
१८, श्री विष्णु प्रसाद गिरी (प्र.अ.)
१९, श्री इन्द्रमाया गुरुङ (प्र.अ.)
२०, श्री दुर्गा देवी डाँगी (प्र.अ.)
२१, श्री कालीबहादुर कन्दङ्वा (प्र.अ.)
२२, श्री नरेश चेम्जोङ (प्र.अ.)
२३, श्री टेकबहादुर चौहान (प्र.अ.)
२४, श्री दावादोर्जे मोक्तान (प्र.अ.)
२५, श्री देवेन्द्र कुमार मोक्तान (प्र.अ.)
२६, श्री संगिता कन्दङ्वा (प्र.अ.)

क्रमशः

Scanned with CamScanner

२६, श्री कृष्ण कुमार मोक्तान (प्र.अ.);

२८, श्री हिरालाल जहते (प्र.अ.);

२९, श्री विष्णुकुमार तामाङ (प्र.अ.);

३०, श्री केशव न्यौपाने (प्र.अ. प्रतिनिधि);

३१, श्री रोशन तामाङ (कर्मचारी);

३१, श्री विकेन्द्र डाँगी (प्र.अ. प्रतिनिधि);

३२, श्री रत्न बहादुर डालिबोह (प्र० अ) -

३३ श्री सामिर न्यौपाने (प्र. अ.)

३४ श्री हेमन्ता निरोला प्र० अ

३५. श्री. इन्द्र माया गुरुङ प्र. अ.

३६. श्री दुर्गादेवी डाँगी प्र-अ०



Scanned with CamScanner